# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत नेपाली विषयमा स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ विषयपरिचय

भूपेन्द्र सुवेदी मोफसलमा बसेर सिर्जनामा क्रियाशील समसामयिक युगका साहित्यकार हुन् । उनको जन्म पश्चिम नेपालको पहाडी जिल्ला प्यूठानको टारी गाउँमा मध्यमवर्गीय परिवारमा १९९५ सालमा भएको हो । उनले प्रारम्भिक शिक्षा घरमै बाबुसँग प्राप्त गरेका थिए । पछि बाबुले भूपेन्द्रका निम्ति टारीकै टोपाराम सुवेदीसँग घरमै पढ्ने व्यवस्था मिलाइदिएका थिए । अलि पाको उमेर भएपछि मात्र प्यूठानको पहिलो स्कुल मुक्ति हाई स्कुलमा कक्षा ४ मा भर्ना भई उनले औपचारिक अध्ययन सुरु गरेका थिए । बाबुले उनलाई सधैं महाभारत, रामायण र हितोपदेश वाचन गर्न लगाउँथे त्यसकारण भूपेन्द्र सुवेदीलाई नजानिँदो किसिमले सानै उमेरदेदखि साहित्यप्रति झुकाव बढ्न थालेको देखिन्छ । बनारस गएर एडमिसन (एस.एल.सी समकक्ष) परीक्षा दिएलगत्तै उनले आफूले नै पढेको स्कुलमा पढाउन सुरु गरेको देखिन्छ । २०१६ सालदेखि २०५५ सालसम्म उनले मुक्ति हाई स्कुलमा स्थायी शिक्षकका रूपमा काम गरेका थिए । शिक्षणपेसामा रहँदासम्म सुवेदीले आफ्ना लेखरचनाहरू विभिन्न राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा प्रकाशित गराउँदै आएका थिए । २०५५ सालमा शिक्षणपेसाबाट निवृत्त भएपछि २०५९ सालमा उनको 'उपालम्भ' खण्डकाव्य प्रकाशित भयो । यो उनको पहिलो कृति हो । त्यसपछि उनको 'एक मूल एकाउन्न फूल' (लघुकथासङ्ग्रह २०६१) 'भावनाका लहरहरू' कविता, गीत र गजल सङ्ग्रह (२०६२) एवम् 'बिना भुटनको च्वाइँ' (निबन्धसङ्ग्रह २०६३) प्रकाशित भएका देखिन्छन् । यी कृतिहरूले भूपेन्द्र सुवेदीलाई प्यूठानका स्थापित साहित्यकारका रूपमा

परिचित गराएका छन् । यिनै भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधकार्यको विषय हो ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा २०२० सालदेखि नै आफ्ना लेखरचनाहरू राष्ट्रिय र स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित गराउँदै आएका भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित प्रस्तुत शोधकार्य निम्नलिखित शोधसमस्याहरूमा केन्द्रित रहेको छ :

(१) भूपेन्द्र सुवेदीको जीवनी के कस्तो छ ?

(२) उनका व्यक्तित्वका मूल पाटाहरू के कस्ता छन् ?

(३) उनका साहित्यिक कृतिहरू के कस्ता छन् ?

## १.५ शोधकार्यको उद्देश्य

भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरूको अध्ययन गर्नु प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य हो । यस शोधपत्रका मुख्य उद्देश्यहरूलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

१) साहित्यकार भूपेन्द्र सुवेदीको जीवनीका विविध पक्षहरू केलाउनु ।

२) उनका व्यक्तित्वका विविध पाटाहरू केलाउनु ।

३) उनका साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

आधुनिक स्रोत, साधन र सुविधाबाट वञ्चित रहेर पनि साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका भूपेन्द्र सुवेदी बहुमुखी प्रतिभा हुन् । जीवनभर शिक्षणपेसा अँगालेका सुवेदी यस पेसामा रहुन्जेल साहित्यमा छिटफुट रचनाबाहेक उनका पुस्तकाकार कृतिहरू छापिएका थिएनन् । जब उनी शिक्षणपेसाबाट निवृत्त भए, उनले एकपछि अर्को साहित्यिक कृतिहरू प्रकाशित गर्न थालेको देखिन्छ । शिक्षण र सिर्जनाका क्षेत्रमा मात्र नभएर स्थानीय स्तरमा खुलेका धेरैजसो संघसंस्थामा उनको संलग्नता रहेको देखिन्छ । यस्ता बहुमुखी साहित्यकार भूपेन्द्र सुवेदीका बारेमा र उनका कृतित्वका बारेमा समालोचकहरूले सामान्य रूपमा चर्चा गरेको पाइए पनि समग्र रूपमा उनको जीवनी,

व्यक्तित्व र कृतित्वको अध्ययन गरेको भने देखिँदैन । उनका बारेमा गरिएका छिटफुट अध्ययनहरूको कालक्रमिक सर्वेक्षण र समीक्षा तल प्रस्तुत गरिएको छ :

(१) केशव सुवेदीले ‘मध्यपश्चिमका कविता’ (२०५३) नामक ग्रन्थमा ‘रापतीका कविताः पृष्ठभूमि र परम्परा’ शीर्षकको अनुसन्धानात्मक लेखनमा प्यूठानको कवितापरम्पराको चर्चा गर्ने क्रममा ‘सन्देश’ र ‘सुमन’ लगायतका विभिन्न पत्रपत्रिकाका माध्यमबाट प्यूठानबाट कवितासृजनाका फाँटमा देखा परेका प्रतिभाका रूपमा भूपेन्द्र सुवेदीलाई चिनाउने प्रयास गरेका छन् ।

(२) राष्ट्रकवि माधवप्रसाद घिमिरेले भूपेन्द्र सुवेदीको ‘उपालम्भ’ खण्डकाव्य (२०५९) मा भूमिका प्रस्तुत गर्ने क्रममा सपनाजस्तो चमत्कारी शैलीमा विपनाको जस्तो मार्मिक सत्य बोल्ने निमुखाका कवि भूपेन्द्र सुवेदीका मुखबाट यस्तै मार्मिक अरू काव्य र कविता मुखरित भइरहून् भन्ने कामना गरेका छन् ।

(३) सूर्य थापाले ‘छोटो र चुस्त छ’ ‘उपालम्भ’ शीर्षकमा ‘बुधवार’ (वर्ष ८ अङ्क २९, २०६० जेठ २ गते) मा वर्गविभाजित समाजमा शोषणका विविध चरित्रहरू हुन्छन् भन्दै शोषणकै जगमा उभिएर समाजलाई धराशायी पार्ने तत्त्वलाई सुवेदीले यस काव्यका शब्द र भावमा उतारेका छन् भनी टिप्पणी गरेका छन् ।

(४) राजेन्द्र सुवेदीले भूपेन्द्रको ‘एक मूल एकाउन्न फूल’ (लघुकथासङ्ग्रहः २०६१) को भूमिका लेख्ने क्रममा सुवेदीका कथामा आकृति र आयतनमा सङ्क्षिप्तता निर्वाह भएको छ र तिनले मानवजीवनका विविध खाले विसङ्गति र विडम्बनायुक्त सत्यलाई उद्घाटन गर्ने प्रयास गरेका छन् भन्ने टिप्पणी गरेका छन् ।

(५) आधुनिक नेपाली कथासाहित्यका उत्कृष्ट साहित्यकार गोरखबहादुर सिंहले ‘एक मूल एकाउन्न फूल’ (लघुकथासङ्ग्रहः २०६१) को भूमिका लेख्ने क्रममा भूपेन्द्र सुवेदीले तयार पारेको यो चटनी मीठो छ, शुद्ध छ र विषादि प्रयोग नगरिएका गोलभेँडा, अदुवा, टिमुर र खुर्सानीको चटनीले जिब्रो ट्वाक्क पारेजस्तै यिनका कथाले पाठकका हृदयलाई स्पर्श गर्न सक्छन् भन्ने धारणा व्यक्त गरेका छन् ।

(६) नारायणप्रसाद शर्माले ‘भावनाका लहरहरू’ गीत, गजल, कविताको सङ्ग्रह (२०६२) मा भूमिका लेख्ने क्रममा भूपेन्द्र सुवेदीको कवित्व शक्तिले निकै उचाइ छोएको छ र विविध शास्त्रीय छन्दमा सहज, सरल र सुबोध ढङ्गले उनले कविता रचेका छन् भन्ने

धारणा व्यक्त गरेका छन् । साथै शर्माले भूपेन्द्रका कवितालाई दृष्टिगत गर्दा उनका कवितामा आधुनिकता, प्रगतिशीलतासहित कला र भावको उच्च संयोजन भएको पाइन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

(७) डा. गोविन्द आचार्यले यसै 'भावनाको लहरहरू' (२०६२)मा समीक्षात्मक भूमिका प्रस्तुत गर्दै प्रायः अविधार्थमा सरल भाषाको प्रयोग गरी आफ्ना मनका भावना अभिव्यक्त गर्न रुचाउने सुवेदीले प्रस्तुत सङ्ग्रहमार्फत विविध विषय, विधा र चेतनाको पहिचान दिने प्रयास गरेका छन् भन्ने टिप्पणी गरेका छन् ।

(८) विष्णु गिरीले 'प्यूठानको माटोमा धेरै मलजल गरे भूपेन्द्र सरले' भन्दै २०६२ जेठ १३ गते 'बुटवल टुडे' मा प्यूठान जिल्लामा आधुनिक साहित्यको जग बसाउने मध्येका एक जना मानिने भूपेन्द्रले लेखेका कृतिहरू पाठकका लागि मीठो खुराक बन्न गएका छन् भनी टिप्पणी गरेका छन् ।

(९) पद्मप्रसाद शर्माले 'भावनाका लहरहरू' सङ्ग्रहलाई लिएर 'युगबोध' दैनिक (२०६२ असार १ गते शुक्रवार) मा यस कृतिलाई भूपेन्द्रको तेस्रो सन्तानका रूपमा चिनाउँदै गद्यपद्यका साथै गीत-गजलमा पनि उक्तिकै कलम चलाउने भूपेन्द्र सुवेदीको कवित्वशक्तिका बारेमा टिप्पणी गरेका छन् ।

(१०) हास्यव्यङ्ग्यकार रामकुरमार पाँडेले भूपेन्द्र सुवेदीकोः 'बिना भुटनको च्वाइँ' नामक हास्यव्यङ्ग्यसङ्ग्रह(२०६३) मा भूमिका लेखेका छन् । त्यसमा पाँडेले भूपेन्द्रका निबन्धहरू भुटनको च्वाइँ नगरी बन्ने परिकारको स्वादभन्दा स्वास्थ्यवर्धक र सन्तुलित खानाझैँ छन् भन्ने टिप्पणी गरेका छन् । यसै गरी पाँडेले भूपेन्द्रका निबन्धमा ढाड खुस्काउने गरी व्यङ्ग्य गरिएको छ भन्ने विचार पनि व्यक्त गरेका छन् ।

(११) पद्मप्रसाद शर्माले 'युगबोध' (२०६३ भाद्र १०) मा भूपेन्द्र सुवेदीको 'बिना भुटनको च्वाइँ' को समीक्षा गर्दै उनको यस व्यङ्ग्यसङ्ग्रहले चारैतिर छाल हानेको छ, सबै पेसा, तह र तप्काका मानिसलाई च्वाँस्स घोचेकै छ भनी चर्चा गरेका छन् ।

(१२) भीम अधिकारीले भूपेन्द्र सुवेदीको 'बिना भुटनको च्वाइँ' (२०६३) को 'माण्डवी' साप्ताहिकमा समीक्षा गर्दै यिनका निबन्धमा मानिसहरूमा रहेको अहङ्कार बडप्पन, आडम्बर, बिनातुकको दम्भ, प्रभुत्वजस्ता मानवीय मनोवृत्तिको खुलासा गरिएको छ

भन्दै टिप्पणी गरेका छन् । यस पूर्वाध्ययनमा केवल सुवेदीका निबन्धको मात्र चर्चा गरिएको छ ।

यसरी भूपेन्द्र सुवेदीको कृतित्वका बारेमा हालसम्म भएगरेका अध्ययनहरू यिनै हुन् र यी कुनै पनि पूर्वाध्ययनहरूले भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र विवेचना प्रस्तुत गर्न सकेका छैनन् । तर भूपेन्द्रका कृतिविशेषका बारेमा लेखिएका उपर्युक्त भूमिका र लेखहरू यस शोधकार्यका निम्ति मार्गदर्शक चाहिँ रहेकै छन् ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । सुवेदी अझै पनि साहित्यसृजनामा निरन्तर लागिरहेकाले यस शोधपत्रमा सुवेदीका २०६३ असारसम्म प्रकाशित कृतिहरूको मात्र अध्ययन-विश्लेषण गरिएको छ ।

## १.९ सामग्री-सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मूलतः पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । आवश्यकताअनुसार स्वयम् शोधनायक भूपेन्द्र सुवेदी, उनका आफन्त, परिवार तथा उनका बारेमा जानकारी राख्ने विभिन्न व्यक्तिहरूसँग सोधपुछ गरी सामग्रीसङ्कलन गरिएको छ । सङ्कलन गरिएका सामग्रीहरूलाई उपयुक्त किसिमले वर्गीकरण एवम् सामान्यीकरण गरी जीवनीपरक तथा प्रभावपरक समालोचना पद्धति एवम् सम्बद्ध विधासिद्धान्तलाई आधार बनाई तिनको विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद : | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | भूपेन्द्र सुवेदीको जविनीको अध्ययन |
| तेस्रो परिच्छेद | : | भूपेन्द्र सुवेदीको व्यक्तित्वको अध्ययन |
| चौथो परिच्छेद | : | भूपेन्द्र सुवेदीका साहित्यिक कृतिहरूको विश्लेषण |
| पाँचौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

उपर्युक्त पाँच परिच्छेदमा सङ्गठित यस शोधपत्रलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ । शोधपत्रका अन्त्यमा प्रस्तुत शोधपत्र तयार पार्दा अध्ययन गरिएका सामग्रीहरूको विवरण प्रस्तुत गरिएको छ

# दोस्रो परिच्छेद

## भूपेन्द्र सुवेदीको जीवनीको अध्ययन

### २.१ जन्म र जन्मस्थान

भूपेन्द्र सुवेदीले हालको राप्ती अञ्चल, प्यूठान जिल्लाको मध्य भाग तथा भिमरुकको दाहिने किनारमा अवस्थित टारी (टारखेत भएकाले टारी नाम रहन गएको) गाउँमा विक्रम संवत् १९९५ असार २५ (तदनुसार सन् १९३८ जुलाई ११) का दिन पिता कुलराज सुवेदी र माता पद्मादेवी सुवेदीका कोखबाट छैटौँ सन्तानका रूपमा यस धरतीमा पाइला टेकेका हुन् ।[१]

### २.२ पारिवारिक पृष्ठभूमि तथा बाल्यकाल

भूपेन्द्र सुवेदी सुवेदी थरका भारद्वाजगोत्रीय ब्राह्मण कुलमा जन्मिएका हुन् । टारीका सुवेदीहरूको पुर्ख्यौली थलो गुल्मीको चन्द्रकोट हो ।[२] भूपेन्द्र सुवेदीका पुर्खाका सम्बन्धमा खोजबिन गर्दा उनीभन्दा छ पुस्तापूर्वका वैकुण्ठ सुवेदीसम्मको पुस्तावली प्राप्त भएको छ । यिनै वैकुण्ठ सुवेदीका छोरा पुरुषोत्तम बाबुलाई साथमा लिएर गुल्मीको चन्द्रकोटबाट बसाइँ सरी प्यूठानको सदरमुकाम खलङ्गाको दक्षिणपश्चिममा पर्ने भैरमडाँडामा बस्न थालेका थिए । पुरुषोत्तम टाठाबाठा भएकाले पछि भैरमडाँडा छोडी सदरमुकाम खलङ्गामै सरकारी जग्गा आफ्नो नाममा दर्ता गराई बसोबास गर्न थाले । यिनै पुरुषोत्तमले नै भिमरुकको रमणीय समथर भू-भागबाट लोभिएर त्यहाँको केही जग्गा आफ्नो नाममा दर्ता गराई उनी खलङ्गाबाट टारीमा बस्न थालेको देखिन्छ । त्यसबेला उनीहरू टारी र खलङ्गामा कोटबेसी गर्थे । टारीका सुवेदीहरूको पुस्तैनी थलो खलङ्गाको जग्गामा हालसम्म पनि एक घर सुवेदी बस्दै आएका छन् ।[३]

---

[१] शोधनायकबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] टारीका सुवदीहरूको हस्तलिखित वंशावली र शोधनायकबाट प्राप्त जानकारी ।

भूपेन्द्रका पुर्खाको सम्बन्धमा खोजबिन गर्दा वैकुण्ठका छोरा पुरुषोत्तम, पुरुषोत्तमका छोरा मणिराम, मणिरामका छोरा देवीराम, देवीरामका छोरा कुलराज र कुलराजका छोरा भूपेन्द्र सुवेदी हुन् । भूपेन्द्र सुवेदीका हजुरबुबा देवीरामका चारवटी श्रीमतीमध्ये माइली श्रीमती भीमादेवीसँग देवीरामको अन्तर्जातीय विवाह भएकाले भीमादेवीतर्फका सन्तान छेत्री भएको थाहा हुन्छ । यिनै देवीरामका छोराहरू गोविन्दराज, विश्वराज र केशवराज बाहुनीतिरका भएकाले यिनीहरू बाहुन भए भने कुलराज छेत्री भए । यी कुलराजका तीन छोरा चित्रबहादुर, हिमबहादुर र भूपेन्द्रबहादुर हुन् । भूपेन्द्र सुवेदीका हजुरबुबा देवीराम गाउँका मुखिया भएको थाहा पाइन्छ । उनी गाउँका प्रतिष्ठित व्यक्ति थिए । देवीरामपछि उनका छोरा कुलराज मुखिया नभए पनि बाबु मुखिया भएकाले उनलाई पनि मुखिया नै भन्ने गरिएको पाइन्छ । कुलराजले अरूलाई परेको बेलामा सहयोग गर्ने, गाउँघरमा हुने सामाजिक कार्यको नेतृत्व गर्ने गरेबाट गाउँघरमा उनले राम्रो प्रतिष्ठा र इज्जत आर्जन गरेको देखिन्छ ।[४]

पहाडी भू-भाग भएर पनि बस्तीयोग्य सुन्दर गाउँ टारीको मध्यमवर्गीय परिवारका कुलराजको जीवनस्तर उच्च नै देखिन्छ । सहयोगी भावना भएका कुलराज समाजसेवामा सक्रिय रहेकाले उनले गाउँलेको प्रशस्त आदर र माया प्राप्त गरेका थिए । उच्च, गम्भीर र शान्त स्वभावका साथै व्यवस्थित जीवनशैली मनपराउने बाबुका छोरा भूपेन्द्र सुवेदी पनि गम्भीर, विनम्र र कर्मशील स्वभावका देखिन्छन् ।

करिव १०/१२ वर्षसम्म भूपेन्द्र सुवेदीले बाबुआमा, दाजु तथा दिदीबहिनीसँग गाउँघरमा खेलबाडमै बाल्यकाल बिताएको देखिन्छ । उक्त अवधिमा घरमै बाबुसँग कखरा र बाह्रखरी सिकेका भूपेन्द्र सुवदीले त्यसपछि गाउँकै सुवेदी परिवारका टोपाराम सुवेदी (व्रतबन्धमा मन्त्र सुनाउने गुरुसमेत रहेका) सँग दुर्गाकवच, अर्गला, कीलक, चण्डी र अमरकोश पढेको देखिन्छ । त्यसपछि उनले १६ वर्षको उमेरमा २००७ सालको क्रान्तिपछि प्यूठान जिल्लामा खुलेको पहिलो स्कुल मुक्ति निम्न माध्यमिक विद्यालयमा कक्षा ४ मा भर्ना भई पढ्न थालेको देखिन्छ ।[५]

फुर्सदका बेला गाईवस्तु र घोडा चराउनु, डन्डीबियो खेल्नु, जङ्गली फलफूल ऐसेलु, चुत्रो र तैँजु (स्थानीय फल)का रूख चहार्नु यिनका बाल्य र किशोरकालका मुख्य गतिविधि रहेका थिए । खेलकुदमा विशेष गरी डन्डीबियो खेल्न रुचाउने भूपेन्द्र सुवेदी

[४] भूपेन्द्र सुवदीका वाल्यकालीन सँगाती झपेन्द्र वैद्यबाट प्राप्त जानकारी ।

[५] शोधनायकबाट प्राप्त जानकारी ।

आफ्ना साथीभाइहरूमाझ असाध्यै लोकप्रिय थिए ।[६] यसरी बाल्यकालबाट किशोरावस्थामा प्रवेश गरुन्जेलसम्म यिनको सरल तथा मिलनसार व्यक्तित्वको विकास हुन थालिसकेको थियो । विद्यालयमा शिक्षा आर्जन गरिरहेका अवस्थामा पढाइप्रति यिनको पर्याप्त रुचि रहेको  दखिन्छ । पढाइका साथसाथै त्यसैबेला देखि नै उनमा सृजनात्मकताका छिटफुट झिल्काहरू पनि देखापर्न थालिसकेका थिए । त्यतिखेर उनले कविता, गीत र नाटकहरू लेख्ने र स्कुलमा आयोजित विशेष कार्यक्रममा प्रस्तुत गर्ने सिलसिला सुरु गरिसकेका थिए । यसप्रकार किशोर अवस्थादेखि नै बीजारोपण भएको उनको सृजनशील व्यक्तित्व पछि क्रमशः साहित्यकारका रूपमा विकसित हुँदै आएको पाइन्छ ।

## २.३ शिक्षादीक्षा

भूपेन्द्र सुवेदीको पढाइप्रति उनका बाबु कुलराज र माइला दाजु हिमबहादुर सुवेदीले विशेष रुचि लिएको देखिन्छ । भूपेन्द्रलाई बाबु कुलाराजले कखरा र बाह्रखरी घरमै पढाएपछि अनौपचारिक पढाइको व्यवस्था मिलाइदिएका थिए । तदनुसार उनले आफ्नै गाउँका र आफ्नै वंशका टोपाराम सुवेदीबाट चण्डी र अमरकोश पढेको देखिन्छ । तीक्ष्ण बुद्धिका भूपेन्द्रले एकपटक पढेको कुरा कण्ठस्थ भन्न सक्दथे । सानै उमेरमा चण्डी पढेकाले दसैँमा चण्डी पाठ गर्दा उनी सबैभन्दा छिटो र राम्रो पाठ गर्थे र त्यसबखत आफ्ना गुरुहरूबाट स्यावासीसमेत पाएको थाहा पाइन्छ ।[७]  १६ वर्षको उमेरपछि मात्र उनी मुक्ति माध्यमिक विद्यालयमा कक्षा ४ मा भर्ना भएका थिए । यसरी उमेरमा पाको र पढाइ पनि राम्रो भएकाले उनले कक्षा ४ बाट ६ र ९ मा उक्लँदै आफ्नो विद्यालयीय शिक्षा पूरा गरेको देखिन्छ । उनी १९ वर्षको उमेरमा कक्षा ९ मा अध्ययनरत रहँदा उनलाई पितृवियोग परेको थियो ।[८] पितृवियोगको दुःखद घटनाले गर्दा उनको पढाइमा एक वर्ष अवरोध सृजना भएको थियो । तर माइला दाजु हिमबहादुर सुवेदीको शिक्षाप्रतिको मोह र आफूले पढन नपाए पनि भाइ शिक्षित होस् भन्ने चाहनाले गर्दा उनकै प्रेरणा र रेखदेखमा भूपेन्द्रले पढाइ सुरु गरे र उनले २०१३ सालमा बनारसको हिन्दू विश्वविद्यालयबाट ‘एडमिसन’ अर्थात एस.एल.सी परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ । उक्त परीक्षा दिई गाउँ फर्केपछि उनले आफूले पढेकै स्कुल मुक्ति माध्यमिक विद्यालयमा शिक्षकका रूपमा काम गर्न थालेका थिए । भूपेन्द्र सुवेदीको पढाइप्रति तीव्र चाहना थियो । तर पनि उनले पढाइमा मात्र ध्यान दिन पाएनन् । बाबुको देहावसानपछि दाजुहरू छुट्टिएर बस्न

[६] भूपेन्द्र सुवदीका वाल्यकालीन सँगाती झपेन्द्र वैद्यबाट प्राप्त जानकारी ।

[७] भूपेन्द्र सुवेदीका गुरु कुलचन्द्र सुवेदीबाट प्राप्त जानकारी ।

[८] शोधनायकबाट प्राप्त जानकारी ।

थालेका र आमालाई भूपेन्द्रले नै हेर्नुपर्ने परिस्थिति सृजना भएकाले उनका अगाडि जागिर गर्नुपर्ने बाध्यता पैदा भएको थियो । फलस्वरूप उनले स्कुलमा पढाउने काम थाले । यस क्रममा उनले एक वर्ष प्यूठानको उत्तर लुङमा अवस्थित धर्मोदय प्राथमिक विद्यालय र २०१५ सालतिर गुल्मी जिल्लाको पुर्कोट मेहलपोखरी प्राथमिक विद्यालयमा पढाएका थिए । यसै बीच २०१६ सालमा उनले भारतको उत्तरप्रदेश अन्तर्गतको बोर्ड अफ हाइस्कुल एन्ड इन्टरमिडियट एजुकेशनबाट प्राइवेट परिक्षार्थीका रूपमा तेस्रो श्रेणीमा आई.ए. उत्तीर्ण गरेको देखिन्छ । उता यिनको शिक्षणकार्य चाहिँ निरन्तर जारी रह्यो ।[९]

नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुने क्रममा २०३२ सालदेखि प्यूठानमा पनि नयाँ शिक्षा लागू भयो । त्यसपछि उनले २०३३ मा त्रि.वि.बाट १० महिने सेवाकालीन शिक्षक तालिम लिने अवसर पाए र त्यसैबेला प्राइवेट परीक्षार्थीका रूपमा बी.ए. को परीक्षा दिई २०३४ सालमा तृतीय श्रेणीमा उत्तीर्ण गरेका थिए । औपचारिक अध्ययन स्नातकसम्म भए पनि सुवेदीले स्वअध्ययनको क्रम भने छाडेका छैनन् । यसरी शिक्षणपेसा र पारिवारिक दायित्वले गर्दा उनको एम.ए. गर्ने धोको भने अधुरै रहेको देखिन्छ ।[१०] बुबा छँदादेखि नै रामायण, हितोपदेश, महाभारत आदि वाचन गरेर सुनाउने भूपेन्द्र सुवेदीले भानुभक्त आचार्य, लेखनाथ पौड्याल, माधवप्रसाद घिमिरेजस्ता नेपाली साहित्यकारहरूका कृतिहरूको अध्ययन गरेको देखिन्छ । एकातिर नेपाली साहित्यका विभिन्न कृतिहरूको अध्ययन र अर्कातिर विभिन्न हिन्दी साहित्यका कथा, उपन्यास र अङ्ग्रेजी नाटककार सेक्सपियरका नाटकहरूको अध्ययन गर्न रुचाउने सुवेदी आफू स्वयम् पनि सृजनातिर आकर्षित भएको देखिन्छ ।

## २.४ विवाह तथा पारिवारिक जीवन

भूपेन्द्र सुवेदीको पहिलो विवाह २०१० सालमा प्यूठान जिल्लाको पुण्यखोलाका गोविन्द्रबहादुर थापाकी छोरी सत्यवती थापासँग भएको थियो । सानै उमेरमा बाबुआमाले विवाह गरिदिएकाले यी दुईबीच त्यति राम्रो सम्बन्ध हुन सकेन । बिहे भएको ५ वर्षपछि २०१५ सालमा घर छोडी माइतमा बसेकी सत्यवतीले अर्को विवाह गरेपछि २०१६ मा भूपेन्द्र सुवेदीले प्यूठान जिल्लाकै उत्तरी भेगमा पर्ने लुङ गाविस निवासी तत्कालीन फौज तारादल पल्टनका हबल्दार बेगमबहादुर के.सी तथा सुभद्रा के.सी.की एकमात्र छोरी

[९] पूर्ववत् ।

[१०] ऐजन ।

जानकी के.सी.सँग दोस्रो विवाह गरेको देखिन्छ । प्यूठानका प्रतिष्ठित खानदानी लुँगाली खत्री परिवारमा जन्मेकी जानकीको र भूपेन्द्र सुवेदीको दाम्पत्य जीवन सुमधुर रहेको देखिन्छ । आफ्नो जीवनयात्रामा २०१८ सालमा भूपेन्द्रदम्पतिलाई प्रथम सन्तानको सुखद प्राप्ति भयो । ६ सन्तानका मातापिता यी दम्पतिका तीन छोराहरू क्रमशः सुरेन्द्र (२०२१) नरेन्द्र (२०२३) र पुष्पेन्द्र (२०२५) तथा तीन छोरीहरू क्रमशः सुशीला (२०१८), भावना (२०२८) र रचना (२०३१) भएको देखिन्छ । यीमध्ये सुवेदीकी जेठी छोरीले त्यति पढ्न पाइनन् तर अरू सबै छोराछोरीले स्नातक तह उत्तीर्ण गरी विभिन्न संस्थामा जागिरे जीवन बिताइरहेको देखिन्छ ।[११]

आफ्नो स्वभावसँग तालमेल राख्नसक्ने र रुचिहरूमा पूर्ण ध्यान पुऱ्याइदिने आफ्नी सह-धर्मिणीबाट भूपेन्द्र सुवेदी पूर्ण सन्तुष्ट देखिन्छन् । परिवार सञ्चालन र छोराछोरीको शिक्षादीक्षामा पूर्ण जिम्मेवारीका साथ लागिपरेकी श्रीमतीको सहयोगले नै भूपेन्द्र सुवेदीको जीवन र परिवार सुशिक्षित एवम् सुसंस्कृत बन्न पुगेको देखिन्छ । त्यस्तै भूपेन्द्रको साहित्यप्रतिको रुचिमा श्रीमतीबाट पूर्ण सहयोग र साहित्यसृजनाका क्रममा उपयुक्त वातावरण प्रदान गरिँदै आएको पाइन्छ ।[१२] आफू प्रतिष्ठित परिवारमा जन्मेर पनि पुरातन संस्कारका कारण पढ्न नपाएकोमा जानकी सुवेदीलाई धेरै पछुतो छ । आफूले पढ्न नपाए पनि माइतीमा आफ्ना दाजुभाइ शिक्षित भएकाले त्यसैको प्रभावमा जानकीले जतिसुकै दुःखकष्ट बेहोरेर भए पनि आफ्ना छोराछोरीको पढाइप्रति विशेष जोड दिंदै आएको देखिन्छ ।[१३]

यसरी भूपेन्द्रदम्पतिको आपसी समझदारी र शिक्षाप्रतिको अनुरागले यिनीहरूको परिवार ज्ञानआर्जनमा हरदम लागिपरेको देखिन्छ । परिवार, जागिर, अध्ययन तथा साहित्यसिृजनाका क्रमलाई यथासम्भव सन्तुलित राख्न प्रयत्नशील भूपेन्द्र सुवेदीको पारिवारिक यात्रा सुखद एवम् सुव्यवस्थित ढङ्गले चलेको देखिन्छ । २०४९ साल भदौदेखि श्रीमती जानकीका दुईवटै आँखा एक्कासि बन्द भएपछि तुरुन्तै आँखा जचाउँदा आँखाको समस्या नभई मुटुका कारण दृश्यशक्ति क्षय हुँदै गएको पाइएकोले यिनले मुटुको नियमित औषधीसेवन गर्नुपरेको देखिन्छ । यसबाहेक परिवारका अन्य सदस्यहरूलाई कहिल्यै ठूलो

---

[११] शोधनायककी श्रीमती जानकी सुवदीबाट प्राप्त जानकारी ।

[१२] शोधनायकबाट प्राप्त जानकारी ।

[१३] शोधनायककी श्रीमती जानकी सुवदीबाट प्राप्त जानकारी ।

बिमार नलागेकाले यिनीहरूको परिवारले हाँसीखुसी सन्तोषपूर्ण जीवन व्यतीत गर्दै आएको देखिन्छ ।[१४]

## २.५ कार्यक्षेत्र तथा आजीविका

आर्थिक स्थिति मध्यमखालको भए पनि पहाडी परिवेश र त्यसको प्रभावले गर्दा भूपेन्द्र सुवेदीले विद्यालय र विश्वविद्यालयका पूर्णकालीन विद्यार्थी भई आफ्नो व्यक्तित्व निर्माण गर्ने वातावरण पाएनन् । एस.एल.सी. परीक्षा दिएलगत्तै यिनी हालको मुक्ति माध्यमिक विद्यालयमा अध्यापक भई शिक्षणपेसामा प्रवेश गरेका थिए । यसपछि अध्ययन र जागिरलाई सँगसँगै अगाडि बढाउन थालेका सुवेदीले २०१२ सालदेखि नै नि.मा.वि. स्तरको शिक्षकको अस्थायी नियुक्ति पाई मुक्ति हाइस्कुलमा पढाउन थालेको देखिन्छ । त्यसपछि घरमा बसेर पढाइलाई निरन्तरता दिन अलि कठिन भएकाले र शिक्षणपेसालाई पनि निरन्तरता दिने उद्देश्यले २०१४ सालमा प्यूठानकै लुङमा अवस्थित धर्मोदय प्रा.वि.मा एक वर्ष अध्यापनकार्य गरेको देखिन्छ । यस विद्यालयमा पारिश्रमिक अलि थोरै पाइने भएकाले भूपेन्द्र सुवेदीले अलि बढी पारिश्रमिक पाउने उद्देश्यले २०१५ सालमा गुल्मी जिल्लाको मेहलपोखरी प्राथमिक विद्यालयमा पढाएको देखिन्छ ।[१५] यसैबीचमा आई.ए. उत्तीर्ण गरेका सुवेदीले गुल्मीको उपयुर्क्त स्कुल छोडी पूनः मुक्ति माधयमिक विद्यालयमा नि.मा.वि. स्तरको शिक्षकको स्थायी नियुक्ति पाई पढाउन थालेको देखिन्छ । त्यसपछि निरन्तर शिक्षणपेसामा नै समर्पित भएका सुवेदीले शिक्षणपेसाका उत्तरार्धमा प्यूठान जिल्लाको एकमात्र क्याम्पस स्वर्गद्वारी क्याम्पसमा २०३८ देखि २०४५ सम्म आंशिक शिक्षकका रूपमा नेपाली विषय अध्यापन गरेको देखिन्छ । उनी आफ्नो अध्यापनकार्यमा कर्तव्यनिष्ठ एवम् उत्तरदायी थिए । पठनपाठनको निम्ति तयारी गर्नुपर्ने र समयाभावले गर्दा सो गर्न नभ्याइने देखी उनले २०४५ पछि क्याम्पसको अध्यापन कार्य छोड्नु परेको देखिन्छ । तर मुक्ति माध्यमिक विद्यालयमा उनले आफ्नो शिक्षणकार्यलाई २०१६ देखि जारी राखेका थिए र २०५५ असार २४ सम्म अनवरत रूपमा उनले सो सेवा गरेका थिए । सुवेदीले त्यहाँ प्रथमतः २०१६ देखि २०२४ सम्म अङ्ग्रेजी विषय पढाएको देखिन्छ भने २०२४ देखि २०५५ सम्म उनले त्यही नै अनिवार्य नेपाली विषय पढाएको देखिन्छ । यसरी

---

[१४] शोधनायकबाट प्राप्त जानकारी ।

[१५] ऐजन ।

भूपेन्द्र सुवेदी जीवनभर नै चक र डष्टरसँग मात्र रमाएको देखिन्छ । आफ्नो जीवनमा उनले शिक्षणपेसाबाहेक अन्य पेसा अँगालेको देखिँदैन ।[१६]

यसरी सुरुदेखि अन्त्यसम्म नै शिक्षणपेसामा आवद्ध भई मिहिनेतपूर्वक शिक्षासेवाको कार्यमा जुटेका सुवेदी आफ्नो पेसामा अत्यन्त इमानदार एवम् कर्तव्यनिष्ठ र लगनशील भएर लागेको देखिन्छ ।[१७] शिक्षणपेसा आफ्नो रुचिअनुसारको पेसा भएकाले पनि सुवेदी पूर्णरूपमा यस पेसामा समर्पणपूर्वक लागेको देखिन्छ । यसप्रकार यिनको जीविकाको मूल स्रोत जागिर नै भएको र आफ्नै गाउँ टारीमा भएको पैतृक जग्गाजमिनको आय एवम् पछि आफैले बर्दिया जिल्लामा जोडेको चार विघा जग्गा अनि नेपालगञ्ज, कोहलपुरको घरबाट आउने आम्दानी नै यिनको परिवारको आजीविकाको मुख्य स्रोत रहेको देखिन्छ ।

## २.६ आर्थिक अवस्था

पहाडी जिल्ला प्यूठानको मध्यमवर्गीय परिवारमा जन्मिएका भूपेन्द्र सुवेदी मध्यवित्त पारिवारिक वातावरणमा हुर्किएको देखिन्छ । सानै उमेरमा नै शिक्षणपेसामा संलग्न भूपेन्द्र सुवेदीको आजीविकाको मूल आधार शिक्षणपेसाबाट आउने तलब नै हो । हाल शिक्षकपेसाबाट निवृत्त भएकाले उनले पेन्सन र पैतृक सम्पत्तिबाट आफ्नो परिवार चलाउँदै आएको देखिन्छ । प्यूठानमा खेतबारीबाट हुने उब्जनी र बर्दियामा भएको ४ विघा जग्गाको आम्दानी तथा कोहलपुरमा भएको घरबाट आउने भाडा नै उनको आर्थिक उपार्जनको स्रोत भएको थाहा पाइन्छ । सुवेदीको हालको आर्थिक अवस्थालाई हेर्दा उनका छोराछोरी सबै आ-आफ्ना खुट्टामा उभिइसकेका हुनाले पनि उनको आर्थिक अवस्था राम्रै रहेको देखिन्छ । उनको तत्कालीन आर्थिक अवस्थालाई हेर्दा उनले छोराछोरीको खर्चपर्च खासै बेहोर्नु नपर्ने भएकाले पनि उनको पेन्सन र जग्गाजमिनबाट हुने आम्दानीले उनको घरपरिवार राम्रै किसिमले चल्दै आएको देखिन्छ । यस परिप्रेक्षयमा भूपेन्द्र सुवेदीको आर्थिक स्थितिलाई सन्तोषजनक नै भन्न सकिन्छ ।

## २.७ रुचि तथा स्वभाव

सानैदेखि पढ्नलेख्न र चिन्तनमनन गर्न रुचाउने सुवेदी कर्मठ र कामप्रति लगनशील व्यक्तित्व हुन् । यिनले फुर्सदको समयमा प्रायः नेपाली र हिन्दी साहित्यका विभिन्न कृतिहरूको अध्ययन गर्न रुचाउँछन् । आफ्नो पेसा, परिवार एवम्

---

[१६] शोधनायकबाट प्राप्त जानकारी ।

[१७] भूपेन्द्रका सहकर्मी हुकुमबहादुर विष्टबाट प्राप्त जानकारी ।

साहित्यसृर्जनालाई एकैचोटि लैजाँदा उनको लेखनमा त्यति निरन्तरता आउन सकेको देखिँदैन । शिक्षणपेसामा संलग्न हुँदा कहिलेकाहीँ पत्रपत्रिकामा मात्र आफ्ना लेखरचना प्रकाशित गराएका सुवेदीले २०५५ सालमा शिक्षणपेसाबाट अवकाश लिएपछि मात्र पुस्तकाकार कृति प्रकाशन गर्न थालेको देखिन्छ । फुर्सदको समयमा घरकै कामधन्दामा व्यस्त हुन मनपराउने सुवेदी लेख्ने मुड भएमा र त्यसका निम्ति फुर्सद निकाल्न सकेमा लेखनकार्यमा लाग्ने गरेको देखिन्छ । सुवेदी ज्यादाजसो साँझको समयमा नै साहित्यसृजनामा लाग्ने गरेको जानकारी पाइन्छ ।[१८] फुर्सद मिलेको समयमा कविता, कथा, हास्यव्यङ्ग्य र निबन्ध पढ्ने सुवेदीले विश्वप्रसिद्ध कृति ‘युद्ध र शान्ति’, ‘आमा’, ‘ह्यामलेट’, ‘किङलियर’, ‘भेनिसको व्यापारी’ आदि प्रसिद्ध कृतिहरूको अध्ययन गरेका छन् । साहित्यिक विधाहरूमा पनि कविता विधा बढी मन पराउने सुवेदीले कविताबाट नै आफ्नो साहित्यिक यात्रा सुरु गरेको देखिन्छ ।

सबैसँग विनम्र बोलीव्यवहार गर्ने भूपेन्द्र सुवेदीले खानपानमा सामान्य नेपाली खाना रुचाउँछन् । खानामा उनले दाल र दूध अनिवार्य खोज्ने गरेको देखिन्छ ।[१९] भेषभूषामा चाहिँ उनी सुरुवाल, कमिज, कोट, पाइन्ट, सर्ट र टोपी लगाउन मन पराउँछन् । धेरै जसो सर्ट, पाइन्ट, कोट र टोपीमा सजिएर हिँड्ने सुवेदीको मन पर्ने रङ खैरो हो ।[२०]

ईश्वरप्रति विश्वास नभए तापनि परम्परागत संस्कारलाई मिच्न नसक्ने भूपेन्द्र सुवेदीले ईश्वरप्रतिको आस्थालाई ठूलाबडाले आफ्नो प्रभुत्व जमाउन देखाएको बाहिरी आडम्बरमात्र हो भन्ने गरेको पाइन्छ । उनका विचारमा ईश्वर भन्नु नै मानवता हो । मानवसेवामा संलग्न हुनु नै सबैभन्दा ठूलो धर्म हो भन्ने विचार उनले राख्ने गरेका छन् । उनको यस्तो स्वभाव र विचारले गर्दा उनका भदा देवेन्द्रकुमार रिजाल भन्छन् “मैले कम्युनिस्टहरू देखेको थिएँ तर उहाँजस्तो व्यावहारिक कम्युष्टि मैले बिरलै देखेको छु ।” यस भनाइबाट भूपेन्द्रमा अन्तर्निहित समभावको वैशिष्ट्य झल्किन्छ । विद्यार्थी जीवनदेखि नै सहनशील, इमानदार र सबैको प्रियपात्र बनेका सुवेदी सोझा र कर्मयोगी छन् ।[२१]

---

[१८] शोधनायककी श्रीमती जानकी सुवेदीबाट प्राप्त जानकारी ।

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] शोधनायकका गुरु टङ्केश्वरबाट प्राप्त जानकारी ।

साथीभाइका माझ पनि अत्यन्तै प्रिय रहेका भूपेन्द्रले कहिल्यै कसैसँग वैमनस्य गरेको देखिँदैन ।[२२]

## २.८ सिर्जनाका निम्ति प्रेरणा, प्रभाव र परिवेश

भूपेन्द्र सुवेदीको पारिवारिक परिवेश खासै साहित्यानुरागी नभए पनि उनका बाबु कुलराजले सानैदेखि उनलाई रामायण, महाभारत र हितोपदेश वाचन गरेर सुनाउन लगाउँथे । यसै पृष्ठभूमिमा नजानिदो पाराले भूपेन्द्रमा साहित्यप्रतिको रुचि पलाउन थालेको देखिन्छ । त्यस्तै विद्यालयमा अध्ययन गर्दा विद्यालयले सञ्चालन गर्ने शुक्रवारे अतिरिक्त क्रियाकलापमा सामान्य गीत र कविता वाचन गर्ने र राम्रो हुँदा गुरुहरूबाट स्याबासी प्राप्त गरेबाट पनि उनी सृजनाका निम्ति चाहना राख्दै गएको थाहा पाइन्छ । आदिकवि भानुभक्त आचार्य र लेखनाथ पौड्यालका छन्दमा लेखिएका कविता पढेर नै सुवेदीले छन्दमा कविता लेख्न कोसिस गर्न थालेका थिए । २०३२ सालमा नेपालमा राष्ट्रिय शिक्षापद्धति लागू भएपछि कक्षा ९ र १० को नेपाली विषयका पाठ्यक्रममा चारवटा छन्द पनि राखिएको थियो । यसपछि सुवेदीलाई बाध्य भई छन्दको अनुशासनबारे सिक्नपरेको देखिन्छ ।[२३] यसपछि सुवेदीले अरू छन्दमा पनि रुचि राखेर छन्दानुशासन सिके र छन्दमा कविता लेख्न सुरु गरे । शिक्षणपेसामा संलग्न सुवेदीले विद्यालयमा हुने सबैजसो कार्यक्रमहरूमा कविता, गीत, नाटक सुनाउने गर्न थाले र यो क्रम लामो समयसम्म चल्यो । शिक्षणपेसामा संलग्न भएका सुवेदीले त्यहाँ रहँदा स्थानीय र राष्ट्रिय स्तरका केही पत्रपत्रिकामा आफ्ना लेखरचनाहरू पनि प्रकाशित गरे । स्थानीय स्तरमा आयोजना हुने साहित्यिक गोष्ठी र प्रतियोगितामा सधैं जसो कवितामा प्रथम हुने सुवेदीले शिक्षणपेसाबाट निवृत्त भएपछि परिवारमा पनि विशेषतः छोराहरूको सहयोगबाट आफ्ना रचनाहरू पुस्तकाकार रूपमा प्रकाशित गर्न थालेको  देखिन्छ । यसरी सुवेदीलाई उत्तरवर्ती चरणमा सृजनामा उत्प्रेरित गर्ने काम उनका छोराहरूले पनि गरेको देखिन्छ । आफ्ना सृजनामार्फत समाजमा विद्यमान विकृति र विसङ्गतिलाई चिरफार गर्नसक्ने खुबी भएका भूपेन्द्र सुवेदीको हास्यव्यङ्ग्य ‘बिना भुटनको च्वाइँ’ ‘स्वर्गद्वारी’ एफ.एम. दाङबाट नियमित रूपमा हप्ताको एक घन्टा प्रसारित भएको थाहा हुन्छ । सो कार्यक्रम दाङका पत्रकार पीताम्बर

[२२] शोधनायकका सहकर्मी दधिराम गौतमबाट प्राप्त जानकारी ।

[२३] शोधनायकबाट प्राप्त जानकारी ।

रिजालले सञ्चालन गर्छन् ।[२४] यस प्रसङ्गबाट पनि भूपेन्द्र सुवेदी साहित्यसृजनामा अझ उत्साहित एवम् सक्रिय रहेको पाइन्छ ।

त्यसैगरी स्थानीय स्तरमा बेलाबखत आयोजना गरिने विभिन्न साहित्यिक गतिविधि तथा साहित्यकारहरू बीचको जमघटले पनि यिनलाई साहित्यिसृजनामा थप प्रेरणा मिलेको देखिन्छ । स्थानीय स्तरमा आयोजना हुने साहित्य सम्बन्धि विविध चर्चा, परिचर्चा र अर्न्तक्रियाले पनि यिनलाई सृजनामा हौसला मिलेको देखिन्छ । सुरुसुरुमा फुर्सदको समयमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र माधवप्रसाद घिमिरेका लेखरचनाहरू पढ्न मनपराउने सुवेदीले सेक्सपियरका नाटकहरू र विभिन्न हिन्दी उपन्यासबाट साहित्यसृजनामा उत्प्रेरित भएको देखिन्छ । यीबाहेक प्रत्यक्षभन्दा परोक्ष र बाह्य भन्दा आन्तरिक प्रेरणा र प्रोत्साहनले नै महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसरी सुवेदी कुनै विशेष घटनाक्रम र प्रभावका कारणबाट नभई स्वतःस्फुर्त रूपमा साहित्यसृजनामा संलग्न भएको देखिन्छ ।

## २.९ साहित्यसृजनामा संलग्नता

साहित्यकार भूपेन्द्र सुवेदी साहित्यसृजनामा संलग्न भएको साढे चार दशक भइसकेको छ । उनले अनौपचारिक रूपमा विद्यार्थी जीवनमा नै स्कुलको शुक्रवारे कार्यक्रम र अतिरिक्त कार्यक्रमहरूमा गीत र कविता सुनाउने गरेको थाहा पाइन्छ ।[२५] पछि शिक्षणपेसामा संलग्न भएपछि पनि उनले बेलाबखत विद्यालयमा आयोजना हुने सांस्कृतिक कार्यक्रममा गीत रचेर विद्यार्थीलाई सिकाउने र यस्ता कार्यक्रममा विद्यार्थीहरूलाई प्रोत्साहन गरेको देखिन्छ ।[२६]

यसरी अनौपचारिक रूपमा थुप्रै साहित्यिक गोष्ठीहरू र प्रतियोगिताहरूमा आफ्नो सृजनात्मक सक्रियता देखाइसकेका भूपेन्द्र सुवेदीले औपचारिक रूपमा भने २०२१ सालमा बनारसबाट प्रकाशित 'सन्देश' पत्रिकामा 'के कसरी' शीर्षकमा पाँच श्लोकमा संरचित फुटकर कविता छपाएको देखिन्छ । राष्ट्रिय स्तरमा प्रकाशित हुने पत्रपत्रिका 'मधुपर्क' 'गोरखापत्र' र 'गरिमा'मा आफ्ना लेखरचाहरू प्रकाशित गराएका सुवेदीले स्थानीय स्तरमा प्रकाशित हुने 'सुमन' 'युगबोध' र 'प्यूठान समाचारपत्र'मा पनि आफ्ना लेखरचनाहरू

[२४] पत्रकार पीताम्बर रिजालबाट प्राप्त जानकारी ।

[२५] शोधनायकबाट प्राप्त जानकारी ।

[२६] भूपेन्द्र सुवेदीका विद्यार्थी विकास विष्टबाट प्राप्त जानकारी ।

प्रकाशित गराएको पाइन्छ । शिक्षणपेसामा रहँदासम्म थुप्रै लेखरचनाहरू पत्रपत्रिकामा प्रकाशित गराएका सुवेदीले शिक्षणपेसाबाट निवृत्त भएपछि मात्र पुस्तकाकार कृति प्रकाशन गराएको देखिन्छ । मूलतः साहित्यमा कथा, कविता, गीत, गजल मुक्तक, खण्डकाव्य र हास्यव्यङ्ग्य लगायतका विधामा कलम चलाउँदै आएका सुवेदीको खास रुचिचाहिँ कविता विधामै रहेको देखिन्छ । यिनका हालसम्म प्रकाशित कृतिहरू हुन्. उपालम्भ (खण्डकाव्यः २०५९), 'एक मूल एकाउन्न फूल' (लघुकथासङ्ग्रह. २०६१) 'भावनाका लहरहरू' (समस्यापूर्ति, पद्यकविता, हाइकु, गजल, मुक्तक र गीतको सङ्ग्रह. २०६२) 'बिना भुटनको च्वाइँ' (हास्यव्यङ्ग्यसङ्ग्रहः २०६३) हुन् ।

## २.१० संस्थागत संलग्नता

बनारस गएर प्रवेशिका परीक्षा दिई फर्किआएपछि शिक्षणपेसामा संलग्न रहेका भूपेन्द्र सुवेदी जागिरमा शिक्षणबाहेक अरू पेसामा लागेको देखिँदैन । यसबाहेक स्थानीय स्तरका थुप्रै संघसंस्थामा संलग्न रही उनले आफ्नो सामाजिक व्यक्तित्वको परिचय पनि दिएका छन् । सुवेदी आफ्नो विद्यार्थी जीवनमा २०१३ सालमा दाङप्यूठान छात्रमण्डलका साधारण सदस्य थिए । शिक्षणपेसामा संलग्न रहँदा उनी अन्य सामाजिक संघसंस्थामा खासै संलग्न भएनन् । उक्त पेसाबाट निवृत्त भएपछि प्यूठानका संघसस्थामा यिनको संलग्नता रहेको देखिन्छ । उमेरले सत्तरी वर्षको आसपासमा पुगेका सुवेदीमा अहिले पनि उही युवाजोश र जाँगर देखिन्छ । अझै पनि उनी प्यूठानी माटोलाई मलजल गर्न प्रयत्नशील छन् । उनी प्यूठानमा २०३७ मा सामाजिक सेवा गर्ने उद्देश्यले खुलेको संस्था रेयुकाइका आजीवन सदस्य छन् र यसमार्फत् उनले समाजसेवाका कार्यहरू गर्दै आएका छन् ।

यसैगरी शिक्षणपेसामा संलग्न रहेकै बेला आफूले पढाउँदै आएको नेपाली विषयमा विद्यार्थीलाई हौसला प्रदान गर्नका लागि भूपेन्द्र सुवेदीले २०४७ सालदेखि एस.एल.सी परीक्षामा नेपाली विषयमा सबैभन्दा धेरै अङ्क ल्याउने विद्यार्थीलाई ५०० रुपियाँ र रजतपदकसहितको पुरस्कार दिने व्यवस्था गरेको थाहा पाइन्छ र यस संस्थाको नाम भूजा पुरस्कार गुठी राखिएको छ । भूपेन्द्रको 'भू' र जानकीको 'जा' अर्थात श्रीमानश्रीमतीको नामको अघिल्ला अक्षरबाट खोलिएको यो भूजा पुरस्कार गुठी सुरुमा ५,१०० रुपियाँको

अक्षयकोशबाट खडा भएको थियो भने अहिले आएर यस गुठीको अक्षयकोश ८,००० रुपियाँ पुऱ्याइएको देखिन्छ ।[२७] २०५२ सालमा स्थापना भएको 'प्यूठान साहित्य परिषद्'मा सुवेदी २०५८ सालदेखि २०५६ सालसम्म सदस्य र २०५६ सालदेखि हालसम्म अध्यक्षका रूपमा क्रियाशील रहिआएका छन् । स्थानीय स्तरका सृजनामा संलग्न व्यक्तिलाई समेटेर साहित्यिक गतिविधि सञ्चालन गर्ने उद्देश्यले खोलिएको यस संस्थाद्वारा बेला-बेलामा आयोजना हुने साहित्यिक गोष्ठी र प्रतियोगितामा भूपेन्द्र सुवेदी सक्रिय रूपमा सक्रियता देखाउँदै आएको पाइन्छ । भनिन्छ, शिक्षक समाजलाई सही दिशामा डोऱ्याउने पथप्रदर्शक हो । त्यसैले एउटा निष्ठावान् शिक्षक भूपेन्द्र सुवेदी आफ्नो पेसामा मात्र सीमित नभएर बूढाका लागि लौरो, रोगीका लागि औषधी र गरिबका लागि अन्नदाता बन्ने दिशातर्फ पनि क्रियाशील भएको देखिन्छ । यस्तै २०६० सालमा प्यूठानमा एम्बुलेन्ससेवा सञ्चालन भएपछि उनी यसका पनि अध्यक्ष बनेका छन् । स्थानीय स्तरमा ६ लाख नगद सङ्कलन गरी एम्बुलेन्स सेवा सञ्चालन गर्न थालिएको थियो । यसबाट गाउँघरका धेरै बिरामीहरूले समयमा औषधोपचार पाई अकालबाट बच्ने सौभाग्यसमेत पाएको देखिन्छ ।

२०६१ सालदेखि भूपेन्द्र सुवेदी रेडक्रसजस्तो सामाजिक सेवामा संलग्न संस्थाका आजीवन सदस्य बनेका छन् । स्थानीय युवाहरूका निम्ति दरिला खम्बा बनेका सुवेदी युवालाई समाजका लागि केही गरौँ भनी उत्प्रेरित गर्न प्रयत्नशील देखिन्छन् । २०६१ सालदेखि टारीमा खुलेको जनसेवा युवा क्लबका पनि उनी आजीवन सदस्य हुन् । विद्यार्थी जीवनदेखि नै वामपन्थी विचारधारामा आस्था राख्ने भूपेन्द्र सुवेदी ने.क.पा एमालेको भातृ संगठन 'प्यूठान बुद्धिजीवी परिषद'का सदस्य भएर पनि काम गर्दै आएका छन् । लामो समयसम्म शिक्षणपेसामा संलग्न भएर काम गरेका भूपेन्द्र सुवेदीमा यस पेसाबाट निवृत्त भएपछि पनि समाजका लागि केही गरौँ भन्ने भावना भएको देखेर प्यूठान जिल्ला शिक्षा कार्यलयले २०६३ असार ३० गतेदेखि उनलाई शिक्षकहरूको 'दरबन्दीमिलान समिति'को सदस्यमा पनि नियुक्त गरेको देखिन्छ । यसरी स्थानीय स्तरका विभिन्न संघसंस्थामा संलग्न सुवेदीले आफूलाई क्रियाशील समाजसेवीका रूपमा स्थापित र प्रतिष्ठित तुल्याएको देखिन्छ ।

## २.११ सम्मान तथा पुरस्कार

प्यूठानमा जन्मी प्यूठानमा नै हुर्केका र आफ्नै ठाउँको मुक्ति माध्यमिक विद्यालयमा जीवनभर चक र डस्टरसँग खेलेका भूपेन्द्र सुवेदी समाजका उदाहरणीय व्यक्तित्वका रूपमा चिनिन्छन् । शिक्षणपेसाबाट निवृत्त भइसकेपछि पनि स्थानीय स्तरका विभिन्न

[२७] मुक्ति मा.वि.का प्र.अ. हुकुमबहादुर बिष्टबाट प्राप्त जानकारी ।

संघसंस्थाको क्रियाकलापमा व्यस्त रहने सुवेदीलाई प्यूठानी समाजले बेलाबखत विभिन्न प्रकारका सम्मानहरूले सम्मानित गरेको देखिन्छ ।

भूपेन्द्र सुवेदी सृजनाशील साहित्यकार हुन् । २०२१ सालदेखि साहित्यमा अनवरत रूपमा संलग्न सुवेदीले स्थानीय स्तरमा आयोजना हुने साहित्यिक प्रतियोगितामा आफ्नो प्रतिभा देखाउने गरेको थाहा पाइन्छ । उनी पहिलोपल्ट २०२० सालमा प्यूठानमा आयोजित ँविराट साहित्य सम्मेलन'मा समस्यापूर्ति कविता लेखेर प्रथम भएको देखिन्छ । यसैगरी प्यूठानमै आयोजित २०२२ सालको ँविराट साहित्य सम्मेलन'मा निबन्ध प्रतियोगितमा द्वितीय भएको देखिन्छ । यस्तै शिक्षाक्षेत्रमा लामो समयसम्म योगदान पुऱ्याउँदै आएकाले जिल्ला विकास समिति प्यूठानले शिक्षादिवसको अवसर पारेर उनलाई नगद पुरस्कार र सम्मानपत्र प्रदान गरेको देखिन्छ ।

प्राय: स्थानीय संस्कृति भूगोल र समाजका बिम्बप्रतिबिम्ब टिपेर आफ्ना कविता, गीत, गजल रच्ने कवि भूपेन्द्र सुवेदीले जिल्ला रेयुकाइद्वारा आयोजित जिल्ला स्तरीय प्रतियोगितात्मक कवि गोष्ठी (२०४९) मा 'भिmमु्रकको सुसेली' नामक कवितामा प्रथम पुरस्कार प्राप्त गरेका थिए ।

त्यस्तै २०५० सालको शिक्षादिवसको अवसरमा 'शिक्षक र उनको दायित्व' विषयक कविताप्रतियोगितामा पनि उनी प्रथम भएको देखिन्छ । उनी प्यूठानमा आयोजना हुने कविताप्रतियोगितमा प्राय:जसो प्रथम भएको थाहा पाइन्छ । यीबाहेक लामो समयसम्म शिक्षणपेसामा संलग्न सुवेदीलाई राष्ट्रिय शिक्षक संगठनले २०५१ र २०५६ मा कदरपत्र प्रदान गरेको थियो । यसरी भूपेन्द्र सुवेदी पुरस्कार र सम्मानद्वारा पुरस्कृत एवम् सम्मानित हुँदै आएका छन् र यसबाट उनी प्यूठानी समाजमा आदरणीय बन्न पुगेका देखिन्छन् ।

# तेस्रो परिच्छेद

## भूपेन्द्र सुवेदीको व्यक्तित्वको अध्ययन

### ३.१ शारीरिक व्यक्तित्व र स्वभाव

शारीरिक व्यक्तित्वका दृष्टिले भूपेन्द्र सुवेदी लाम्चो अनुहार भएका, दुब्लापातला, होँचो कदका, गाला भित्रपसेका गहुँगोरो वर्णका सामान्यतः नेपालीको स्वरूपसँग मिल्दाजुल्दा देखिन्छन् । उनी सदैव बाह्य रूपमा हँसिला र चनाखा देखिन्छन् । उनको अनुहार हेर्दा निश्छल, स्वाभिमानी, सरल तथा मिलनसार देखिन्छ । उनको विनम्र, उपकारी तथा स्वाभिमानी स्वभाव अनुहारबाटै झल्कन्छ । सचेतता, कर्मशीलता, विवेकशीलता र लगनशीलताजस्ता मानवीय आदर्श झल्कने व्यक्तित्वका धनी भूपेन्द्र सुवेदी ज्यादै स्वाभिमानी छन् । हरेक कामकुरामा विचार पुऱ्याएर मात्र निर्णय गर्ने हुनाले यिनका आफन्तलगायत इष्टमित्रहरू कुनै पनि व्यावहारिक सरसल्लाहका लागि यिनीमाथि निर्भर रहेको थाहा पाइन्छ ।[२८] सकारात्मक सहयोगको अपेक्षा राख्नेहरूलाई आफ्नो बर्कतले भ्याएसम्म सहयोग गर्न रुचाउने सुवेदीमा बनावटीपन देखिँदैन । यिनी सरल मिजासका धनी देखिन्छन् ।[२९] हँस्यौलो र ठट्यौलो स्वभावका सुवेदी ईश्वरप्रति विश्वास नराख्ने भए पनि यिनी परम्परा भने मिच्न नसक्ने बताउँछन् । भूपेन्द्र आफ्ना सम्पर्कमा आउने हरेक व्यक्तिसँग विनम्रतापूर्वक बोल्ने र आत्मीय व्यवहार गर्छन् । यिनी आफ्ना कारणले अरूलाई दुःख नहोस् भन्ने चाहना राख्छन् ।[३०] भेषभूषामा सर्ट, पाइन्ट, कोट र टोपी लगाउन रुचाउने र खानामा दाल, भात, तरकारी नै रुचाउने भूपेन्द्र सुवेदीलाई साँझ बिहान दुवै समयमा खानामा दाल र दूध चाहिन्छ । माछा, मासु खान नछाडे पनि मांसाहार खासै मन नपराउने सुवेदी खानामा पिरो पनि रुचाउँदैनन् ।[३१] हालसम्म सामान्य रुघाखोकीबाहेक अरू ठूलो बिमारी नभएका सुवेदी स्वस्थ र फुर्तिला देखिन्छन् ।

सरल, मिजासिला र ठट्यौला स्वभावका धनी भूपेन्द्र सुवेदीको सङ्गत प्रायः स्थानीय स्तरका साहित्यमा रुचि राख्ने व्यक्ति, समाजसेवीहरू र आफन्तहरूसँग भएको देखिन्छ । आफ्ना ठाउँमा समयसमयमा आयोजना हुने साहित्यिक गोष्ठी र अन्य कुनै पनि साहित्यिक कार्यक्रममा उनी परिस्थितिले साथ दिएसम्म पुग्ने गरेको पाइन्छ । स्थानीय स्तरमा खुलेका धेरैजसो संघसंस्थामा संलग्न सुवेदी प्रायः तिनका बैठक र कार्यक्रमहरूमा

[२८] शोधनायकका भदा विष्णु सुवेदीबाट प्राप्त जानकारी ।

[२९] शोधनायकका भाइ भुवनेश्वर सुवेदीबाट प्राप्त जानकारी ।

[३०] ऐजन ।

[३१] शोधनायककी श्रीमती जानकीबाट प्राप्त जानकारी ।

व्यस्त भएको देखिन्छ ।[३२] फुर्सदको समयमा पत्रपत्रिका पढ्ने र टेलिभिजनको समाचार हेर्नसुन्न रुचाउने सुवेदी राति चाँडै सुत्ने र बिहान चाँडै उठ्ने गरेको देखिन्छ ।[३३] उनी समयको पनि असाध्यै ख्याल राख्छन् र हरेक काम ठीक समयमा नियमित रूपमा सम्पन्न गर्न रुचाउँछन् । भूपेन्द्र सुवेदीको बाह्यआन्तरिक व्यक्तित्व र स्वभावका खासखास वैशिष्टय यिनै हुन र यिनै विशेषताले गर्दा उनी समाजमा आफ्नै स्वभाव र शैलीका व्यक्तित्वका रूपमा परिचित छन् ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

### ३.२.१ शिक्षक व्यक्तित्व

२०१३ सालमा एस.एल.सी परीक्षा दिएलगत्तै शिक्षणपेसामा प्रवेश गरेका सुवेदी जीवनभर नै शिक्षणपेसामा संलग्न रहेको देखिन्छ । एस.एल.सी परीक्षा दिएपछि आफूले अध्ययन गरेकै विद्यालय मुक्ति माध्यमिक विद्यालयमा पढाउन थालेका थिए । त्यसपछि आफ्नो पढाइलाई निरन्तरता दिने उद्देश्यले एक वर्ष प्यूठानकै उत्तरपूर्वमा पर्ने लुङको धर्मोदय प्राथमिक विद्यालय तथा २०१५ सालभरि गुल्मी जिल्लाको मेहलपोखरी प्राथमिक विद्यालयमा पढाउँदै स्वअध्ययनमा लागेका सुवेदीले २०१६ देखि २०५५ सम्म स्थायी शिक्षकका रूपमा मुक्ति माध्यमिक विद्यालयमा नै अध्यापन कार्य गरेको देखिन्छ । उनले २०१६ देखि २०२४ सम्म मुक्ति माध्यमिक विद्यालयमा अनिवार्य अङ्ग्रेजी विषय पढाएका थिए भने २०२४ देखि २०५५ सम्म उनले त्यही नै नेपाली विषय पढाएको देखिन्छ । उनी नेपाली विषयका शिक्षक भएकाले उनलाई कतिपयले त भूपेन्द्र गुरु पनि भन्ने गरेको पाइन्छ ।

यसरी भूपेन्द्र सुवेदी सुरुदेखि नै शिक्षणपेसामा सक्रिय भएको पाइन्छ र यसकै परिणामस्वरूप उनी एक कुशल शिक्षक बन्न पुगेको देखिन्छ । विद्यार्थीले राम्ररी नबुझ्नेसम्म दोहोऱ्याईतेहऱ्याई झर्को नमानी सिकाउने सुवेदीले मीठो स्वरमा आफ्ना विद्यार्थीलाई कविता वाचन गर्न सिकाउँथे ।[३४] उनको विद्यार्थीलाई हप्काएर र तर्साएरभन्दा सम्झाइबुझाइ गरेर पढाउने बानी थियो । उनी विद्यार्थीका गुरुमात्र नभई परिचित सबैका गुरु थिए र आवश्यक परेका बेला जो-कोहीलाई पनि आफूले जानेका कुराहरू सिकाउन

[३२] शोधनायककी श्रीमती जानकी सुवेदीबाट प्राप्त जानकारी ।

[३३] ऐजन ।

[३४] भूपेन्द्र सुवेदीका विद्यार्थी भीमप्रसाद पुलामीबाट प्राप्त जानकारी ।

सक्ने क्षमताका कारण उनले गुरुको गौरव प्राप्त गरेका छन् र स्थानीय समाजमा कुशल शिक्षक व्यक्तित्वका रूपमा परिचित छन् ।[३५]

### ३.२.२ साहित्यकार व्यक्तित्व

सृजनशील व्यक्तित्व नै भूपेन्द्र सुवेदीको महिमाशाली एवम् प्रमुख व्यक्तित्व हो । आफ्नो विद्यार्थी जीवनदेखि नै उनले साहित्यसृजनामा रुचि लिन थालेका थिए । प्रथमतः स्थानीय स्तरका र पछि राष्ट्रिय स्तरका पत्रपत्रिकामा आफ्ना लेखरचनाहरू प्रकाशित गराउँदै आएका सुवेदीले अहिलेसम्म चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित गराइसकेको देखिन्छ । तिनै कृतिहरूका माध्यमबाट उनले नेपाली भाषासाहित्यको श्रीवृद्धि गर्नमा योगदान पुऱ्याएको देखिन्छ ।

बहुमुखी प्रतिभासम्पन्न भूपेन्द्र सुवेदीका पद्यतर्फ एउटा खण्डकाव्य र प्रशस्त फुटकर कविता, मुक्तक, गीत, गजल, हाइकु, समस्यापूर्ति प्रकाशित भएका छन् । गद्यतर्फ कथा र हास्यव्यङ्ग्य रचना प्रकाशित भएका छन् । यसरी साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका सुवेदीको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरू यसप्रकार छन् ।

**क) कवि:** भूपेन्द्र सुवेदी नेपाली साहित्यमा कविका रूपमा सुपरिचित व्यक्तित्व हुन् । उनले प्रशस्त फुटकर कवितादेखि लिएर समस्यापूर्ति, हाइकु, मुक्तक, गीत, गजल र खण्डकाव्यसमेत रचना प्रस्तुत गरेको देखिन्छ । आफ्नो साहित्यिक यात्राको प्रथम चरणदेखि नै कवितासृजनामा रुचि राख्ने भूपेन्द्र सुवेदीको सबैभन्दा पहिलो प्रकाशित कविता कृति 'के कसरी' शीर्षकमा लेखिएको पाँच श्लोके अन्त्यानुप्रासयुक्त कविता हो ।[३६] यसै कविताबाट उनीभित्रको कवित्वशक्ति प्रस्फुटित हुन थालेको थियो । यसपछि विभिन्न पत्रपत्रिकाका माध्यमबाट उनले आफ्ना रचनाहरू प्रस्तुत गर्दै गएको देखिन्छ । शिक्षणपेसामा संलग्न रहेका सुवेदीले यस पेसाबाट निवृत्त भएपछि मात्र साहित्यसृजनातर्फ बढी समय दिन पाए । २०५९ सालमा उनको 'उपालम्भ' नामक खण्डकाव्य प्रकाशित भयो । यसैगरी कविका रूपमा चिनाउने अर्को कविताकृति 'भावनाका लहरहरू' (२०६१) हो । यस कृतिमा उनका समस्यापूर्ति, पद्यकविता गजल, गीत, मुक्तक र हाइकु सङ्कलित छन् । यस सङ्ग्रहमा सुवेदीले २०२० सालदेखि २०६१ सालसम्मका अवधिमा सृजना गरेका रचनाहरू सङ्कलित छन् । यसरी थुप्रै फुटकर कविता र खण्डकाव्य रचना गरेर भूपेन्द्र सुवेदीले आफूलाई कवि व्यक्तित्वका रूपमा स्थापित गरेका छन् ।

---

[३५] शोधनायकका विद्यार्थी टीकाराम शर्माबाट प्राप्त जानकारी ।

[३६] बलबहादुर महतरा 'नेपाली साहित्यमा प्यूठान जिल्लाको योगदान' (त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६१) पृष्ठ ५० ।

**ख) कथाकारः** भूपेन्द्र सुवेदीले 'एक मूल एकाउन्न फूल' नामक लघुकथासङ्ग्रह प्रकाशित गराएर आफूलाई कथाकार व्यक्तित्वका रूपमा पनि परिचित गराएका छन् । कथाकारका रूपमा लघुकथाहरू लेख्न रुचाउने कथाकार सुवेदीको प्रस्तुत सङ्ग्रहमा ५१ वटा लघुकथाहरू सङ्कलित छन् । वर्तमान नेपाली समाजका अव्यवस्था र अपसंस्कृतिका माध्यमबाट जन्मेका विकृतिहरूलाई उनले आफ्ना लघुकथाका विषय बनाएका छन् र आफ्ना कथामार्फत उनले समकालीन नेपाली जीवनका यथार्थहरूलाई प्रस्तुत गरेका छन् ।

**ग) हास्यव्यङ्ग्यकारः** भूपेन्द्र सुवेदी हास्यव्यङ्ग्यनिबन्धकार पनि हुन् । उनको 'बिना भुटनको च्वाइँ' शीर्षकको हास्यव्यङ्ग्यसङ्ग्रह पनि प्रकाशित भएको छ । मानिसमा रहेका अहङ्कार, बढप्पन, आडम्बर, बिनातुकको दम्भ, प्रभुत्वजस्ता मनोवृत्तिको खुलासा गर्ने ध्येयले उनले हास्यव्यङ्ग्यात्मक रचनाहरू लेख्ने गरेको देखिन्छ । उनले समाजमा विद्यमान दमन, अन्याय, अत्याचार, अन्धविश्वास एवम् सामाजिक, आर्थिक, राजनीतिक र प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूप्रति तीखो व्यङ्ग्य गरेका छन् । सुधारवादी चेतनाले रङ्गिएका उनका हास्यव्यङ्ग्यले यथार्थको चित्रण गर्दै आदर्शतर्फको सङ्केत पनि गरेका देखिन्छन् । उखानटुक्काहरूको प्रचुर प्रयोग एवम् आलङ्कारिक भाषाशैली, सूक्ष्म हास्य र चोटिलो व्यङ्ग्यसहित हास्यव्यङ्ग्यात्मक रचनाहरू लेख्ने भूपेन्द्र सुवेदीले आफ्नो कुशल व्यङ्ग्यकार व्यक्तित्वको परिचय पनि दिएका छन् ।

### ३.२.३ समाजसेवी व्यक्तित्व

प्रत्येक मानिसको आआफ्नै प्रकारको सामाजिक सम्बन्ध हुन्छ । समाजविहीन निरपेक्ष भएर कुनै पनि व्यक्ति बाँच्न नसक्ने भएकाले उसले समाजसँगको आफ्नै प्रकारको सम्बन्ध राखेको हुन्छ । यसक्रममा कसैले सक्रियतापूर्वक समाजमा प्रत्यक्ष रूपमा गहन भूमिका खेलेका हुन्छन् भने कोही सामाजिक गतिविधिमा कम संलग्न रहेर वा तटस्थ रहेर परोक्षतवरबाट सामाजिक सम्बन्ध स्थापित गरेका हुन्छन् । यसैगरी कसैले बदलिँदो परिस्थिति अनुकूल सामाजिक मूल्य र मान्यतामा आफूलाई समाहित गर्दै सामाजिक परिवर्तनमा अप्रत्यक्ष तवरबाट सेवा पुऱ्याइरहेका हुन्छन् । यस्तैखाले मानिसको समूहमा भूपेन्द्र सुवेदी पनि पर्छन् ।

विद्यार्थी जीवनदेखि नै प्रगतिशील विचारबाट प्रभावित भएका भूपेन्द्र सुवेदी समाजका दुःखीहरूप्रति सहानुभूति र सद्भाव राख्छन् । यस्तै धर्मका नाममा ठूलाबडाहरूले समाजमा थिचोमिचो गर्दै आएका छन् भन्ने धारणा राख्ने सुवेदीले धर्मलाई शोषण गर्ने माध्यमका रूपमा लिएको पाइन्छ । यस्तै साहित्यलाई समाजको ऐना भन्न रुचाउने सुवेदीले साहित्यका माध्यमबाट पनि समाज सुधारका स्वर अभिव्यक्त गर्दै आएका छन् ।

यीबाहेक स्थानीय स्तरका विभिन्न सामाजिक संघसंस्थामा संलग्न भएर पनि उनले आफ्नो समाजसेवी व्यक्तित्वको परिचय दिंदै आएका छन् ।

वस्तुतः शिक्षणपेसा पनि एक प्रकारले समाजसेवा नै हो । २०१३ देखि २०५५ सम्म शिक्षणपेसामा संलग्न रहेका सुवेदी यस पेसाबाट निवृत्त भएपछि स्थानीय स्तरका विभिन्न संघसंस्थामा आवद्ध भई उनले समाजसेवाका क्रियाकलापलाई अघि बढाएको देखिन्छ । विशेषतः रेडक्रस, रेयुकाई तथा स्थानीय स्तरका क्लवहरूमा संलग्नता र सक्रियता देखाएर भूपेन्द्र सुवेदीले आफ्नो समाजसेवी व्यक्तित्वको छनक दिएका छन् । प्यूठानमा सञ्चालन भएको एम्बुलेन्स व्यवस्थापन समितिका अध्यक्ष रहेका सुवेदी २०६० सालदेखि यस समितिमा क्रियाशील रहेर रोगी-बिरामीहरूको सेवामा निरन्तर सेवा गर्दै आएका छन् । यसबाट उनी स्थानीय स्तरका समाजसेवी व्यक्तित्वका रूपमा समेत सुपरिचित हुन पुगेका छन् ।

### ३.२.४ सम्पादक व्यक्तित्व

भूपेन्द्र सुवेदी सम्पादक व्यक्तित्व पनि हुन् । उनको सम्पादक व्यक्तित्वको प्राथमिक साइनो ‘सुमन’ पत्रिकासँग जोडिएको छ । राप्तीको साहित्यिक गतिविधिमा योगदान पुऱ्याउने उद्देश्यले प्यूठानीहरूको अग्रसरतामा ‘सुमन’ पत्रिका प्रकाशित भएको थियो । ‘सुमन’ ’जनसाहित्य सभा’ प्यूठानको वार्षिक पत्रिका हो । २०१९ सालदेखि प्रकाशित हुनथालेको उक्त पत्रिकाको सम्पादनमा प्यूठानका हरिप्रसाद शर्मा, खेमराज शर्मा पण्डित, चुमानसिंह बस्नेत, वेदनिधि शर्मा, गिरबहादुर के.सी., राममणि पोखेल, मित्रमणि शर्मा, मेघराज आचार्य, शिवकुमार अधिकारी खेमबहादुर पाँडे, भूपेन्द्र सुवेदी, नन्दराज सुवेदीजस्ता थुप्रै साहित्यप्रेमी युवाहरूको श्रम र सीप परेको थियो ।[३७] यसरी भूपेन्द्र सुवेदीले ‘सुमन’ पत्रिकाबाट आफ्नो सम्पादक व्यक्तित्वको प्राथमिक परिचय दिन थालेका थिए । तर नेपालको तत्कालीन राजनीतिक परिस्थितिले गर्दा नियमित रूपमा प्रकाशित हुन नसकेको ‘सुमन’ पत्रिका २०४६ सालमा देशमा बहुदलीय प्रजातन्त्रको स्थापना भएपछि २०५६ सालबाट पुनः नियमित रूपमा प्रकाशित हुन थालेको देखिन्छ र २०५६ सालदेखि भूपेन्द्र सुवेदीले आफ्नो प्रधानसम्पादकत्वमा ‘सुमन’ पत्रिका प्रकाशित गर्दै आएका छन् ।

यसैगरी २०२० सालदेखि मुक्ति हाइ स्कुलको वार्षिक मुखपत्रका रूपमा ‘कोसेली’ पत्रिका प्रकाशित हुन थाल्यो । सुरुमा भूपेन्द्र सुवेदी, चुमानसिंह बस्नेत, शालिकराम भण्डारी, विष्णुप्रसाद सुवेदी तथा भवानीदेवी वर्माका सम्पादनमा प्रकाशित हुन थालेको यो पत्रिका पनि नियमित रूपमा प्रकाशन हुन सकेन ।[३८] जे होस्, उक्त ‘कोसेली’ पत्रिकाको सम्पादन गरेर सुवेदीले आफ्नो सम्पादक व्यक्तित्वको परिचय दिएका छन् । यस्तै भूपेन्द्र सुवेदी हाल प्यूठानबाट प्रकाशित हुने ‘प्यूठान समाचार पत्र’का सल्लाहकार पनि छन् ।

---

[३७] केशव सुवेदी, ‘रापतीका कविताः पृष्ठभूमि र परम्परा’, मध्यपश्चिमका कविता, (काठमाडौं: मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५३), पृष्ठ १३५ ।

[३८] ऐजन (पृष्ठ १३९) ।

# चौथो परिच्छेद

## भूपेन्द्र सुवेदीका साहित्यिक कृतिहरूको अध्ययन

### ४.१ भूपेन्द्र सुवेदीका कृतित्वको विवरणः

भूपेन्द्र सुवेदी पेसाले शिक्षक भएकाले यस पेसामा रहुन्जेलसम्म उनका रचनाहरू पुस्तकाकारका रूपमा देखा नपरे पनि उनका विभिन्न लेखरचनाहरू विभिन्न राष्ट्रिय र स्थानीय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् । २०२० सालतिर प्यूठानमा पनि समस्यापूर्ति लेख्ने परम्परा भएकाले सुवेदीले २०२० को 'विराट साहित्य सम्मेलन'मा 'भविष्य हाम्रो' भन्ने समस्यापूर्ति लेखी प्रथम भएका थिए । यही समस्यापूर्ति नै उनको पहिलो प्रकाशित रचना मानिन्छ । यसैगरी २०२१ सालमा बनारसबाट प्रकाशित 'सुमन' पत्रिमामा 'स्वप्नकथा' प्रकाशित भएपछि यिनको आत्मविश्वासले मूर्तरूप प्राप्त गरेको देखिन्छ । यसैबीचमा शिक्षणपेसा, आफ्नो पढाइ र परिवार सँगसँगै डोऱ्याउनुपर्ने भएकाले उनका छिटफुटमात्र लेख-रचना प्रकाशित भएका देखिन्छन् । २०५५ सालमा शिक्षणपेसाबाट निवृत्त भएपछि मात्र उनी साहित्यतिर अलिबढी लागेको देखिन्छ र साथीभाइ र घरपरिवारका सहयोग र प्रेरणाले उनले 'उपालम्भ' खण्डकाव्य प्रकाशित गरेको देखिन्छ ।

### ४.२ भूपेन्द्र सुवेदीका हालसम्म प्रकाशित कृतिहरू

(१) उपालम्भ (खण्डकाव्यः २०५९)

(२) एक मूल एकाउन्न फूल  (लघुकथासङ्ग्रहः २०६१)

(३) भावनाका लहरहरू (समस्यापूर्ति, पद्यकविता, हाइकु, गजल, मुक्तक र गीतको सङ्ग्रह. २०६२)

(४) बिना भुटनको च्वाइँ (हास्यव्यङ्ग्यसङ्ग्रहः २०६३)

भूपेन्द्र सुवेदीका यी कृतिहरूको विवेचना क्रमशः तल गरिएको छ ।

## ४.३ 'उपालम्भ' खण्डकाव्यको विवेचना

### ४.३.१ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

'उपालम्भ' खण्डकाव्यको रचना २०५९ सालमा भएको हो । भूपेन्द्र सुवेदी पेसाले शिक्षक भएकाले यस पेसामा संलग्न रहँदासम्म साहित्यिक प्रतियोगिता र गोष्ठीका लागि तथा विभिन्न राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा प्रशस्त फुटकर कविताहरू प्रकाशित गराए पनि पुस्तकाकार कृतिका रूपमा कुनै कृति नछपाएका सुवेदीले शिक्षणपेसाबाट निवृत्त भएपछि मात्र २०५९ सालमा सबै साथिभाइ र आफन्तको प्रेरणामा 'उपालम्भ' खण्डकाव्य प्रकाशित गरेको देखिन्छ । यही खण्डकाव्यले नै भूपेन्द्र सुवेदीलाई पहिलोपल्ट काव्यस्रष्टाका रूपमा परिचित गराएको देखिन्छ ।

जिल्ला स्तरका विभिन्न साहित्यिक प्रतियोगिताका कार्यक्रमहरूमा प्रायजसो प्रथम हुने र प्रशस्त फुटकर रचनाहरू विभिन्न राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा प्रकाशित भएकाले हितैषी मित्रहरूले पुस्तकाकारको रूपमा रचनाहरू प्रकाशित गर्न प्रेरित गरेको देखिन्छ । एउटा प्रतियोगितामा 'देवकोटालाई चिठी' शीर्षक कवितामा प्रथम भई अविरसहित घर आउँदा श्रीमती जानकी सुवेदीले पिँढीसाँडेको सञ्ज्ञा दिँदा एउटी अपठित महिलाको तीखो प्रहारबाट पनि सुवेदीलाई प्रसस्त प्रेरणा मिलेको देखिन्छ ।[३९] सानै उमेरमा सुवेदीका बाबु कुलराजले उनलाई महाभारत, रामायण र हितापदेश वाचन गर्न लगाउँथे । यसैबाट पनि सुवेदीलाई नजानिदो पाराले साहित्यप्रति रुचि जागेको देखिन्छ । यस्तैमा सुवेदीले कसैको धार्मिक कार्यमा आमन्त्रित हुँदा त्यहाँ एउटा मगन्ते पीडित भएको प्रत्येक्ष देखेपछि यसैको प्रभावबाट श्लोक बडबडाउन थाले । उनको त्यही बडाबडाहट 'उपालम्भ' खण्डकाव्यको नामले प्रस्तुत छ ।

यसरी भूपेन्द्र सुवेदीको यस खण्डकाव्यमा कुनै नौलो कथानक वा घटना नभई आफैले देखे, सुने र भोगको कथाव्यथालाई नयाँ धागोमा उन्ने प्रयास गरेका छन् । अर्कोतर्फ प्रभावका दृष्टिले हेर्दा सुवेदी लेखनाथ पौड्यालको 'तरुण-तपसी' खण्डकाव्यबाट पनि प्रभावित भएको देखिन्छ । यसरी यी यावत प्रसङ्गले गर्दा सुवेदीको 'उपालम्भ' खण्डकाव्य एउटा विशुद्ध सामाजिक यथार्थको गतिलो नमुना बन्न पुगेको देखिन्छ ।

[३९] शोधनायकबाट प्राप्त जानकारी

## ४.३.२ आख्यानविधान

### (क) कथानक

'उपालम्भ' खण्डकाव्यको प्रबन्धगत स्वरूपलाई हेर्दा 'निवेदन' शीर्षकबाट आरम्भ भएको छ । निवेदनमा उनले आफ्नो खण्डकाव्य लेखनको रहरबारे बयान गरेका छन् । त्यसपछि 'पूर्वप्रसङ्ग' शीर्षकमा उनले आफ्नै माटोले तान्दामा काव्यको रचनातर्फ प्रवृत्त भएको उल्लेख गरेका छन् । त्यसपछि खण्डकाव्यको विषयवस्तु आरम्भ भएको छ र त्यसलाई उनले सात कदममा विभाजन गरेका छन् । ती विभिन्न कदमहरूलाई पनि विभिन्न उपशीर्षक दिइएको छ । यस काव्यका ती विभिन्न कदमहरू र तिनका विभिन्न उपशीर्षकमा वर्णित घटनाक्रमहरूबाट देखापरेको कथानकको विकास यसप्रकार छ ।

कवि भूपेन्द्र सुवेदीले 'उपालम्भ' खण्डकाव्यमा कुनै नौलो कथानक वा घटना प्रस्तुत गर्नुभन्दा कविले देखेसुने र भोगेका कथालाई पाठकसामु राखिदिने प्रयत्न गरेका छन् । कविले खण्डकाव्यको प्रारम्भ अर्थात निवेदनमै पाठकलाई नीतिशिक्षा दिने उद्देश्यले काव्य लेख्ने रहरले गर्दा यस काव्यको रचना गरेको उल्लेख गरेका छन् । समाजका ठूलाबडा, पण्डित, धनीमान्छेहरू केवल खोक्रो आडम्बर देखाउँछन् । उनीहरू धर्मका आडमा सोझासाजा निरीह जनतालाई थिचेर आफ्नो स्वार्थ सिद्ध गर्ने काम गर्छन् । समाजमा रहेका अपाङ्ग र आश्रितहरूले भोगेको दुःख उनीहरूलाई मात्र थाहा हुन्छ भन्दै समाजमा रहेका यस्ता धूर्त मानछेहरूसँग समयमै सचेत हुन कविले यस खण्डकाव्यको सुरुमै आग्रह गरेका छन् । कविले बेलैमा समाजका मानवरूपी राक्षसलाई जरैदेखि निमोठेर फाल्नलाई यस खण्काव्यमा सोझासाजा, गरिबपीडित पात्रलाई प्रस्तुत गरेर तिनैका मुखबाट आफ्ना आदर्श विचार व्यक्त गरेका छन् । झीनो कथानक भएको यस खण्डकाव्यको नायक युवक आफै निमुखा छ । जेनतेन छ कक्षासम्म पढेको पारिवारिक स्थिति लथालिङ्ग भएकाले ऊ विदेश जान्छ । विदेशमा पनि आफ्नी आमा र जन्मठाउँलाई बिर्सन नसकी फर्केर आउँछ । देशमा राजनीतिक परिवर्तन आएको, गाउँघरमा चुनावका कुरा हुन थालेका र पठित धर्मात्माहरू र टाठाबाठाहरूले गाउँघरमा भाषण गरेको सुन्दा अब आफ्ना दुःखका दिन जान्छन् कि भन्ने आशा गर्छ । आमाछोरा बसेर दुःखसुखका गन्थन गर्दागर्दै नायक युवक थाकेकाले निदाउँछ । ऊ निदाएपछि उसको सपनामा हिमाली पाखाझैं सेताम्य कपाल भएको सिन्काजस्तै हातखुट्टा भएको लगभग नाङ्गो अवस्थाको एउटा वृद्ध उसको अगाडि हात पसार्न आउँछ । युवक यो त राक्षसै हो कि भनेर डराउँछ । ऊ डराएको देखेर वृद्धले निडर हुन सङ्केत गर्दै "म पनि मान्छे हुँ, मेरा दुःखका दिन यस

दुष्ट समाजमा कसरी बिते सुन र अब यो बनावटी समाजको रूप फेरिदेऊ” भन्दै युवकलाई आग्रह गर्छ । आफ्नो नाम जनार्दन बताउने उक्त वृद्धले पहिले आफू सामान्य हुनेखाने भएको र घुमफिर गरी दिन बिताउने गरेको हुन्छ । घरव्यवहारमा ऋण लागेपछि आफ्ना बाबुले बाँकी रहेको सम्पत्ति बेची ऋण तिरेको, त्यसपछि आफू र आफ्नो परिवार भिखारी भएको बताउँछ । आफ्ना वृद्ध आमाबाबुसहित सबैको पाटीमा बास भएपछि एकदिन भूइचालो गई पाटी भत्कँदा आमाबाबुको मृत्यु भएपछि आफूमात्र बाँचेको तर एउटा खुट्टा र एउटा आँखा गुमेको घटना सुनाउँछ । यस्तो निरीह र घाइते अवस्थमा ऊ आफूले काम गर्ने साहूकहाँ गएको तर साहूले सहानुभूति दिनुकोसट्टा उसलाई त्यहाँबाट धपाएको सम्झना सुनाउँदै समाजका यस्ता कुरूप र दुःखद घटना तिमीले लेख्नुपर्छ भन्दै त्यो वृद्ध युवकका खुट्टा समाएर रुन्छ । यस्तो अवस्था देखेपछि त्यस युवाले यी गरिबका कथाव्यथा लेख्ने अठोट गर्छ र त्यसका निम्ति कलमकापी बटुल्छ । त्यसपछि वृद्धले आफूले विभिन्न ठाउँमा जाँदा ठूलाबडाबाट पाएको कुटाइ र उत्पीडनका घटनाहरू भन्दै जान्छ । वृद्ध आफू भोको भएकोले पहिले पेटभरि खान पाउने आशामा धर्मात्माको यज्ञमा गएको कुरा बताउँछ । सोह्रश्रृङ्गार गरिएको उक्त यज्ञमा मान्छेहरू खचाखच भरिएका हुन्छन् । धर्मादत्त नाम गरेका सुजनले आयोजना गरेको उक्त यज्ञमा सबैले प्रसाद खाएको देखेपछि आफूले पनि खान पाउने आशामा वृद्धले पागलसरी माग्दा उनै धर्मात्माका भाइ दयावीर आएर रिसले मुरमुरिई लौराले जहाँ पायो त्यही पट्दिा वृद्धको अर्को खुट्टा पनि भाँचिन्छ । यसरी वृद्धका माध्यमबाट कविले हुने खानेलाई उच्च सम्मान र सत्कारका साथ खुवाइएको र गरिब, भोका निर्धाहरूलाई पेटभरि खान दिनुको सट्टा बेसरी कुटेको प्रसङ्ग समेटेका छन् । त्यसपछि वृद्धले पशुपतिनाथको महिमा सुनी भगवानको दर्शन गर्न भनी आफू पनि पशुपति गएको कुरा बताउँछ । शिवरात्रिका बेला थुप्रै मान्छे पशुपति गइरहेका हुन्छन् । तिनकै पछि लागि आफू पनि भगवानको दर्शन गर्नका लागि पशुपतिमा पुग्छ र लाइन बस्छ । आफ्नो पालामा भित्र पसी पुजारीसँग फूलप्रसाद माग्दा पुजारीले उसलाई आँखा तर्छ र पछाडिका मान्छेले ढिलो गरेको निहुँ झिकेर खातेभाते भन्दै फेरि आफूलाई गोदेको कुरा बताउँछ । यसरी हरेक पटक गरिब र असहायमाथि अन्याय गर्ने यो समाजको यथार्थ कथा उक्त वृद्धले युवकलाई सुनाउँछ । उसले आजका मान्छेले आदर्श भुल्दै गएको र हाम्रो संस्कृतिमा पनि विकार आएको बताउँछ ।

आफ्ना भोगाइहरूको वर्णन गर्दै जाने क्रममा वृद्धले एक चोटि कुबेरको छोराको बिहेमा गएको कुरा पनि बताउँछ । अत्यन्तै तडकभडकका साथ भइरहेको उक्त विवाहमा

जन्त जानका लागि ऊ पनि पछि लाग्छ । तर बाटामा उसलाई मगन्ते झुत्रे कपडा लगाएको देखी जन्तीहरूले हेप्छन् र दुलहीका घरमा पुगेपछि अनेक बिन्ती भाउ गर्दा पनि उसले प्रवेश नै पाउँदैन । यहाँ पनि उसलाई टिपेर पछार्छन् । यसरी उसले गरिब हुनुको सजाय एकपछि अर्को गरी भोगेको कुरा युवकलाई बताउँछ । आफ्ना विगत जिन्दगीका दुःखका सारा कुरा युवकसामु राख्न पाउँदा वृद्धले केही शान्ति पाएको अनुभव गर्दछ र यी सम्पूर्ण कथा झर्को नमानी लेखिदिन आग्रह पनि गर्दछ । यसरी आफूले भोगेका कुरा लेखिदिन आग्रह गर्ने वृद्धले दसैँतिहारका बेला हाम्रो समाजमा हुने हिंसाको कुरा पनि गर्दछ । दसैँतिहार अरू पर्वभन्दा आदर्श र महान् पर्व भएको प्रसङ्ग कोट्याउँदै यस्तो आर्दश पर्वमा भएको काटमारका क्रियाकलापको विरोध गर्दै वृद्धले हिंसाका विरुद्ध पनि आफ्नो विचार व्यक्त गरेको देखिन्छ । देवदेवी वा धर्मका नाममा मान्छेले पशपन्छीको हत्या गरी आफ्नो आत्मतुष्टि लिएको तर्फ सङ्केत गर्दै वृद्धले आफू पनि मीठो खान पाइन्छ कि भनेर अष्टमीको पर्वमा मेला गएको कुरो बताउँछ । त्यहाँ हजारौँ पशुपन्छीको रगत बगेको देख्दा अनायसै उसले “अधर्मी मूर्ख हो । मासु खाएर खुवै धर्म लुट्यौ” भन्दा त्यहाँ भएको भीडले बेसरी टाउकोमा हिर्काएको खत देखाउँदै त्यसलाई समाजले दिएको दसैँको उपहार भन्छ । मान्छे नाङ्गै जन्मन्छ, नाङ्गै, मर्छ, तर मान्छे किन अधर्मी छ भनी वृद्धले प्रश्न गर्दछ । समाजमा दुःखी अदनाहरू बाँचे पनि मरेसरह छन् भन्दै वृद्धले धनी र गरिब बीचको असमानताप्रति रोष प्रकट गरेको छ ।

यस्तै वृद्धले आफू अछूत हुनाको वेदना पनि युवकलाई सुनाउँछ । संसारमा नयाँनयाँ प्रविधिको विकास भए पनि त्यसको उपभोग छलछाम गरेर भए पनि धनीले मात्र पाउँछ र गरिबहरू सधैँ पछाडि छन् । समाजमा यस्तो असमानता देख्दा आफूलाई उदेक लागेको कुरा पनि वृद्धले बताउँछ । प्रचण्ड गर्मी बढेका बेला प्यास लागेर पानी माग्दा धारो देखाइदिएको र धारामा गएर पानी खाँदा धारो छोइस् भनी बेसरी कुटेको कुरा पनि वुद्धले युवकसँग  भन्छ । समाजमा हेप्नेको सङ्ख्या बढी भएको तर हेपिने थोरै भएको कुरा पनि वुद्धले गर्दछ । आखिर अछूतहरूले बनाएका भाँडाकुँडा चोखा हुने तर बनाउने मान्छे कसरी अछूत हुन्छ भन्दै वृद्ध युवकका अगाडि कराउँछ । घनघोर वर्षाको बेला एउटा ओतसम्म पनि नपाएर आँगनमा बस्दा भैँसीले दूध नदिएको निहु पारी त्यस वृद्धलाई बोक्साको आरोप लगाएको बेहोरा पनि युवकलाई बताउँछ । यसरी वृद्धमार्फत जसले जे गरे पनि सहनै पर्ने यथार्थ यस खण्डकाव्यमा देखाउन खोजिएको छ । कविले उक्त स्वप्नमा प्रकट भएको वृद्धका माध्यमबाट हाम्रा देशका नेताको पनि धज्जी उडाएका छन् ।

वृद्ध आफू घुम्दै जाँदा एकदिन कुबेर नेताको घरमा पुगेको र नेताले बुधवारकाको दिन भएकाले माग्नेलाई नदिएको प्रसङ्ग बताउँछ । यस्ता थोरै गुमाएर धेरै खान खोज्ने नेताहरूले साम, दाम, दण्ड, भेद लगाएर भए पनि आफ्नै भुँडी मात्र भर्छन् । चुनाव नजिक आउँदा सोझा जनतालाई आश्वासन बाँड्दै हिड्छन् तर चुनाव जितेपछि फर्केर गाउँ पस्दैनन् । कसैले खोजेमा वा काम गरिदिन भनेमा झर्किन्छन् । यस्ता आफूले भोगका अनगिन्ती दुःखेसो पोख्दै वृद्धले चुपचाप लागेर बस्न नहुने कुरा युवकलाई सम्झाउँछ । यसरी आफ्ना कुरा राख्न पाउँदा खुसी भएर ऊ जमिनमा ढल्छ । वृद्धका यी सब कुरा युवकले सुन्दासुन्दै सपनाबाट झसङ्ग बिउँझन्छ र वृद्धलाई खोज्छ तर पाउँदैन । सपनामा वृद्धले बयान गरेका सारा कुराहरू सो युवकले विपनामा आफैले भोगिरहेको अनुभव गर्छ र कथानक टुङ्गिन्छ ।

**(ख) पात्रविधान**

'उपालम्भ' खण्डकाव्यमा 'म' पात्र र एउटा वृद्धपात्र मुख्य पात्रका रूपमा देखा पर्छन भने गौण पात्रमा युवककी आमा, धर्मात्मा, दयावीर, नेता कुवेरजस्ता पात्र रहेका छन् । यी पात्रहरूको भूमिका काव्यमा न्यून देखिन्छ । सिङ्गो काव्यको नायक 'म' पात्रका रूपमा उपस्थित देखिन्छ । काव्यभरि नै 'म' पात्रको सपनामा देखिएको वृद्धपात्रको सक्रियता रहेको देखिन्छ । यी दुबैले सत्पात्र र गरिबको प्रतिनिधित्व गरेका छन् । खण्डकाव्यभरि नै वृद्धका दुःखदर्दका र सामाजिक विकृतिका भावसन्दर्भहरू अभिव्यक्त भएका छन् ।

'उपालम्भ' घटनाप्रधान काव्य हो । यसमा 'म' पात्र पनि आफ्ना बाबुको मृत्युपछि आमालाई घरमा एक्लै छोडेर विदेशिन्छ तर आमा र जन्मभूमिको सम्झनाले गर्दा विदेशमा बस्न नसकेर फर्केर आएपछि आमासँग दुःखसुखका कुरा गर्दै निदाएको बेला सपनामा एउटा वृद्धलाई देख्छ र त्यही वृद्धका माध्यमबाट कथानाक अगाडि बढेको देखिन्छ । 'म' पात्र युवकका सपनामा आएको वृद्ध आफूलाई समाजमा रहेका धनी र धर्मात्माहरूले थिचोमिचो गरेको कुरा लेखिदिन आग्रह गर्छ । वृद्धले एकपछि अर्को गर्दै आफूले भोगेका दुःखद घटनाहरूको बयान गर्दछ । समाजमा परम्परादेखि विद्यमान धनी र गरिब बीचको छूत र अछूत बीचको खाडल पुर्नुपर्छ र अब सहेर बस्नु हुँदैन भन्दै त्यस वृद्धले 'म' पात्रलाई समाजको यथार्थ र कुरूप चित्रको कथा लेखेर तिमीले उदाङ्गो पारिदेऊ भन्ने आग्रह गर्दछ । यसरी एउटा वृद्ध, त्यसमा पनि गरिब र आपाङ्गलाई समाजले मान्छेको

व्यवहार नगरेकाले यस्ता मानवरूपी राक्षसलाई जरैदखि उखेलेर फाल्नुपर्छ भन्ने सन्देश यस काव्यले दिन खोजेको देखिन्छ । वृद्ध, आपाङ्ग र शारीरिक दृष्टिले कमजोर भए पनि सत्पक्षको विजयका लागि 'म' पात्रलाई सजग गराउँछ । ऊ अन्याय चुपचाप सहनगर्न सक्दैन यसरी वृद्ध, खण्डकाव्यभरि कविको दृष्टिकोणको संवाहकका रूपमा देखापर्छ । वृद्धको यो नैतिक चेतना र आत्मबलिदानबाट कवि भूपेन्द्र सुवेदीमा स्वच्छन्दतावादीप्रगतिवादी कवित्वको झझल्को पाइन्छ ।

**(ग) परिवेशविधान**

'उपालम्भ' खाण्डकाव्यका सम्पूर्ण घटनाहरू घटेको देश नेपालको ग्रामीण क्षेत्र हो । त्यस क्षेत्रमा 'म' पात्र युवाका सपनामा आएको वृद्धले भोगेका सबै कठिनाइहरू समेटिएका छन् । सपनाको प्रसङ्गलाई जोडेर रचना गरिएको यस खण्डकाव्यको कार्यभूमि काठमाडौँको पशुपतिनाथसम्म पुगेको देखिन्छ । खण्डकाव्यको समय काव्यको मुख्य पात्र 'म' विदेश पुगरे फर्किएको एकडेढ वर्षको पृष्ठभूमि र सपना देखेको एक रातमात्र समेटिएको देखिन्छ । समयका हिसाबले यकिनका साथ छुट्याउन नसकिने कालगत परिवेश भए तापनि नेपालको सामाजिक, आर्थिक, राजनीतिक र धार्मिक विसङ्गतिलाई देखाउन प्रजातन्त्रप्राप्तिपछिकै समकालीन नेपाली परिवेश यस खण्डकाव्यमा आएको देखिन्छ । यज्ञ वा पूजापाठ गर्ने नेपाली सांस्कृतिक परम्परा र प्रचलन, पशुपतिको तीर्थयात्रा र शिवरात्रिको वर्णन, विवाह, जन्ती र जन्तीबाखो, दसैँ र बली, छूत र अछूतको प्रपञ्च र नेताहरूका ढोँगी व्यवहारहरूलाई काव्यका विभिन्न कदममा वर्णन गरिएको छ । यज्ञ गर्ने सुजन, पशुपतिका पुजारी, विवाहका सभ्य भनाउँदा जन्तीहरू, अछूत भनी हेप्ने माथिल्ला जाति र नेताहरूको सामन्ती हैकमवादी मानसिकतालाई कविले यस काव्यमा अभिव्यक्त गरेका छन् । यसरी प्रस्तुत काव्यमा नेपाली समाजमा विद्यमान जातीय, धार्मिक एवम् आर्थिक वर्गभेद र त्यसबाट सृजित दमन र अत्याचारको परिवेश ध्वनित भएको पाइन्छ ।

परिवेशविधानका दृष्टिले हरेक कदम (सर्ग)लाई छुट्टाछुट्टै उपशीर्षक दिएर प्रस्तुत गरिएको यस खण्डकाव्यका हरेक उपशीर्षकमा बेग्लाबेग्लै परिवेश सृजना भएको देखिन्छ । पहिलो कदममा सपनाको परिवेशबाट आख्यान सुरु गरिएको छ । दोस्रो कदममा यज्ञ गरिरहेको धार्मिक परिवेशको चित्रण छ । तेस्रो कदममा पशुपति र शिवरात्रि मेलाको परिवेश चित्रित छ । चौथोमा विवाहको वातावरण चित्रित छ । पाँचौँमा नेपालीहरूको

महान् चाड दसैंको परिवेशलाई अङ्कन गरिएको छ । छैटौंमा छुवाछूत र जातीय विभेदपूर्ण सामाजिक परिवेशको प्रस्तुति गरिएको छ । सातौंमा नेता र तिनका कार्यशैलीको वर्णनमार्फत विकृत राजनीतिक परिवेशको चित्र प्रस्तुत गरिएको छ ।

यसप्रकार नेपाली समाजका व्यावहारिक चित्रलाई परिवेशका रूपमा उपस्थित गराएर आख्यानलाई जीवन्त बनाउन कवि सफल बनेका छन् यस खण्डकाव्यमा कविका स्वच्छन्दवादीप्रगतिवादी भावप्रवाहलाई सहज र प्रभावशाली बनाउन परिवेशविधानले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । खण्डकाव्यका हरेक कदम/सर्गमा उपस्थित गराइएको भिन्नभिन्न परिवेशले खण्डकाव्यलाई सशक्त बनाएको छ ।

### ४.३.३ भाव/विचार

प्रस्तुत खण्डकाव्यमा अङ्गीरसका रूपमा करुणरस अभिव्यक्त भएको पाइन्छ र अङ्गरसका रूपमा अन्य रसको अभिव्यक्ति पनि भेटिन्छ । यस खण्डकाव्यको थालनीमा गरिएको 'निवेदन' रहरले गर्दा र पूर्वप्रसङ्ग 'आफ्नै माटोले तान्दा' मा विदेशी भूमिमा भोकैनाङ्गै बस्नुपर्ने नेपालीहरूको यथार्थ चित्रण प्रस्तुत गरिएको छ र त्यसले कारुणिकतालाई झल्काउँछ । यस काव्यको 'म' युवाले घर फर्केपछि आमालाई भेटी आफ्नो दुःखेसो पोख्छ । यो पनि कारुणिकताकै अभिव्यक्ति भएको देखिन्छ । त्यसैको पहिलो कदमबाट काव्यमा करुणरसको व्यापकता छाउन थाल्छ । आशक्ति, दुःख र आपत्तिका कारुणिक चित्रहरूले भरिएको यस खण्डकाव्यका हरेक सर्गहरूमा करुणभाव प्रवल भएको भेटिन्छ । सामाजिक विकृतिले जन्माएको घोर करुणा मिश्रित भाव प्रस्तुत खण्डकाव्यमा पाइन्छ ।

खण्डकाव्यको मुख्य पात्र वृद्ध जनार्दन र हरेक कदममा उपस्थित विभिन्न पात्रका बीच सामाजिक, आर्थिक, धार्मिक आदि विभेद देखाउँदै काव्यमा शोक, सन्ताप, पीडा र वेदनाको वर्णन गरिएको छ । सामाजिक वर्गविभेदजन्य शोकलाई स्थायी भावका रूपमा अभिव्यक्त गरी त्यसबाट अभिव्यक्त करुणरसलाई यस काव्यको अङ्गीरस बनाइएको छ ।

यस खण्डकाव्यमा सामाजिक यथार्थलाई अभिव्यक्त गरिएको छ । जातीय समता र वर्गभेदका विरुद्ध जतिसुकै ठूलठूला नाराहरू लगाइए तापनि समाज आज पनि अत्यन्तै रूढिग्रस्त छ भन्ने विचारलाई खण्डकाव्यको केन्द्रीय विचारका रूपमा प्रस्तुत गरिएको छ । धार्मिक आडम्बरीहरू धर्मका नाममा गरिबवर्गलाई शोषण गरिरहेकै छन् । राजनेताहरू

देशको सेवालाई एकतिर पन्छाएर आफू र आफन्तको स्वार्थमा मात्र कुदेका छन् । संस्कृतिमा जातीय अस्तित्व नै सङ्कटमा पर्ने गरी विकृति भित्रिएको छ । आजको मान्छेमा मानवता भन्ने कुरा हराएको छ भन्ने कुरा खण्डकाव्यको केन्द्रीय विचारका रूपमा उपस्थित भएको  छ । मानवसमाजमा ईश्वरको उपस्थतिलाई अस्वीकृत गर्ने लेखकीय विचार रहँदारहँदै पनि खण्डकाव्यले पूर्णरूपमा यथार्थलाई समेट्न सकेको देखिँदैन । काव्यमा सपनाको प्रयोग र सामाजिक विकृतिको अन्तहीन यात्रा देखाउँदै कविले यस खण्डकाव्यमा यथार्थमिश्रित रहस्यवादलाई प्रस्तुत गर्न खोजेको देखिन्छ ।

### ४.३.४ शीर्षकविधान

प्रस्तुत खण्डकाव्यको शीर्षक 'उपालम्भ' 'उप' उपसर्ग र 'आलम्भ' शब्दको योगबाट निर्माण भएको छ । 'उपालम्म'को अर्थ कसैको अनुचित व्यवहारका निम्ति उसैसँग गरिने सिकायत वा सम्झाइबुझाइसहितको, हप्की, गुनासो वा दुःखेसो हो । यसको अर्को अर्थ निन्दा वा अपवाद पनि हुन्छ । प्रस्तुत खण्डकाव्यभरि एउटा गरिब पात्रलाई समाजका ठूलाबडा भनाउँदाहरूले सताएको, हेपेको र उसलाई हिर्काएर क्षतविक्षत पारेको देखाइएको छ । गरिब, वृद्ध पात्रले जीवनमा आफूले भोगका यी दुःखेसाहरू युवकलाई लेखिदिन आग्रह गरेकाले 'उपालम्भ' शीर्षक कथावस्तु सुहाउँदो नै देखिन्छ । यसर्थ प्रस्तुत खण्डकाव्यका मुख्य प्रतिपाद्य विषय र शीर्षकका बीचमा सङ्गति मिलेकै देखिन्छ  र शीर्षक विषयवस्तुगत मुख्य घटनाको सङ्केत बनेको छ ।

### ४.३.५ सर्गयोजना, आयाम र कथनपद्धति

'उपलम्म' खण्डकाव्य जम्मा ३८ पृष्ठमा पूर्ण भएको छ । यस खण्डकाव्यलाई निवेदन र पूर्वप्रसङ्ग तथा सात कदमसमेत गरी जम्मा ९ सर्ग विश्राममा संरचित गरिएको छ । तीमध्ये पहिलो 'निवेदन' शीर्षकभित्र रहरले गर्दा उपशीर्षक राखिएको छ जसमा जम्मा पाँच श्लोकमात्र छन् । अर्को 'पूर्वप्रसङ्ग' शीर्षकलाई 'आफ्नै माटोले तान्दा' उपशीर्षक दिई त्यसमा १४ वटा श्लोक प्रस्तुत गरिएका छन् । यीबाहेकका सात कदममा विभक्त उक्त खण्डकाव्यका विभिन्न कदमभित्र, स्वप्नलोकको यात्रा यज्ञभित्र पसेको कीरो, पशुपतिको यात्रा गर्दा संस्कृतिमा विकृति दसैँको खुराक, अछूत हुनुको वेदना, नेता र उनले बुनेको जालजस्ता शीर्षक दिइएको छ र तिनमा जम्मा १३८ श्लोक प्रस्तुत गरिएका छन् । यसका प्रत्येक कदममा श्लोक सङ्ख्यागत वितरण सन्तुलित देखिँदैन । प्रत्येक कदममा १ बाट श्लोकसङ्ख्या सुरु गरिएको छ ।

यस खण्डकाव्यको खण्डगत प्रबन्धका साथै लमाइको आयामसमेत खण्डकाव्यात्मक अपेक्षा अनुरूपकै छ । यसको पहिलो सर्ग पाठकलाई नैतिक शिक्षा दिनका लागि लेखिएको हो र यो छोटो पनि छ । साथै यो सर्ग काव्यका मूल आख्यानाका आन्तरिक संरचनामा आबद्ध नरही कविको निजी वैचारिक कथनपद्दतिका दृष्टिले आएको छ ।

प्रस्तुत खण्डकाव्यमा मुख्यतः तृतीयपुरुषकेन्द्री कथनपद्दति अँगालिएको छ । यसमा कविले आफ्ना विचार, भावना, चिन्तनहरू अरू पात्रमार्फत ओकेलेका छन् र आफै पनि निवेदन र पूर्वप्रसङ्ग उपशीर्षकमा उपस्थित भएकाले यो खण्डकाव्य कविप्रौढोक्ति र कविनिबद्धकवक्रृपौढोक्ति गरी मिश्रित खालको कथन पद्दति रहेको छ । कवि स्वयम्ले आफ्ना धारणाहरू निवेदन र पूर्वप्रसङ्गमा व्यक्त गरेकाले त्यो कविप्रोढक्ति भएको छ भने अन्य सात कदममा 'म' / युवक र वृद्ध पात्रको सृजना गरी कविले आफ्ना धारण व्यक्त गरेकाले त्यो कविनिबद्धवक्रृप्रोढोक्ति भएको छ । यी कदमहरूमा प्रायः वर्णनात्मक शैलीको प्रयोग  भटिन्छ । यसबाहेक अन्तर अनुप्रासीयता र अन्त्यानुप्रासीयताको सहज प्रयोग यस खण्डकाव्यका सबै जसो श्लोकहरूमा भएकाले लय प्रयोग निकै प्रवाहमय र श्रुतिमधुर बन्न पुगेको दखिन्छ ।

**४.३.६ भाषाशैली**

भाषाशैली प्रयोगको दृष्टिले प्रस्तुत काव्यका आफ्नै खालका विशेषता छन् । यस खण्डकाव्यको भाषा प्रयोगमा अत्यानुप्रासीयगत माधुर्य भेटिन्छ । ससाना समासरहित तत्सम शब्दको प्रयोगसहित तद्भव शब्दको बाहुल्य रहेको शब्दचयन यसमा गरिएको छ । तद्भव शब्दमा पनि अुनकरणात्मक र झर्रा शब्दहरूको प्रयोग यसमा प्रशस्त पाइन्छ । यसबाहेक स्थानीय बोलचालमा प्रचलित कतिपय शब्दहरूको प्रयोगले पनि खण्डकाव्यलाई छुट्टै र विशिष्ट बनाएको देखिन्छ । कवि सुवेदीको पहिलो काव्यकृति भएकाले यसमा भाषाशैलीगत परिमार्जन त्यति देखिँदैन । उति नमाझिएको यस खण्डकाव्यको काव्यभाषालाई वाक्यस्तरमा हेर्दा यसमा सरल वाक्यसंरचना र कतृवाच्ययको प्रधानता एवम् प्रत्यक्ष र अप्रत्यक्ष दुवै खालका कथनको प्रयोग गरिएको छ । यस खण्डकाव्यमा पात्र सुहाउँदो भाषाको प्रयोग गरिएको छ । सरल र सहज भाषाको समुचित प्रयोगले काव्यको भाषा सुन्दर बनेको छ ।

शार्दूलाविक्रीडित, शिखरिणी, मन्दाक्रान्ता आदिजस्ता शास्त्रीय वर्णमात्रिक छन्दको लयगत माधुर्यको मिश्रण यस खण्डकाव्यको शैलीगत विशिष्टता देखिन्छ । शब्दचयनका दृष्टिले यस खण्डकाव्यमा पुष्पाञ्जली, सायमकाल, प्रमुदित, कर्मादिक, श्रृङ्गार, स्निग्ध, निष्पात कालुषजस्ता तत्सम शब्दको प्रयोग देखिन्छ । त्यस्तै गरी मधौरौ, क्वै, रुको,कौवा, बिहक, बजाऱ्यो, तुर्रिएजस्ता स्थानीय बोलचालका शब्दहरूको प्रयोगले यस खण्डकाव्यको भाषाशैलीलाई स्थानीय रूप दिएको देखिन्छ । घुक्कघुक्क, ढुक्कढुक्क, मुसुक्क, थरथर, थरथरी, धुरुधुरु, दनदनाउँदै सनसननाउँदैजस्ता अनुकरणात्मक झर्रा शब्दले खण्डकाव्यको भाषिक मीठासलाई अभिव्यक्त गरेका छन् भने दलाली, खुसामद, सहिद, मेच, गिड, पहेली, तुम्वाजस्ता आगन्तुक शब्दहरूको प्रयोग यस खण्डकाव्यमा सहज ढङ्गबाट गरिएको देखिन्छ । यसप्रकार विभिन्न स्रोतका शब्दहरूको प्रयोग यस खण्डकाव्यको भाषिक विशेषता बन्न पुगेको देखिन्छ ।

### ४.३.७ बिम्बालङ्कारविधान र लयविधान

'उपालम्भ' खण्डकाव्यमा सपनाको शिल्पप्रविधिको प्रयोग गरिएको छ । यसमा आध्यात्मिक र धार्मिक बिम्बको प्रयोग पनि भेटिन्छ । बिम्बिविधानका सहायताले खण्डकाव्यका मसिना भावहरूलाई प्रभावशाली किसिमले प्रस्तुत गरिएको पाइन्छ । यस खण्डकाव्यमा उपमा, रूपक, स्वभावोक्तिजस्ता अलङ्कारहरूको प्रयोग सहज र स्वभाविक ढङ्गमा गरिएको पाइन्छ ।

'उपालम्भ' खण्डकाव्य अत्यानुप्रासयुक्त शास्त्रीय छन्दमा रचना गरिएको छ । यसमा शार्दूलविक्रीडित, शिखरिणी, वंशस्थ, उपजाति, मन्दाक्रान्ता, अनुष्टुप्, स्रग्धरा र इन्द्रबज्रा छन्दको प्रयोग गरिएको छ । निवेदन 'रहरले गर्दा' उपशीर्षकमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । पूर्वप्रसङ्ग 'आफ्नै माटोले तान्दा' उपशीर्षकमा शिखरिणी छन्दको प्रयोग छ । कदम एक 'स्वप्नलोकको यात्रा' उपशीर्षकमा शिखरिणी र वंशस्थ छन्दको प्रयोग छ । कदम दुई 'यज्ञ भित्र पसेको कीरो' उपशीर्षकमा शार्दूलविक्रीडित र उपजाति छन्दको प्रयोग छ । कदम तीन 'पशुपतिको यात्रा गर्दा' उपशीर्षकमा वंशस्थ र मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । कदम चार 'संस्कृतिमा विकृति'मा शार्दूलविक्रीडित, वंशस्थ र शिखरिणी छन्दको प्रयोग गरिएको छ । कदम पाँच 'दसैँको खुराक' उपशीर्षकमा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । कदम छ 'अछूतहुनुको वेदना'

उपशीर्षकमा स्रग्धरा र इन्द्रबज्रा छन्दको प्रयोग गरिएको छ भने कदम सात 'नेता र उनले बुनेको जाल' उपशीर्षकमा शर्दूलविक्रीडित र उपजाति छन्दको प्रयोग गरिएको छ ।

यसप्रकार छन्द प्रयोगका दृष्टिले हेर्दा प्रस्तुत काव्य उपर्युक्त बहुछन्द शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएको देखिन्छ । यसमा छन्दको प्रवाह र मिठास पर्याप्त मात्रामा भेटिन्छ । काव्यका कतिपय स्थलमा छन्दानुशासनको पालनमा कतिपय कमजोरी देखिए पनि कविले सङ्क्षिप्त आयामको खण्डकाव्यमा यति धेरै छन्दको उपयोग गरेर आफ्नो छन्द प्रयोगको सामार्थ देखाएकै छन् ।

### ४.३.८ निष्कर्ष

'उपालम्भ' खण्डकाव्य भूपेन्द्र सुवेदीको प्रथम पुस्तकाकार कृति हो । यसको प्रकाशन २०५९ सालमा भएको हो । वर्तमान नेपालको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक र राजनीतिक क्षेत्रका विकृति र विडम्बनालाई अभिव्यक्त गर्न सक्षम यस खण्डकाव्यले निमुखाहरूको बोलीलाई समेटेको छ । कुनै एक खास स्रोतबाट विषयवस्तु नलिई हाम्रो समाजका धार्मिक, सामाजिक आर्थिक र सांस्कृतिकलगायतका क्षेत्रलाई विषयवस्तुका रूपमा उपयोग गरी तयार पारिएको यस खण्डकाव्यको आख्यानात्मक संरचना खण्डकाव्य अनुकूल नै दैखिन्छ । काव्यको विषयलाई झल्काउने यसको शीर्षक सार्थक नै छ । जम्मा ९ सर्ग र विभिन्न शास्त्रीय छन्दमा १५२ श्लोकमा रचिएको यस खण्डकाव्यको सर्गगत प्रबन्धविधान सन्तुलित छ । यसमा कविले कुनै सर्गमा प्रथमपुरुषकेन्द्री, संवादात्मक, वर्णनात्मक, कथनपद्धति र कुनै सर्गमा तृतीयपुरुषकेन्द्री कथनपद्धतिको उपयोग गरेका छन् । यस 'उपालम्भ' खण्डकाव्यमा हाम्रो समाज वर्गविभाजनबाट अक्रान्त छ र वर्गविभाजित समाजमा उच्च वर्गले निम्न वर्गलाई सधैं शोषण गरिरहेको छ भन्ने प्रगतिशील चेतनालाई केन्द्रीय कथ्य बनाइएको छ । यसप्रकार सामाजिक विषमताको चिरफार गर्न यो खण्डकाव्य सफल भएको छ । शब्दभण्डारको उपयोगका दृष्टिले यस खण्डकाव्यमा तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दको प्रयोग गरे तापनि यसमा मूलतः तद्भव शब्दको प्रयोगको आधिक्य देखिन्छ । भाषाशैलीका दृष्टिले स्थानीयता झल्काउने शब्दावली र सरलवाक्य ढाँचाको प्रयोग एवम् वर्णनात्मक शैलीको उपयोग यस खण्डकाव्यमा गरिएको छ । समष्टिमा यो खण्डकाव्य नेपाली खण्डकाव्यपरम्परामा सामाजिक विषयवस्तुमा आधारित वर्णमात्रिक छन्दमा रचित यथार्थवादी काव्यरचना बन्न पुगेको देखिन्छ ।

## ४.४ 'एकमूल एकाउन्न फूल' लघुकथासङ्ग्रहको विवेचना

### ४.४.१ कथालेखनको पृष्ठभूमि

भूपेन्द्र सुवेदी नेपाली कथासाहित्यका क्षेत्रमा लघु आयतनका कथास्रष्टाको नाम हो । २०२१ सालमा 'सुमन' वर्ष २ अङ्क २ मा प्यूठानी ज्ञानवर्धिनी सभा वाराणसीबाट प्रकाशित 'स्वप्नकथा'बाट उनको कथालेखन सुरु भएको थियो । 'स्वप्नकथा' पछि कुनै पनि पत्रपत्रिकामा उनका अरू कथा प्रकाशित भएको देखिँदैन । २०५५ सालमा शिक्षणपेसाबाट निवृत्त भएपछि आफ्नो फुर्सदको समयमा लेखनमा नै व्यस्त रहन थाले । त्यसपछि उनले नियमितजस्तै लेखरचनाहरू लेख्न थाले । त्यसैको परिणामस्वरूप विभिन्न पत्रपत्रिकामा उनका लेखरचनाहरू प्रकाशित हुन थाले भने पुस्तककारका रूपमा पनि उनका कृतिहरू प्रकाशित हुन थाले । २०५९ सालमा उनको 'उपालम्भ' नामक खण्डकाव्य प्रकाशन भयो । त्यसपछि २०६१ सालमा उनकै जेठा छोरा सुरेन्द्र सुवेदीले बुबाका कथाहरूलाई सङ्कलित गरी 'एक मूल एकाउन्न फूल' नामक लघुकथासङ्ग्रह प्रकाशित गरिदिएका थिए ।

भूपेन्द्र सुवदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा ५० वटा लघुकथा र एउटा सुत्र कथा समावेश गरिएको छ र सुत्रकथा अन्तर्गत पनि ससाना कथा रहेका छन् । यस लघुकथासङ्ग्रहमा लघुकथाः 'पठन र पूर्वलेखन' शीर्षक दिएर राजेन्द्र सुवेदीले यस सङग्रहको समीक्षा गरेका छन् । यसपछि 'लेखक बारे दुई शब्द' शीर्षकको समकालीन पुस्ताका चर्चित कथाकार गोरखबहादुर सिंहको भूमिका पनि यसमा समाविष्ट छ । यसमा सिंहले पनि भूपेन्द्रका प्रस्तुत सङ्ग्रहका कथाको छोटो समीक्षा गरेका छन् । यस्तै कथा उपयोगी ठहरे त्यसको श्रेय लेखकलाई र त्यसो हुन नसकेमा कथा छनोटमा दोष मेरो भन्दै 'प्रकाशकको लेखनी' शीर्षकमा सुरेन्द्र सुवेदीले कथासङ्ग्रहको प्रकाशन सन्दर्भबाट चर्चा गरेका छन् । त्यसपछि साहित्यले समाजको असल रूप देखाएर मात्र पुग्दैन त्यसका कमजोरीहरू पनि देखाएर समाजलाई सबल र सुन्दर पार्ने बाटो पनि देखाउन सक्नुपर्छ भन्दै स्वयम् लेखकले कथासृजनाको चर्चा गरेका छन् । यसरी प्रस्तुत कथासङ्ग्रहमा परेका समालोचक र कथाकारका भूमिका एवम् लेखक र प्रकाशकहरूको टिप्पणीबाट भूपेन्द्र सुवेदीको कथाकारिताबारे विभिन्न तथ्यह प्रकाशमा आएका छन् ।

## ४.४.२ कथाकृतिको विवेचना

### (१) महात्माको करामत

'महात्माको करामत' कथाकार भूपेन्द्र सुवेदीको लघुकथासङ्ग्रह 'एक मूल एकाउन्न फूल'मा सङ्कलित पहिलो कथा हो । यो सामाजिक विषयवस्तुमा आधारित व्यङ्ग्यात्मक कथा हो । धार्मिक आडम्बर र रूढिवादद्वारा आक्रान्त नेपाली समाजमा टाठाबाठाहरूले धर्मको आड लिएर कसरी सोझासाजा मानिसलाई छक्याउँछन् भन्ने कुरा यस कथामा प्रस्ट्याइएको छ । समाजमा साधु, सन्त वा महात्माका नाममा चोरी, डकैती र अपहरणजस्ता कुकृत्य गर्ने प्रचलन नयाँ होइन । यही विषयवस्तुमा आधारित रहेर महात्माको आड लिँदै गाउँमा लुटपाट गर्ने सन्यासीरूपी डाँकाको कपटपूर्ण कार्यलाई प्रस्तुत कथामा देखाइएको छ ।

साधु, सन्त, महन्त, ब्रह्मचारीलाई आस्था र सम्मान गर्ने धर्मभीरु नेपाली समाजको मनोविज्ञान बुझेका तथाकथित महात्मा यस कथाको मुख्य चरित्रका रूपमा उपस्थित छ । यस कथाको महात्माले चिना हेर्ने, ग्रहदशा मन्साउने, सन्तान जन्मने बुटी दिनेजस्ता नाटकीय क्रियाकलाप गर्दै गाउँका धनी साहू र उनीहरूसँग रहेको सम्पत्तिको चियोचर्चा गर्छ र डैकैती गर्ने चाँजोपाँजो मिलाउँछ । यसप्रकार गाउँलेहरूको आस्था र विश्वासमाथि कुठाराघात गरी डकैती गर्न खोज्दा गाउँलेहरूद्वारा समातिएर उसको चरित्र पर्दाफास हुन्छ ।

लामाछोटा तीन अनुच्छेदमा रचना गरिएको प्रस्तुत 'महात्माको करामत' लघुकथा एउटै पात्र र सङ्क्षिप्त कथावस्तुमा टुङ्ग्याइएको छ । रैखिक ढाँचामा रचना गरिएको यस कथाका वक्ता स्वयम् कथाकार हुन् । वर्णनात्मक शैलीको यो कथा घटनाप्रधान छ र यसमा कथाकारले स्थानीय बोलचालको भाषका साथै सूक्तिमय कथन प्रस्तुत गरेका छन् । "आफू ब्रह्मचारी ओढ्छन् धुस्सा, खान्छन् कन्दमूल हग्छन् मुसा" जस्तो कवितात्मक कथनबाट समापन गरिएको यस कथाको उद्देश्य साधुमहात्माका आवरण भित्र गरिने अपराधको पर्दाफास गर्नु हो । यसरी प्रस्ट भनाइ, सरल र सहज शब्दावली तथा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको यस कथाले समाजमा विद्यमान यथार्थलाई सङ्केत गरेको छ ।

### (२) श्रीमतीसँगको परामर्श

'श्रीमतीसँगको परामर्श' कथा भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित दोस्रो कथा हो । सामाजिक विषयवस्तुमा आधारित यस कथामा लोग्नेस्वास्नीका बीचको सम्बन्धलाई केलाउने कोसिस गरेको देखिन्छ । हिन्दू समाजमा लोग्नेलाई भगवानका रूपमा हेर्दै आएका र लोग्नेलाई आफ्नो अहोभाग्य ठान्ने सोझा र निरीह स्वास्नीहरूको कारुणिक अवस्थाको चित्रण यस कथामा गरिएको छ । आफ्नी श्रीमतीको सोझोपनलाई उपयोग गर्दै सन्तान नहुनाको कारणबाट उत्पन्न समस्यालाई निहुँ बनाई स्वास्नी बटुल्न पल्केका लोग्नेमान्छेहरूको कुरूप चित्रलाई यस कथाले उद्घाटन गरेको छ । ज्योतिषीको भ्रमपूर्ण सल्लाहलाई अगाडि सारेर दोस्रो विवाह गर्नका निम्ति पहिलो पत्नीबाटै सल्लाह लिन पछि नपर्ने नेपाली समाजका लोग्नेहरूको क्रियाकलापलाई उद्घाटन गर्न यो कथा सफल छ ।

प्रस्तुत कथा लोग्नेस्वास्नीका रूपमा रहेका विनोद र रूपाका पृथक विचार सोच र कार्यबाट जीवन्त बनेको छ । लोग्नेको कपटपूर्ण व्यवहार र स्वास्नी बटुल्ने बेहोरा एवम् सोझा र निरीह श्रीमतीहरूका सरलतालाई यस कथामा चित्रण गरिएको छ । पतिलाई परमेश्वरका रूपमा स्वीकार्ने पत्नीहरू आफ्नो भाग्यलाई दोष दिँदै आफैले सौता भित्र्याउने परामर्श दिन्छन् भन्ने तथ्यलाई यस कथाकी नारी पात्र रूपाले आफ्नो पति विनोदलाई विवाह गर्न दिएको परामर्शबाट प्रस्ट पारिएको छ । पत्नीको साझोपनबाट फाइदा उठाउन खप्पिस पतिहरू सन्तानोत्पादनका नाममा कुनै न कुनै बहाना बनाउँदै स्वास्नी बटुल्ने बाटा पहिल्याइरहेका हुन्छन् र त्यसलाई आफ्नो भाग्यको दोष ठान्दै सहनुपर्ने बाध्यता र विवशता नेपाली महिलासमाजमा जीवन्त नै छ भन्ने सन्देश यस कथाका पात्रहरू र तिनका कार्यव्यापारबाट उद्घाटित गरिएको छ ।

चार अनुच्छेदमा संरचित 'श्रीमतीसँगको परामर्श' कथा सरल रैखिक ढाँचाको छ । कथावस्तुको आदि, मध्य र अन्त्यको सुन्दर संयोजन गरिएको यो कथा वर्णात्मक शैलीको घटनाप्रधान कथा हो । कथाकार नै स्वयम् कथयिता बनेको यस कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथाका पात्र विनोद र रूपाका छाटाछोटा संवादात्मक कथनले कथामा जीवन्तता थपेका छन् ।

(३) **पश्चात्ताप**

कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' मा सङ्कलित पश्चाताप सामाजिक विषयवस्तुमा आधारित कथा हो । उचित लालनपालन नपाए मान्छेको भविष्य बिग्रन्छ भन्ने सत्यलाई उद्घाटित गरिएको यो कथा विधवा आमाले पुलपुल्याएर पालेका र बिग्रिएका सन्तानको कथा हो । यसमा जीवनजगत्को बुझाइमा कमीका कारण सामाजिक सदाचारप्रति विचार नपुऱ्याउनेहरू उच्छृङखल हुन्छन् र यस्ता व्यक्तिहरू समाजका रोग हुन् भन्ने कुरालाई अभिव्यक्त गर्न खोजिएको छ । यस कथाको मुख्य पात्र प्रभात स्वास्नी बटुल्ने र सन्तानमात्र जन्माउने काममा लागेको छ । उसले गरेको यस्तो कार्यको असर जब परिवारमा देखा पर्न थाल्छ तबमात्र उसको होस खुल्छ । दुर्व्यसनको सिकार भएको प्रभातले १२ वटा छोराछारी र चारवटी श्रीमतीहरूको लालनपालन गर्नु परेपछि मात्र उसलाई गल्ती गरेको महसुस हुन्छ । तर उसले गल्ती महसुस गर्दासम्म निकै ढिलो भइसकेको हुन्छ । अब प्रभातका जीवनमा सुधारका सम्भावनाहरू देखिँदैनन् । जीवन र परिवारका मर्यादालाई आत्मसात् गर्न नसकी आफैले निम्त्याएको समस्यासँग जुध्न सक्ने हौसला र आँट उसमा हुँदैन । यसकारण प्रभातका निम्ति आत्महत्या नै अन्तिम नियति बन्न पुग्छ ।

सामाजिक मर्यादा, संस्कार र उचित शिक्षाको अभावमा हुर्किएको एउटा उत्तरदायित्वविहीन पात्रको चरित्रमा आधारित यो कथा घटनाप्रधान छ । व्यङ्ग्यभन्दा पनि जीवनका कुकर्मको बोध गराउने खालको यस कथाका अन्तमा चिठीको पनि प्रयोग गरिएको छ । छवटा अनुच्छेदमा रचिएको यस कथामा स्थानीय स्तरमा बोलचालमा प्रयोग हुने 'निराल', 'गोजा' जस्ता शब्दहरूको प्रयोग गरिएको छ । यसले गर्दा यस कथाले आंशिक रूपमा आञ्चलिक स्पर्श पाएको देखिन्छ । घटनाको सोझो वर्णन र चारित्रिक क्रियाकलापका परिणामको उद्घाटन गरिएको यस कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

(४) **अनर्थ**

'अनर्थ' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित चौथो कथा हो । सामाजिक जीवनबाट विषयवस्तु ग्रहण गरेर रचना गरिएको यस कथामा धार्मिक आडम्बरको यथार्थ चित्र प्रस्तुत गरिएको छ । समाजका गुरु, पण्डित र पुरेतहरू धर्मलाई आफ्नो सुविधाअनुसार उपयोग गर्छन् भन्दै उनीहरूका बोली र

आदेशलाई वेदवाक्य मानेर तिनको पालना गर्ने समाज उनीहरूको कपटपूर्ण व्यवहारबाट दिक्क बन्ने गरेको यथार्थलाई यस कथामा समेटिएको छ । जप, तप, व्रत र पूजा धार्मिक परम्पराअनुसार गरिने कार्यहरू हुन् र यिनीहरूका आफ्नै नियम र मान्यता हुन्छन् । आफ्नो सुविधानुसार सबैले यस्ता कार्यहरू पूरा गर्छन् । तर समजमा सुविधाभोगी पण्डितहरूले आफ्नै सुविधाअनुसार जप, तप र पूजालाई प्रयोग गरेको देखिन्छ भन्दै कथाकारले पण्डितहरूका कर्मलाई व्यङ्ग्य गरेका छन् ।

धर्म बाजे, उसको छोरा तथा गाउँलेजस्ता पात्रहरूको समूह उपस्थित गराएर उनीहरूको कार्यव्यापारलाई उतारिएको यो कथा पण्डितहरूले आफ्नो सुविधानुसार हिंसालाई कसरी धर्मको रूप दिन्छन् भन्ने कुरा चित्रण गर्न सक्षम बनेको छ । खसीलाई जीवनबाट मुक्ति दिनका निम्ति काट्ने आदेश दिएको तर्क गर्ने पण्डितको धुर्त्याइँपूर्ण भनाइबाट पण्डितको आडम्बरी चरित्र उद्घाटित भएको छ ।

पाँचवटा लामाछोटा अनुच्छेदमा संरचित यो कथा सरल र रैखिक ढाँचामा तयार पारिएको वर्णनात्मक शैलीको कथा हो । समाज राम्रानराम्रा, असलखराब सबै प्रकारका मानिसहरूको संयोजनबाट बन्छ र समाजमा हरेकले आफ्नो स्वार्थलाई धर्मको नाम दिएर पूरा गर्ने कोसिस गर्छन् भन्ने सन्देश यस कथाको मुख्य पाटो बनेको छ ।

**(५) राष्ट्रियता**

'राष्ट्रियता' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित राजनीतिक विषयवस्तुमा आधारित व्यवङ्ग्यात्मक कथा हो । यस कथामा राजनीतिज्ञहरू देश र जनताप्रतिको कर्तव्यलाई भाषणमा सीमित बनाउँदै देखावटी देशभक्तिको राग अलाप्छन् भन्ने धारणा प्रस्तुत गरिएको छ । यस कथाले हाम्रो देशका राजनेता र मन्त्रीहरूका लवाइखवाइ, चालढाल र बसउठको प्रसङ्गलाई उठाउँदै राष्ट्रिय पोसाकजस्तो विषयलाई नेताहरूले उपयोग गर्ने भाँडो बनाएको प्रति व्यङ्ग्य गरेको देखिन्छ ।

मन्त्रीले मन्त्रालय जाँदा राष्ट्रिय पोसाक लगाउनुलाई राष्ट्रियताको नाम दिई छोरालाई सम्झाउन खोज्दा छोराको अबोध मस्तिष्क बाबुको कपटपूर्ण उत्तर नबुझी पटकपटक सोध्न पुग्छ । बाबुको उत्तरबाट आठ वर्षे छोराको मष्तिष्कमा रहेको राष्ट्रियता जस्तो गहन विषय हास्यास्पद बन्न पुगेको छ । यही व्यङ्ग्यात्मक परिधिमा राष्ट्रियता

कथाको बुनोट भएको छ । यस कथामा मन्त्री र उसको आठ वर्षे छोरा दुई पात्र रहेका छन् । मन्त्रीको जालझेलपूर्ण व्यवहार, उसको बोली र चरित्रबाट स्पष्ट हुन्छ । योजनाका प्राविधिकहरू र ठेकेदारहरूसँग मोटो रकम खान पल्केको मन्त्री जाति, समाज र राष्ट्रलाई मागीखाने भाँडो सम्झन्छ । यही अभिप्रायको व्यवहार छोरासँग पनि गर्छ । छोराचाहिँ बोर्डिङ्ग स्कुलको विद्यार्थी हो । उसलाई उसका गुरुहरूले सही र गलत छुट्याउन सिकाएका छन् । यसैकारण बाबुले राष्ट्रिय पोसाकको सम्बन्धमा दिएको राष्ट्रियताको उत्तरप्रति छोराले चित्त बुझाउन सक्दैन र मन्त्री बाबुसँग सहमत हुन पनि सक्दैन । आजका राजनेताहरू जनताका त कुरै छाडौँ आफ्ना साना छोराछारीलाई समेत चित्त बुझाउन सक्ने क्षमताका छैनन् । उनीहरूका कार्य, विचार र बोली फरकफरक हुन्छन् । उनीहरू आफ्नो सुविधाअनुसार राजनीति, विचार र दर्शनलाई उपयोग गर्छन् । यसरी राजनेताको चरित्र अपत्यारिलो भएको छ भन्ने तथ्यलाई प्रस्तुत 'राष्ट्रियता' लघुकथाले प्रस्ट्याएको छ । तृतीयपुरुष दृष्टिबिन्दु प्रयोग गरी सरल रैखिक ढाँचामा रचिएको यो कथा दुईवटा अनुच्छेदमा संरचित छ । वर्णनात्मक एवम् सम्वादातात्मक शैलीको प्रयोग गरिएको यस कथाले आम मान्छेको राजनीतिप्रतिको वितृष्णालाई प्रस्तुत गर्न खोजेको छ ।

**(६) अनुकूलता**

'अनुकूलता' भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक यथार्थवादी कथा हो । पैसाप्रति मान्छेको लोभलाई देखाउन यो कथा सफल भएको छ । थोरै भेटिए आदर्श चरित्र देखाउँदै भेटिएका पैसा फिर्ता गर्न खोज्ने र धेरै भेटिएमा अरूले देख्छन् कि भन्दै लुकाएर खल्ती भर्ने मानिसहरूको चरित्रलाई यस कथाले आफ्नो विषयवस्तु बनाएको छ ।

पशुपतिको बालाचतुर्दशीको मेला र त्यहाँको भीडभाडको परिवेशमा लेखिएको यस कथामा धर्म र धनको सम्बन्धलाई एक जना महाशयको चरित्रबाट प्रष्ट्याउन कोसिस गरिएको छ । एक जना महापुरुष एक रुपियाँ भेटाउँदा 'द्रव्यषु लोष्टवत्' अर्थात अर्काको धनलाई माटाको डल्लोसरह सम्झनुपर्छ भन्दै फिर्ता दिन तत्पर भएको तर पाँच सय रुपियाँ भेटाउँदा चाहिँ 'द्रव्यषु सर्वे वशा' अर्थात सबै मानिसहरू धनसम्पत्तिका वशमा छन् भन्दै खल्तीमा हाली कुलेलम ठोकेको घटनाको पृष्ठभूमिमा यसप्रकारको द्वैध चरित्र भएका महाशय यस कथाको मुख्य पात्रको रूपमा उपस्थित छ ।

झीनो कथावस्तुलाई सशक्त र अत्यन्तै यथार्थवादी ढङ्गबाट प्रस्तुत गरिएको यस कथामा मान्छेको धनप्रतिको लालचलाई प्रस्ट्याइएको छ । धन देखेपछि महादेवका तीन नेत्र बल्छन् भन्ने उक्तिलाई सम्झाउने यस कथाले एक जना महाशयको लोभी चरित्रको उद्घाटन गरेको छ । एक रुपियाँ भेटाउँदा फिर्ता गर्ने महाशयले पाँच सय रुपियाँ भेटाएपछि लुकाउन खोज्नुले मान्छेको लोभी मानसिकताको उद्घाटन गरेको पाइन्छ ।

समान स्तरका दुई अनुच्छेदमा संरचित यो कथा वर्णनात्मक शैलीको छ । स्वयम् कथाकार वक्ताका रूपमा उपस्थित भई प्रस्तुत गरिएको यस कथामा संस्कृतका उक्तिहरूको प्रयोग गरिएको छ । तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको यो लघुकथा सामाजिक यथार्थको उद्घाटनका दृष्टिले निकै सशक्त बन्न पुगेको देखिन्छ ।

### (७) अनावश्यक सुविधा भोगी हुँदा

भुपेन्द्र सुवेदीको 'अनावश्यक सुविधा भोगी हुँदा' 'एक मूल एकाउन्न फूल' लधुकथासङ्ग्रहमा सङ्कलित सातौँ कथा हो । बाबुआमाको कठोर परिश्रमबाट सम्पन्न बन्न पुगेका सन्तानको सुविधाभोगी प्रवृत्ति र त्यसले जन्माउने दुर्घटनालाई यस कथाको विषयवस्तु बनाइएको छ । कथाको पात्र सहवीर बूढाको परिश्रमबाट आधुनिक सुविधाले सम्पन्न बन्न पुगेको परिवारका क्रियाकलापलाई कथाकारले व्यङ्ग्यात्मक पाराले प्रस्ट्याएका छन् । शौचालय बन्द भएका कारण सिसीमा पानी बोकी पाखातिर लागेको सहवीरको कान्छो छोरो फर्कदा बस चढ्नु र दुर्घटना भई मर्नुजस्ता घटनाको तालमेल मिलाउँदै रचिएको यस कथाले सुविधाभोगी वर्तमान मान्छेको दुर्गतिलाई देखाएको छ ।

घटनाप्रधान यस 'अनावश्यक सुविधा भोगी हुँदा' कथामा कथाकारले सहवीर बूढा र उनका परिवारका सदस्यलाई पात्रका रूपमा उभ्याएका छन् । सहवीरको कडा परिश्रमले सम्पन्न बनेको परिवारको पछिल्लो पुस्ता सुविधाभोगी एवम् उत्तरदायित्वविहीन बन्दै गएको कुरालाई यस कथामा प्रस्तुत गरिएको छ । सुविधाभोगीहरूका सुखभोगपूर्ण जीवनका पराकाष्ठा देखाउन कथाकारले पाखामा सुचीकार्यबाट निवृत्त भई तीन मिनेटको बाटोबाट घर फर्कन अल्छी गरी आधाघन्टा कुरेर बस चढेको प्रसङ्ग उल्लेख गरेका छन् । दुर्भाग्यवश त्यही तीन मिनेटको बाटोमा नै बस १५० मिटर तल नदीमा खस्न पुगी सहवीरको कान्छो छोराको मृत्युबाट अनावश्यक सुखसुबिधाभोगी हुन खोज्दा दुर्घटनाको सिकार पनि हुन पुगिन्छ भन्ने सन्देश यस कथाबाट दिन खोजेको देखिन्छ ।

चार अनुच्छेदमा संरचित प्रस्तुत कथामा घटनाको सिलसिला मिले तापनि प्रसङ्गको औचित्य पुष्टि गर्न भने गाह्रो परेको देखिन्छ । शौचालयको छेस्किनी भित्रबाट बन्द हुन, शौचालयको ढोका खोल्न पछिलाग्नुका सट्टा सबै पाखातिर लाग्नु, शौचालयका लागि गएको पाखातिरबाटै बस आउनु, बस दुर्घटना भई १५० मिटर तल नदीमा खस्नु जस्ता कार्यव्यपारहरू अपत्यारिला देखिन्छन् तापनि सरल भाषाशैली आदि, मध्य र अन्त्यको सिलसिलामा संयोजित तथा मन छुने सन्देशले कथालाई जीवन्त बनाएको छ ।

**(८) ठगीको प्रतिस्पर्धा**

कथाकार सुवेदीको 'एक मूल एकाउन्न फूल' लधुकथासङ्ग्रहमा सङ्कलित 'ठगीको प्रतिस्पर्धा' कथा मध्यपश्चिममा प्रचलित लोकआहानमा आधारित छ । सम्धी सबैभन्दा सम्मान गुर्नपर्ने पाहुना हुने र सकिनसकी उनको सत्कारका निम्ति जुट्नुपर्ने झन्झटबाट मुक्त हुन गरिएको नाटकीय पारिवारिक झगडा र सम्धीले गरेको नाटकीय क्रियाकलापलाई यस कथाको विषयवस्तु बनाइएको छ । अत्यन्त हास्यास्पद विषयवस्तु र तदनुकूलका चारित्रिक क्रियाकलापबाट बुनिएको यस लघुकथामा एकले अर्कालाई कसरी मूर्ख बनाउन सकिन्छ भनि प्रतिस्पर्धा नै चलेको सन्दर्भ प्रस्तु गरिएको छ ।

ग्रामीण समाजमा पर्याप्त खानपानको अभाव, त्यसमा पनि सम्धीलाई मीठोचोखो खुवाउनुपर्ने सामाजिक प्रचलनले गर्दा सन्धी पाहुना अलि झन्झटिलो मानिन्छ । कथाका दुई सम्धीहरूका आपसी उद्देश्यका बीच मेल नखाँदा यहाँ हास्यास्पद परिस्थितिको सिर्जना भएको देखिन्छ ।

सन्धी पाहुना पर्न आएको घरको झ्यालबाट देखेपछि घरबेटी सम्धीका लोग्नेस्वास्नी आपसको सल्लाहबमोजिम झगडा गर्छन, बाझाबाझ गर्छन र चिच्याकोहोल मच्याउँछन् । यता पाहुना पर्न आएका सम्धीले पनि सम्धीसन्धीनीको झगडालाई नाटकीय हो भन्ने बुझी केही समय लुकेर सबै कुरा सुन्छ र अन्त्यमा सबै कुरा खुलस्त हँदा तैं चुप मै चुपको स्थिति सृजना हुन्छ । यसप्रकार हास्यप्रधान कथाका रूपमा कथाकारले यो कथा प्रस्तुत गरेका छन् । जम्मा चार अनुच्छेदमा संरचित 'ठगीको प्रतिस्पर्धा' सरल भाषा र वर्णनात्मक शैलीमा लेखिएको छ र यसमा लेखकले लोक प्रचलित अहानको संयोजन गरेका छन् । प्रथम र तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको प्रस्तुत कथाको शीर्षक 'ठगीको प्रतिस्पर्धा' भए पनि अरूलाई कसरी मूर्ख बनाउन सकिन्छ भन्ने प्रतिस्पर्धाको चित्रण यस कथामा गरिएको छ ।

### (९) अन्टे-सन्टेको टुङ्गो

कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित 'अण्टे-सण्टेको टुङ्गो' समाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथाले कुनै पनि कार्य समयमा सम्पन्न हुन सकेन भने त्यसले दुस्परिणाम निम्त्याउँछ भन्ने कुरा देखाउन खोजेको छ ।

लामा छोटा गरी जम्मा पाँच अनुच्छेदमा संरचित यस लघुकथाले परम्परागत समाजको चित्र अङ्कित गर्न खोजेको छ । यस कथामा एकजना व्यक्तिले आफ्नो उमेर पुगेको छोराको बिहे गर्न खोज्दा आइपरेका विभिन्न अण्टे-सण्टे कुरा देखाइएको छ । छोराका लागि छान्दाछान्दा एउटा सम्पन्न परिवारकी कन्या फेला पर्छिन । जन्ती जानुभन्दा अघिल्लै दिन दुलही पर सरेकाले तत्काल लगनको अभावमा तीन महिना पर सर्छ । दोस्रोचोटि बिहेको मिति नजिकिँदा दुलहा हुनेका काकाले जीब्रो टोकेपछि लगन ६ महिनाका निम्ति पर सरेर फेरि अन्टे-सन्टे पर्दछ । कुरा छिनेको नवौं महिनामा बल्लतल्ल लगन जुरेपछि लगन पर्खदा वाक्क भएकी दुलही अन्य पुरुषसँग पल्केर पुत्रवती भैसकेकी हुन्छिन् । अर्कोतर्फ पर्खदापर्खदा वाक्क भएको दुलाहाको पुरुषार्थ स्वरूप सातमहिनाको गर्भ सहितकी अर्की महिला दलबलसहित दुलाहाको गृहप्रवेश गर्छिन् । यसरी अण्टे-सण्टेको टुङ्गो लागेको यस कथामा पात्रको नाम उल्लेख नगरी कथा टुङ्ग्याइएको छ ।

परम्परागत रूढिग्रस्त समाजको चित्र कोर्न सफल यस कथामा विवाहका लागि तयार भएका एक जोडी दुलहादुलहीको चरित्रले निम्त्याएको बिजोग र सामाजिक विकृतिको नाङ्गो रूप देखाइएको छ ।

सरल र सहज भाषाशैलीको प्रयोग भएको यस कथामा कथाकार आफै वक्ताको रूपमा उपस्थित भएका छन् । यो वर्णनात्मक शैलीको घटनाप्रधान कथा हो । तृतीयपुरुष दृष्टिबिन्दुमा आधारित प्रस्तुत कथामा रूढिग्रस्त समाजमा आइपर्ने अण्टे-सण्टे र त्यसले निम्त्याएको विकृत रूपलाई देखाउन खोजिएको छ ।

### (१०) शोकसभा

छोटा-छोटा दुई अनुच्छेदमा संरचित 'शोकसभा' 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुमा आधारित कथा हो । यो कथा संरचनाका दृष्टिले अत्यन्त सङ्क्षिप्त छ । एउटा मान्छेले बाँचुञ्जेल गरेका राम्रा नराम्रा

क्रियाकलापहरूको मूल्याङ्कन ऊ मरेर गएपछि उसका साथीभाइले पछिसम्म गर्छन् भन्ने कुरा यस कथामा देखाइएको छ ।

व्यक्ति जिउँदो हुँदामात्र नभएर मरेपछि पनि समाज, इष्टमित्र र आफन्तहरूका बीच बाँचिरहेको हुन्छ । उसका कार्यहरूको पछिसम्म पनि मूल्याङ्कन हुन्छ भन्ने विषयवस्तुमा रचिएको यस कथाको पात्र 'ऊ' मृत्यु भएपछिको श्रदाञ्जलि सभामार्फत देखाइएको छ । श्रद्धाञ्जलिमा उपस्थित ९९% व्यक्तिहरूले उसका कुकार्यहरू सम्झदै एक मिनेटभन्दा बढी समय मुन्टो निहुराइरहनुले उसको खराव आचरणलाई प्रतिबिम्बित गरेको देखिन्छ । राम्रा काम गर्नेहरू यथार्थमा सबैका हृदयमा बाँचिरहेका हुन्छन् र नराम्रा काम गर्नेहरू पनि बाँचिरहन्छन्, फरक के मात्र हो भने राम्रा काम गर्नेहरू हृदयको कुनामा श्रद्धाका साथ समेटिएका हुन्छन् भने नराम्रा काम गर्नेहरू घृणा र तिरस्कारमै बाँचेका हुन्छन् । यही शाश्वत जीवनमूल्यलाई सन्देशका रूपमा अभिव्यक्त गर्न सफल यस कथामा सुवेदीले गम्भीर जीवनबोध गराउन खोजेको देखिन्छ ।

खँदिलो संरचनामा रचिएको 'शोकसभा' कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । मृत पात्रको उपस्थिति र मलामी एवम् शोकसभाका जीवित पात्रहरूको जमघटले सुन्दर परिवेशको निर्माण गरेको देखिन्छ । सरल रैखिक ढाँचामा रचिएको अति छोटो यस कथामा हरेक व्यक्तिको मूल्याङ्कन उसले समाजका लागि गरेको कामबाट स्पष्ट हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ ।

**(११) अनुसन्धान**

कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फुल' लघुकथासङ्ग्रहमा सङ्कलित एघारौँ कथा 'अनुसन्धानमा' जँड्याहाहरूको प्रवृत्ति र आचरणलाई केलाइएको छ । साधारण मान्छेभन्दा पठित मान्छे किन पियक्कड बन्दै छन् भन्ने विषयमा अनुसन्धान गर्न अमेरिका पुगेको एक नेपाली अनुसन्धानकर्ताको चरित्रको चर्तीकला कथामा समेटिएको छ । पाँच वर्षको पि.एच.डी. अध्ययनका लागि अमेरिका पुगेको अनुसन्धानकर्ता व्यवहारिक ज्ञान भन्दै आफै पिउन थाल्छ । पाँच महिना नपुग्दै अमेरिकी राज्यले एम.पि.एच.डी. को उपाधी दिएर नेपाल फर्काइदिएको प्रसङ्गसँगै कथाको अन्त्य गरिएको छ । एम.पि.एच.डी को विस्तारित रूप मस्ट पपुलर फर द हाइजेस्ट ड्रग्स, अर्थात लागू पदार्थमा प्रथम स्थान हासिल गरी प्रसिद्ध भएको भनी लेखेर पाठकहरूलाई हँसाउन कथाकार सफल भएका छन् ।

लागू पदार्थका दुर्व्यसनीहरूका विषयमा अनुसन्धान गर्ने अनुसन्धानकर्ता आफै नै दुर्व्यसनी बन्ने कार्यप्रति चोटिलो प्रहार गर्दै कथाकारले नेपालको बौद्धिक वर्गमाथि व्यङ्ग्य गरेका छन् । यस कथामा पढेलेखेका शिक्षितहरू नै लागू पदार्थका दुर्व्यसनी बढी हुने वर्तमान परिस्थितिलाई विषयवस्तुका रूपमा उठाइएको छ । एम.ए. उत्तीर्ण गरी क्याम्पसमा पढाउने विद्वत् पात्रले सेवाकालीन अध्ययनका अवसरहरू पाउँदा लागू पदार्थको दुर्व्यसनी बन्नेजस्तो घृणित कार्य गरेर सिङ्गो बौद्धिक जमातको उपहास गरेको देखिन्छ । अपठित र अशिक्षितहरू भुलवश लागू पदार्थको सेवन गर्छन तर पठित र विद्धतवर्ग चाहिँ जान्दाजान्दै दुर्व्यसनीमा फस्छन् भन्ने कुरा यस कथामा देखाइएको छ । यस कथामा भनसुनबाट क्याम्पसमा जागिर खान सफल भई पि.एच.डी.का लागि सेवाकालीन छुट्टी मिलाउन सफल चतुर पात्र पनि मद्यपानको सिकार बनी स्वदेश फर्काइएको छ । यस घटनाबाट नेपालका विश्वविद्यालय र तिनमा कार्यरत बौद्धिक जनशक्तिको ठूलै उपहास भएको देखिन्छ ।

दुईवटा छोटा अनुच्छेदमा संरचित 'अनुसन्धान' कथामा एउटा वाक्य सिङ्गै अंग्रेजी वाक्य र पि.एच.डी र एम.पि.एच.डी.जस्ता शब्दको प्रयोग गरिएको देखिन्छ । आदि, मध्य र अन्त्यको सुन्दर संयोजन भएको यो कथा पाठकका मनमा प्रभाव पार्न पर्याप्त सफल देखिन्छ । तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गर्दै वर्णनात्मक ढाँचामा रचना गरिएको यस कथाले मद्यपान गर्ने व्यक्तिको चरित्र र हविगतलाई प्रष्ट पारेको छ । मद्यपानको नसामा लट्ठिएकाहरू जतिसुकै महान् उद्देश्य लिए पनि किन उनीहरू मद्ययपानबाट टाढा रहन सक्दैनन् भन्ने भाव अभिव्यक्त गर्न यो कथा सफल भएको छ ।

### (१२) मान्छेको खोजी

'मान्छेको खोजी' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित कथा हो । यस कथामा मानवता हराएको वर्तमान मान्छेको नराम्रा काममाथि चोटिलो व्यङ्ग्य गरिएको छ । अहिले मान्छे मान्छेका रूपमा नभएर व्वाँसाको जमातमा परिणत भएको छ । यसैले मानवता हराएको छ । मानवताको खोजी गर्ने मान्छेलाई पागल भनिन्छ । यसप्रकार समकालीन समाजलाई विषयवस्तु बनाइएको 'मान्छेको खोजी' कथा सुवेदीको मानवतावादी विचारको उपज हो । मान्छे चोरडाँका र बलात्कारी बन्दै गएको वर्तमान विश्व मानवसभ्यता देखावटी रूपमा सभ्य बनेको कुरा

यस कथामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । हातमा मैनवत्ती लिएर जुनेली रातमा "मान्छे ! मान्छे !" भन्दै हिँड्ने एउटा पागल चरित्रमार्फत मानवमूल्यको खोजी गर्ने प्रयत्न यस कथामा भएको छ । आधुनिक सभ्य मान्छेले पागलको संज्ञा दिएको एउटा अधबैँसे मान्छे यस कथाको मुख्य पात्र हो । मानवीय मूल्य र आदर्शको खोजी गर्ने उक्त पात्रको मानवताको खोजी नै यस कथाको विषयवस्तु बनेको छ ।

आधुनिक मानिने तथाकथित सभ्य मान्छेका नजरमा मानव मूल्यको खोजी गर्ने आदर्श चरित्र पागल ठहरिन्छ । त्यसैको फलस्वरूप यस कथाको अधबैँसे मान्छे जसले मानवताको खोजीमा मैनबत्ती बालेर हिँडिरहेको छ, उसलाई पागलको संज्ञा दिइएको छ । वर्तमान सभ्य समाजको चलन यही हो । आज समाजमा मान्छेलाई हेपिन्छ, थर्काइन्छ, उसका कार्यबाट विमुख पार्ने कोसिस गरिन्छ । यसप्रकार प्रस्तुत कथाले गहन विषयवस्तुलाई अगाडि सार्न खोजेको देखिन्छ ।

प्रस्तुत कथाको अधबैँसे मान्छे आदर्श पात्रको रूपमा उपस्थित छ । व्वाँसैव्वाँसाको समाजमा मान्छेको खोजी गर्नेजस्तो जटिल कार्य गरिरहेको पात्रको आदर्श यस कथामा देख्न सकिन्छ । अहिले मान्छे मान्छेबाटै शोषित छ पीडित छ, ठगिएको, लुटिएको र बलात्कृत भएको छ । आजको प्रत्येक मान्छे अरूलाई चुस्न उद्यत छ भन्ने भनाइ व्यक्त गर्ने उक्त मान्छे आदर्श चरित्रको नमुना हो । मैनबत्तीको प्रकाशलाई उदाहरण दिएर अरूका निम्ति आफूलाई समर्पित हुन सन्देश दिने उक्त पात्र मानवीय आदर्शको पुञ्ज बनेको छ ।

तीनवटा अनुच्छेदमा संरचित प्रस्तुत कथा वर्णनात्मक शैलीको छ । प्रथम, द्वितीय र तृतीयपुरुष तीनवटै दृष्टिबिन्दुको प्रयोग गरी रचिएको यो कथा संवादात्मक छ । आधुनिक मान्छे र मान्छेका खोजीमा लागेको मान्छेबीच संवाद गराएर अरूका निम्ति आफूलाई समर्पित गर्नुमा नै जीवनको सार्थकता छ भन्ने सन्देश दिन यो कथा सफल छ । मानवताको खोजी गरिरहेको मानवीय आदर्श पात्रका क्रियाकलापलाई समेटिएको यस कथाको शीर्षक 'मान्छेको खोजी' पूर्ण सार्थक देखिन्छ ।

**(१३) पालो**

पालो कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित कथा हो । यस कथामा समाजमा विद्यमान भ्रष्टाचारलाई विषयवस्तु बनाइएको छ । सोझासाजा जनताहरूलाई कार्यालयका कर्मचारीहरूले बिना पैसा कुनै पनि काम

नगरिदिने प्रचलनले निम्त्याएको समाजिक पीडालाई यस कथामा देखाइएको छ । सरकारलाई तिर्नु पर्ने मालपोत बुझाउन पनि कर्मचारीलाई घुस दिनुपर्ने विडम्बना बनेको एक जना सोझो नागरिकको कथालाई यस कथामा देखाइएको छ । छब्बीस रुपियाँ मालपोत बुझाउन सदरमुकाममा चार दिन होटलमा बसेर दिक्क भएको नागरिकले सामान्य परिचित मान्छेबाट घुस दिनुपर्ने तथ्य बुझेपछि ५० रुपियाँ घुस दिएर मालपोत तिरेको प्रसङ्ग देखाउँदै कथाकारले कर्मचारीहरूको घुसखोर प्रवृत्तिको धज्जी उडाएका छन् ।

सामान्य नागरिक र घुस खान पल्केको कर्मचारी गरी दुई पात्र उभ्याइएको यस कथामा नागरिकको निरीहता र कर्मचारीको धुर्त्याइँको सुन्दर मिश्रण भएको छ । अज्ञानता र असचेतताका कारण सामान्य नागरिकहरू आफ्ना नागरिक अधिकारबाट वञ्चित हुन पुगेका हुन्छन् । यही कुरा यस कथाको नागरिक पात्रमा भेटाउन सकिन्छ । सरकारी कर्मचारीहरू जुनसुकै बहाना बनाएर भए पनि घुस नखाई छाड्दैनन् भन्ने तथ्यलाई यस कथाको कर्मचारी पात्रले ५० रुपियाँ घुस दिएपछि तुरुन्तै पालो बोलाएबाट थाहा हुन्छ । यसप्रकार कर्मचारीहरूबाट सिङ्गो नागरिकसमाज आक्रान्त बनेको तथ्यलाई यस कथाका पात्रहरूका क्रियाकलापबाट प्रस्ट्याइएको छ ।

'पालो' कथा काथाकार सुवेदीका अन्य कथाजस्तै सरल रैखिक ढाँचामा रचिएको तीन अनुच्छेदमा पूर्ण भएको लघुकथा हो । वर्णनात्मक शैलीको यस कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । आर्थिक विसङ्गतिका रूपमा रहेको भ्रष्टाचार र घुसखोरीजस्तो गम्भीर विषयलाई सरल र आकर्षक ढङ्गमा प्रस्तुत गरी कथाकारले नेपाली कर्मचारीतन्त्रको कुरूप चित्रलाई प्रस्तुत गरका छन् । 'पालो' साङ्केतिक शीर्षक राखेर यस कथामा नियम कानुनभन्दा पनि घुसबाट मात्रै मालपोत तिर्ने पालो आउँछ भन्ने तथ्य प्रस्तुत गरी व्यङ्ग्यसमेत गरेको देखिन्छ । यसप्रकार कर्मचारीहरू घुसमै निर्भर छन् र बिना घुस सरकारी काम गराउन सकिँदैन भन्ने तथ्यलाई यस कथामा देखाइएको छ ।

### (१४) स्वार्थ

'स्वार्थ' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूलमा' सङ्कलित सामाजिक विषयवस्तुमा आधारित लघुकथा हो । यस कथामा पारिवारिक सम्बन्धलाई स्वार्थ अनुकूल परिभाषित गर्ने सामाजिक विडम्बनाप्रति व्यङ्ग्य गरिएको छ । चेलीबेटीहरूले माइत आउँदा प्रशस्त कोसेली ल्याए भने आफ्ना नजिकका ठहरिन्छन् र

यदि त्यसो गर्न सकेनन् भने उनीहरू हेपिनुपर्छ भन्ने तथ्यलाई यस कथाले विषयवस्तु बनाएको छ ।

'स्वार्थ' कथाको पात्र प्रमोदले आफ्नी फुपू आउन लागेको कुरा आमासँग भन्दा आमा रमिलाले निन्याउरो मुख लाउँछिन् र आफूहरू गरिब हुनाको कारण नै फुपूहरू हुन् भन्ने कुरा व्याख्या गर्छिन् र उनीप्रति बेवास्ता र अपहेलनाको भाव देखाउँछिन् । तर केही समयपछि प्रमोदको भाइ सुदीपले फुपूले मिठाई दिएको, किताब किनिदिएको र ठूलो भारी बोकाई घरतिर फर्काएको बताएपछि भने आमा रमिलाको अघिल्लो धारणा पूरै हराएर जान्छ । उनका विचारमा परिवर्तन आउँछ र नन्दकै सहयोग र सद्भावले नै आफ्ना टुहुरा छोराछोरीको पालनपोषण र पढाइलेखाइ भएको कुरा व्यक्त गर्छिन । आफ्नी नन्द ठूलो हृदय भएकी साह्रै सहयोगी र असल छिन् भन्ने कुरा छोराहरूका अगाडि व्यक्त गर्छिन् । यसप्रकार पारिवारिक सम्बन्ध र आफन्तहरू बीचको सम्बन्धको व्याख्या स्वार्थअनुकूल हुने सामाजिक यथार्थलाई यस कथामा उतारिएको छ । यसरी हरेक साइनो र सम्बन्धलाई आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्ने सामाजिक विडम्बनालाई व्यक्त गर्न यो कथा सफल भएको छ ।

सानासाना तीनवटा अनुच्छेदमा रचिएको अति छोटो प्रस्तुत लघुकथा सामाजिक यथार्थको चित्र बन्न पुगेको छ । सरल वर्णनात्मक ढाँचामा यो कथा तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको छ । आदि, मध्य र अन्त्यको सुन्दर संयोजनले कथा जीवन्त बनेको छ । पारिवारिक सम्बन्ध स्वार्थमा अडेको हुन्छ भन्ने गम्भीर सन्देशलाई अभिव्यक्त गर्न कथा सफल भएको छ ।

### (१५) आफ्नो हाँडी

'आफ्नो हाँडी' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित कथा हो । यस कथामा कथाकार सुवेदीको शिक्षक व्यक्तित्व स्पष्ट देखा पर्दछ । कथामा कथाकारले शिक्षक र विद्यार्थीबीचको सम्बन्ध र सिकाइलाई विषयवस्तु बनाएका छन् । सिकाउने शिक्षक सिक्ने विद्यार्थीभन्दा अघि हुन्छन् भन्ने परम्परागत विचार र विद्यार्थीहरूको आधुनिक सोँचका बीचको नमिलेको तालमेललाई नै कथाले विषयवस्तुको रूपमा प्रस्तुत गरेको छ । आफैले बनाएको चित्रलाई राम्रो भएन भनी शिक्षकले काट्दा तपाईले नै बनाएको हो भनी विद्यार्थीले भनेपछि आफ्नो गल्ती बुझी छानाबाट खसेसरह भएका कलासरको मानसिकतालाई कथाले उतारेको देखिन्छ ।

प्रस्तुत कथामा शिक्षकहरू विद्यार्थीलाई कुनै कुरा सिकाउँदा गम्भीर नबन्ने र विद्यार्थीलाई खासै महत्त्व नदिने नेपाली परम्पराको चित्र प्रस्तुत गरिएको छ । शिक्षकहरू आफूलाई आदर्श सम्झन्छन् तर काम गर्दा भने गम्भीर नभई गर्ने हुनाले नै हाम्रो शिक्षाक्षेत्र अलमलमा परेको तथ्यलाई यस कथाले प्रस्तुत गरेको छ ।

“शिक्षकहरू समाजका आदर्श हुन्, विद्यार्थीहरूका प्रेरणाका स्रोत हुन् यिनीहरूले गल्ती गर्दैनन्” भन्ने सामाजिक मान्यता रहेको हुन्छ र शिक्षकहरूले गल्ती गर्नु पनि हुँदैन । त्यसकारण हरेक ठाउँ र प्रसङ्गमा शिक्षक सचेत, गम्भीर र विवेकशील हुनुपर्छ । यस कथाका चित्रकला पढाउने सरमा यस्ता गुण छैनन् । सबैले उनको ज्ञानको कदर गर्दै उनलाई कलासर भन्नुपर्ने उनको दाबी छ । तर उनमा कलाको ज्ञान कति छ भने आफूले बनाएको र विद्यार्थीले बनाएको चित्र पनि छुट्याउन सक्दैनन् । यसबाट पैदा भएको विसङ्गत परिस्थितिले कलासरलाई नै खिन्न र आत्मग्लानीको बोध भएको देखाइएको छ ।

हरेकले आफ्नो कामको जिम्मेवारी लिनुपर्छ, शिक्षकहरूले त झन विद्यार्थीका कार्यहरूको पनि जिम्मेवारी लिनुपर्छ भन्ने तथ्यलाई कथाकार सुवेदीले प्रस्तुत ‘आफ्नो हाँडी’ कथामा प्रस्ट्याएका छन् । कथामा कलासरले पहिले आफैले बनाएको लालीगुराँसको चित्र पछि आफूले बनाएको थाहा पाएपछि गुड दिएकोको प्रसङ्ग केलाई उनको प्रवृत्तिलाई प्रस्ट्याउने कोसिस गरिएको छ । विचार नपुऱ्याई गरिएको कार्यले र अनावश्यक आडम्बरले शिक्षकहरूको मानसम्मान र इज्जतप्रतिष्ठा गुम्छ भन्ने सन्देश प्रस्तुत कथाले दिएको छ ।

सानाठूला गरी चारवटा अनुच्छेदमा रचित यो लुघकथा सरल रैखिक ढाँचाको वर्णनात्मक कथा हो । ‘हग्न नजाने सोर्नुपर्छ’ जस्तो स्थानीय लोकोक्तिको प्रयोग गर्दै कथालाई आञ्चलिक स्पर्श दिन कथाकार सफल भएका छन् । आफूले गरेका आफ्ना कामहरू सबैलाई उत्तम र महान् लाग्छन् भन्ने सन्देश दिन खोजिएको यस कथाको ‘आफ्नो हाँडी’ शीर्षक सार्थक छ ।

**(१६) वस्तुको सदुपयोग**

'वस्तुको सदुपयोग' भूपेन्द्र सुवेदीको अत्यन्तै झीनो विषयवस्तुमा आधारित कथा हो । यस कथामा अर्थशास्त्रका प्राध्यापक र विद्यार्थीबीचको संवादबाट विषयवस्तुलाई प्रस्ट्याउने प्रयास गरिएको छ । कक्षामा विद्यार्थीलाई पढाउन ठूलठूला सिद्धान्तका कुरा गर्ने प्रध्यापकहरू नै व्यवहारिक क्षेत्रमा ज्ञानशून्य हुन्छन् भन्ने कुरा यस कथामा देखाइएको छ । डेढ घण्टाको अर्थशास्त्रको कक्षाामा वस्तुको सदुपयोगको व्याख्या गरेका प्राध्यापकले चमेनागृहमा चुरोट सल्काउँदा सलाईका सत्रवटा काँटी खर्च गरेबाट उनी विद्यार्थीको कटाक्षको केन्द्र बन्न पुग्छन् । विद्यार्थीकै अगाडि चुरोट खाने र सलाईको त्यस्तो दुरूपयोग कक्षामा गरिएको पढाइसँग नमिलेको प्रसङ्ग विद्यार्थीबाट उठेपछि प्राध्यापक आफ्नो बचाउ गर्नका लागि हिन्दीमा भन्छन् । "अरे भाइ हमने अर्थशास्त्र पढानेके लिए पढेथे प्रयोग कर्ने के लिए नही ।" यसबाट प्राध्यापकजस्तो गरिमामय पदमा पुगेका कतिपय बौद्धिक व्यक्तिहरू व्यावहारिक ज्ञानमा भने अत्यन्तै खोक्रा हुन्छन् भन्ने तथ्यलाई स्पष्ट पारिएको छ । सैद्धान्तिक ज्ञान र व्यावहारिक कार्यकलापबीचको समन्वय नै विकासको आधार हो । जबसम्म यस्तो अवस्था बौद्धिक वर्गबाट सुरु हुँदैन तबसम्म देश खोक्रो नै रहन्छ भन्ने सन्देश यस कथाले अभिव्यक्त गरेको छ ।

क्षीण विषयवस्तुमा आधारित सुवेदीको प्रस्तुत कथा चारवटा अनुच्छेदमा विभाजित छ । वर्णनात्मक ढाँचाको यस कथामा रोचकता सृजना गर्ने हिन्दी वाक्यको प्रयोगसमेत गरिएको छ । तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको यस कथाले नेपाली बौद्धिक समाजप्रति तीखो व्यङ्ग्य गरेको देखिन्छ ।

**(१७) राहत**

'राहत' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा यातायात व्यवसायीहरूको धनप्रतिको लालचले निम्त्याएको बीभत्स घटना र सामाजिक संघसंस्थाले राहतका नाममा समाजलाई लुट्ने प्रवृत्तिलाई देखाइएको छ ।

'राहत' कथामा दसैँका बेला यातायात व्यवसायीहरूले सिटको क्षमताभन्दा बढी मान्छे राखेर अत्यधिक आर्थिक लाभ गर्न खोज्दा त्यसले निम्त्याएको कहालीलाग्दो दुर्घटनाको चित्रण गरिएको छ । क्याबिन, हुड जतातत‌ै यात्रु खाँदेर गुडेको बस सडकबाट २५० मिटर तल खस्दा बसका सबै यात्रुको मृत्यु हुन्छ । त्यस्तो स्थितिमा सामाजिक

सेवामूलक संस्थाका मानिसहरूले ती दुर्घटनामा परेका अर्धचेत अवस्थामा रहेका यात्रुलाई सहयोग गर्नुको सट्टा एकआपसमा मिली सबै यात्रुसँग भएका मूल्यवान वस्तुहरू लुटेर तिनलाई ढुङ्गामुढाले थिचेर आफ्नो बाटो लाग्छन् भन्ने तथ्यको कलात्मक प्रस्तुति यसमा पाइन्छ ।

पात्रको नामै नलिई लेखिएको यस कथामा बसव्यवसायीहरूले धनकमाउने नाममा गर्ने लालच र सामाजिक संस्थाका नाममा खुलेका संस्थाहरूले लुट्ने प्रवृत्तिलाई व्यङ्ग्यात्मक प्रहार गरिएको छ ।

सरल भाषामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको 'राहत' घटनाप्रधान वर्णनात्मक शैलीको कथा हो । लामाछोटा गरी चारवटा अनुच्छेदमा रचिएको यस कथामा सामाजिक सेवाका नाममा हुने लुट र बसव्यवसायीहरूको धनप्रतिको लालचले निम्त्याएको दुःखद घटनालाई देखाउन खोजिएको छ ।

**(१८) सान्त्वना**

'सान्त्वना' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित कथा हो । पारिवारिक विषयवस्तुमा आधारित यो कथा सानाठूला गरी जम्मा चारवटा अनुच्छेदमा रचना गरिएको छ । यस कथामा अल्छी र जाँगरिला व्यक्तिहरूका बीचको कार्य र सोचाइका भिन्नतालाई केलाइएको छ । गरिब तर मिहिनेती 'ऊ' पात्रले ज्यालामजदुरी गरी परिवार पाल्नुपर्ने बाध्यता छ तर श्रीमती र छोराछोरीले कामप्रति वास्ता नगर्ने पारिवारिक समस्याको उद्घाटन गर्न यो कथा सफल भएको छ । शिर ढाक्नलाई एउटा झुपडीबाहेक केही सम्पत्ति नभएको यस कथाको पात्र 'ऊ'का सात छोराछोरी र श्रीमती अल्छी देखिन्छन् । तागत र शरीरले भ्याएसम्म ज्याला मजदुरी गरी परिवार पाल्दै आएको ऊ बुढेसकालमा निराश हुँदै जान्छ । श्रीमती र सन्तानले उसको प्रयत्नलाई बुझेर मिहिनती बन्नुको साटो उसैमा झनझन निर्भर बन्दै जान्छन् । बुढेसकाल लाग्दै गर्दा कमाएर परिवार पाल्न नसकिने चिन्ताबाट ग्रसित पात्रलाई श्रीमतीले "पीठो तिमीले मागेर ल्यायौ भने पाल्ने म छदैछु" जस्तो हास्यात्मक टिप्पणी गरेर सान्त्वना दिन्छे । यसबाट अर्काको कमाइमा बाच्न पल्केकाहरू कति हदसम्म निकृष्ट हुन्छन् भन्ने तथ्यलाई कथामा देखाउन खोजिएको छ ।

सात छोराछोरी र पतिपत्नी गरी नौ जना परिवारको उल्लेख गरिए तापनि यस कथामा ऊ र उसकी श्रीमती दुई पात्रमात्र देखा पर्छन् । घरको मूली र परिवार पाल्ने

दायित्व लिएको ऊ मिहिनेती छ । ऊ परिश्रमबाट जीवन पाल्नुपर्छ भन्ने विश्वास गर्छ, बुढेसकाल लाग्दै जाँदा ऊ परिश्रम गर्न नसकिने र परिवार पाल्न नसकिने कुरा पनि गर्छ । अर्कातर्फ उसकी पत्नी अत्यन्तै अल्छी छे । मिहिनेत गर्न नचाहने तर मीठो खान खोज्ने उसकी पत्नी परिश्रम गर्ने जिम्मा लोग्नेको भन्ने सम्भन्छे । यसकारण "पीठो तिमीले मागेर ल्याऊ पाल्ने म छँदैछु" जस्तो हास्यात्मक अभिव्यक्तिबाट लोग्नेलाई सान्त्वना दिन्छे । यसप्रकारका विषम विचार र चरित्रका पात्रहरूको संयोजनबाट तयार पारिएको यस कथाले अल्छीहरू जीवनभरि नै अल्छी गरेर बिताउँछन् । अर्काको भरमा बाँच्न पल्केकाहरू मिहिनेत गर्नदेखि सधैं भाग्छन् भन्ने सन्देश दिन खोजेको छ ।

वर्णनात्मक शैलीमा रचिएको यस कथाका वक्ता स्वयम् कथाकार हुन् । तृतीयपुरुष दृष्टिबिन्दु प्रयोग गरिएको यस कथामा उखानटुक्काको बाहुल्य रहेको भाषाको प्रयोग गरिएको छ । 'अल्छी तिघ्रा मीठा जिब्रा' जस्ता सूक्तिमय कथनको प्रयोगले कथाको भाषा अझ प्रभावशाली बन्न पुगेको छ ।

(१९) **विज्ञापन**

'विज्ञापन' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित राजनीतिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा कथाकारले आफूलाई राष्ट्रसेवा र उन्नतिका निम्ति समर्पित गरेको स्वाङ गर्दै हिँड्ने राजनेताहरू र तिनका पार्टीलाई तीखो व्यङ्ग्य प्रहार गरेका छन् । कथाकारको विचारमा देशको उन्नति र जनताको हित चाहने पार्टी र राजनीतिक नेताहरूको अभाव छ । सबै पार्टीका सबै नेताहरू नै चारित्रिक रूपमा गिरेका छन् । उनीहरू भ्रष्टाचारी, आडम्बरी र क्षमताविहीन छन् । देशलाई नेतृत्व दिने नेताहरूको हविगतले देश कङ्गाल भएको छ र हेपिएको छ भन्ने विषयवस्तुलाई यस कथामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । खास पात्र र कथानकविहीन यो कथा विज्ञापनमा आधारित छ । २६५ जनाको दरखास्त आह्वानको विज्ञापन मोडलमा रचना गरिएको यस कथामा राजनीतिलाई फोहोरी खेलका रूपमा चित्रित गर्दै राजनेताहरूको कुरूप चित्रलाई प्रस्तुत गरिएको छ ।

पात्र र घटनाविहीन प्रस्तुत 'विज्ञापन' कथामा विगत प्रजातान्त्रिक कालका नेताहरूका अक्षम विचार, कार्य र तिनले निम्त्याएका विकृतिहरूलाई व्यङ्ग्य गरिएको छ । नेताहरूका विचार, नीति र आदर्शविहीन क्रियाकलाप स्वार्थी, पक्षपाती र राष्ट्रघाती हुनु नै नेपालको दुर्भाग्य हो भन्ने कुरा यस कथाले प्रस्तुत गरेको छ । कथामा राष्ट्रिय

पार्टीका रूपमा 'राष्ट्र उन्मूलन समिति केन्द्रीय कार्यालय' जस्तो नाम दिएर राष्ट्रिय पार्टीहरूलाई सोझो प्रहार गरिएको छ । पार्टीको नाम जतिसुकै राम्रो राखे पनि राष्ट्रलाई घात गर्नेहरू राष्ट्र उन्मूलन पार्टी नै हुन् भन्ने आशय कथामा व्यक्त भएको छ ।

वर्णनात्मक शैलीमा उखानटुक्का र उक्तिको प्रयोग गरी लेखिएको यस कथाको आफ्नै शैलीगत वैशिष्ट्य रहेको देखिन्छ । पङ्क्तिपिच्छे उखानटुक्काको प्रयोग गरिएकाले यो कथा रोचक बनेको छ ।

(२०) **प्रतिफल**

'प्रतिफल' भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक कथा हो । परम्परागत रूढिबाट ग्रसित नेपाली समाजमा जातपातको समस्यालाई गम्भीर रूपमा लिने गरिन्छ । यही जातपातको अवधारणाले निम्त्याउने समस्यालाई यस कथाले आफ्नो विषयवस्तुका रूपमा उठाएको छ । समाजका सामन्तवर्गले अरूको जात गएमा पैसा मागी जात फिर्ता गरिदिनेजस्ता आडम्बरपूर्ण सामाजिक व्यवहारको उदाङ्गो रूप कथाले प्रस्तुत गरेको छ ।

'प्रतिफल' कथाको गोरे खत्री आधुनिक शिक्षा ग्रहण गरेको समतावादी समाजको कार्यकर्ता हो । जातपातको भेदभावलाई अन्त्य गर्न सामूहिक जलपान गर्दै हिँड्ने गोरे खत्रीको चरित्र परिवर्तनमुखी देखिन्छ । सामाजिक रोगका रूपमा रहेको सामन्तवादको प्रतिनिधित्व गर्ने धनप्रसादले गोरे खत्रीको जात गएकाले उसको बाबुलाई २५०० रुपियाँको तमसुक गराई जात नगएको घोषणा गर्छ । यसबाट समाजका सामन्तहरू जातपातको समस्यालाई आफ्नो धनार्जनको बाटो बनाउँछन् भन्ने कुरा प्रस्ट देखिन्छ ।

समाज परिवर्तनशील छ र परिवर्तनले सबैलाई आफूसँगै समाहित गराउँछ भन्ने कुरा केही समयपछि धनप्रसाद मुखियाको छोराले गाउँकै सुन्तली दमिनी महिलालाई पेट बोकाएको घटनाबाट स्पष्ट हुन्छ । समतामूलक समाजले धनप्रसादको छोरो र सुन्तली दमिनीलाई धनप्रसादका घरमा भित्र्याउन लैजान्छ र त्यतिखेर गोरे खत्रीले बाबुलाई २५०० रुपियाँको तमसुक गराएको अन्यायपूर्ण घटनाको बदला लिन्छ र कथाको अन्त्य हुन्छ । यसप्रकार जस्तो कार्य गरिन्छ त्यस्तै फल पाइन्छ भन्ने पुरानो उक्तिलाई चरितार्थ गर्दै लेखिएको यस कथाको 'प्रतिफल' शीर्षक सार्थक छ । देवकोटाको उत्कृष्ट खण्डकाव्य 'मूनामदनको' विशिष्ट वाक्य 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन'बाट सुरु गरिएको यो

कथा तीनवटा अनुच्छेदमा रचना गरिएको छ । घटनाप्रधान एवम् वर्णनात्मक शैलीको प्रस्तुत कथा तृतीयपुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ ।

### (२१) ठाउँको अभाव

'ठाउँको अभाव' भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल'मा सङ्कलित सामाजिक व्यङ्ग्य कथा हो । मान्छेभित्र रहेको अनन्त लोभलाई विषयवस्तु बनाइएको यस कथाले खाने कामलाई मान्छेले साँच्चैन भन्ने उक्तिलाई चरितार्थ गरिएको छ । मान्छे लोभी हुन्छ र खान भनेपछि जुनसुकै परिस्थितिमा पनि पछि हट्दैन, यद्यपि त्यो खानाले भोलि उसलाई बिरामी किन नपारोस्, औषधी गर्न किन नपरोस् । यही यथार्थलाई प्रस्तुत कथाले समेटेको छ ।

छोरा, आमा र कविराज तीनजना सामान्य पात्रहरूको चारित्रिक क्रियाकलापमा संरचित प्रस्तुत कथामा भोजमा गएको छोराले अत्यधिक खाना खाँदा पेट दुःखेको प्रसङ्गबाट मान्छे भित्रको लोभलाई देखाउने प्रयास गरिएको छ । मीठो र सित्तै भेटाएपछि मान्छेले जति पनि खान खोज्छ भन्ने प्रसङ्ग यस कथामा प्रस्तुत गरिएको छ । पेट अति दुःखेपछि छिमेकीहरूले कविराजलाई बोलाएर पाचकको चक्की खान दिँदा चक्की र पानी अट्ने ठाउँ भए त भोजमा एकटुक्रा मासु अझ बढी थप्ने थिएँ भन्ने हास्यात्मक अभिव्यक्तिसँगै अन्त्य भएको यस कथाले खाने कुराप्रतिको मान्छेको लोभलाई व्यक्त गरेको छ ।

लामाछोटा गरी तीनवटा अनुच्छेदमा रचना गरिएको 'ठाउँको अभाव' कथामा कथाकार कथायिताको रूपमा उपस्थित भएका छन् । व्यङ्ग्यात्मक शीर्षक दिएर पाठकको मनमा सुरुदेखि नै कुतूहलता उपस्थित गर्ने यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गर्दै रचिएको यस कथाले लोभले लाभ र लाभले विलाप भन्ने परम्परित उक्तिलाई स्पष्ट पारेको छ ।

### (२२) भ्रष्टाचारका तरिका

'भ्रष्टाचारका तरिका' 'एक मूल एकाउन्न फूल' मा सङ्कलित सामाजिक कथा हो । कर्मचारीले घुस खाने तरिका र नयाँनयाँ उपाय कसरी खोज्छन् भन्ने कुरा यस कथामा व्यक्त गरिएको छ । कर्मचारीहरू राष्ट्रका सेवक हुन् । राष्ट्रको उन्नतिका निम्ति बल, बर्कत र बुद्धि लगाएर देश र जनताको सेवा गर्नु उनीहरूको कर्तव्य हुनुपर्ने हो । तर नेपाली प्रशासनिक संयन्त्र तलदेखि माथिसम्म भ्रष्टाचार र घुसखोरीको जालोमा परेको

छ । यस कथाको मुख्य पात्रले ठेकेदार, व्यापारी, गाउँका सामन्त, जिल्लाका संघसंगठन र अरू अफिसका कर्मचारी सबैसँग कुनै न कुनै बहाना बनाएर घुस खाएको रोचक प्रसङ्गलाई कथाले उठाएको छ ।

जिल्लामा सरुवा भई आएको जिल्ला प्रमुखले केवल आफ्नो स्वार्थपूर्तिका निम्तिमात्र सोच्नु प्रशासनिक संयन्त्रका निम्तिमात्र नभएर सिङ्गो देशकै निम्ति विडम्बना हो । तर नेपालको प्रशासनिक संयन्त्र यस्तै धूर्त, फटाहा र घुसखोरको हातमा परेको छ । उनीहरू जुनसुकै निहुँ झिकेर भए पनि आफ्नै स्वार्थसिद्धि गरिछाड्छन् ।

कर्मचारीलाई प्रमुख पात्र बनाइएको प्रस्तुत कथामा ठूला र महत्त्वपूर्ण पद सम्हालेका कर्मचारीहरू कस्ताकस्ता भ्रष्टाचारमा संलग्न रहन्छन् भन्ने कुरा देखाइएको छ । आफ्नो स्वार्थसिद्धिपछि त्यसबाट निस्कने परिणामबाट बच्न सरुवा गराई सुदूर क्षेत्रमा जाने प्रचलनलाई पनि यस कथाले समेटेको छ ।

यसरी भ्रष्टचारबाट आक्रान्त प्रशासनिक संयन्त्र र नेपाली समाजको निरीह चित्रलाई यस कथाले प्रस्ट्याएको छ । वर्णनात्मक शैलीमा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गर्दै रचना गरिएको यो कथा भूपेन्द्र सुवेदीका अन्य लघुकथाभन्दा केही लामो छ । लामाछोटा गरी नौ वटा अनुच्छेदमा संरचित यस कथाले सोझो अर्थ दिने ‘भ्रष्टचारका तरिका’ शीर्षक राखेर पाठकलाई सुरुदेखि नै भ्रष्टाचारप्रति केन्द्रित गर्न सफल भएको छ । सरल भाषामा रचना गरिएको यो कथा सामान्य पाठकले पनि बुझ्न सक्ने खालको छ ।

(२३) **प्रस्तुतिको प्रभाव**

‘प्रस्तुतिको प्रभाव’ कथा ‘एक मूल एकाउन्न फूल’ लघुकथासङ्ग्रहमा सङ्कलित चेतनामूलक विषयवस्तुमा आधारित सामाजिक कथा हो । अशिक्षा र अज्ञानताले विभिन्न सामाजिक विकृतिहरू जन्माउँछ । रोग र गरिबीजस्ता समस्याहरूको मूल जरो अशिक्षा र अज्ञानता नै हो भन्ने तथ्यलाई यस कथाले विषयवस्तुका रूपमा उठाएको छ । शिक्षाको अभावमा जन्मने सामाजिक रोगहरूको निराकरणको लागि चलाएका विभिन्न संघसंस्थाका कार्यक्रमले व्यवहारिक बाटो समाते अवश्य पनि सफलता मिल्छ भन्ने कुरा यस कथामा देखाइएको छ ।

सुस्वास्थ्य कार्यक्रमको नाम दिएर गाउँको फोहोर सफा गर्न निस्केका यस कथाका प्रदीप र कञ्चनले गाउँलेको अज्ञानताबाट ठूलै समस्या भोग्छन् । असचेत गाउँलेहरू प्रदीपको प्रभावशाली भाषणलाई एक कानले सुनेर अर्को कानले उडाइदिन्छन् । भाषणकै

समयमा आफ्ना दैनिक कार्यका गफ, आपसी झैझगडाका प्रसङ्ग र एक आपसमा जुम्रा हेराहेर गरी बेवास्ता गर्छन् । भाषणको. प्रभाव शून्य देखेर प्रदीपले भाषण बन्द गर्छ । यो सबै हेरिरहेको कञ्चलने व्यवहारिक तरिका नै सर्वोत्तम ठानी नजिकबाट दुर्गन्ध आइरहेको सिनोलाई गाड्न प्रयत्न गर्दा यसबाट होस फर्किएका गाउँलेहरूले कञ्चनलाई त सहयोग गर्छन् नै आफ्नो गाउँलाई सधैँ सफा राख्ने प्रयास पनि गर्छन् । यसरी प्रदीप र कञ्चनको सुस्वास्थ्य कार्यक्रम सफल हुन्छ ।

प्रदीप र कञ्चन सामाजिक सुधारकका रूपमा उपस्थित यस कथाका मुख्य पात्रहरू हुन् । प्रदीपको भाषणमुखी भन्दा कञ्चनको व्यवहारमुखी कार्यले लक्ष्य प्राप्त गरेको देखाएर सुधारका निम्ति भाषण होइन कार्यक्रम र क्रियाकशीलता नै मुख्य उपाय हो भन्ने सन्देश यस कथाले दिन खोजेको छ । अहिलेका राजनेता र विभिन्न सुधारवादी संघसंस्थालाई दरिलो सन्देश दिनसक्ने यस कथाले सुधार र लक्ष्यप्राप्तिको निम्ति आफै लाग्नुपर्ने सन्देश दिएको  छ । यसप्रकारको उद्देश्य लिएर हिड्यौँ भने गाउँमात्र होइन सिङ्गो देशलाई सुधार गर्न सकिन्छ भन्ने सन्देश कथाले दिएको छ ।

'प्रस्तुतिको प्रभाव' शीर्षक दिएर कथाको मुख्य विषयलाई शीर्षकबाटै सङ्केत गर्न खोजिएको यो कथा चारवटा अनुच्छेदमा संरचित छ । वर्णनात्मक शैलीको यस कथाका कथयिता स्वयम् कथाकार नै बनेका छन् । तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको यस कथामा नेपाली ग्रामीण समाजको यथार्थ चित्रलाई देखाउँदै गाउँको मुहार फेर्न गरिने कामहरू व्यवहारिक र कार्यमुखी हुनु पर्छ भन्ने धारणा यस कथामा प्रस्तुत गरिएको छ ।

### (२४) तीर्थ जाँदा

'तीर्थ जाँदा' कथा 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुमा आधारित कथा हो । ईश्वरको प्रार्थना र धर्मप्राप्तिका लागि भन्दा पनि व्यक्तिगत स्वार्थका निम्ति तीर्थ जाने स्वार्थी र क्रूर सामन्ती स्वभावलाई यस कथाको कथावस्तु बनाइएको छ । ऋण लागेका सोझा गाउँलेलाई ऋणको व्याज फिर्ता गराउन तीर्थ जाने निहुँ पार्दै दुःख दिने र ऋण तिर्न नसक्नेका लागि लुगाफाटो, सरसामान, जहानपरिवार र आफूलाई समेत बोकाएर लैजाने एउटा आडम्बरी तीर्थयात्रीको विकृत व्यवहारलाई प्रस्तुत कथाले देखाएको छ ।

तीर्थव्रत नेपाली हिन्दू संस्कृतिको प्राचीन र पवित्र परम्परा हो । जीवनभर गरेका नराम्रा कामहरूको प्रायश्चित स्वरूप बुढेसकालमा गरिने तीर्थाटनबाट पाप पखालेर स्वर्ग

पुगिन्छ भन्ने मान्यता हामीकहाँ आज पनि जीवितै छ । तीर्थाटनजस्तो पवित्र कर्मलाई पनि स्वार्थबाट प्रेरित भई धेरै धनप्राप्तिका निम्ति तीर्थाटन गर्ने र तीर्थ जाँदा ऋण लागेकाहरू माथि अमानवीय व्यवहार गर्ने एउटा कुरूप चरित्र यस कथाको मुख्य पात्र भएर देखा परेको छ । यस पात्रमार्फत कथामा धर्मप्रति वितृष्णा जाग्नेमात्र नभएर धर्मकर्मका नाममा सिधासाधा मानिसहरू कसरी अपहेलित र मर्माहित हुन्छन् भन्ने कुरा देखाइएको छ । मान्छेलाई बोकाएर तीर्थयात्रा गर्ने तीर्थालुले कतिसम्म धर्म प्राप्त गर्नसक्ला भन्ने प्रश्न गर्दै अन्त्य गरिएको यस कथामा धर्मका नाममा हुने गरेको शोषणमात्र नभएर हुनेखानेहरूबाट धर्मकर्म गर्ने निहुँमा निरीह र आर्थिक रूपमा कमजोर गरिबहरू कतिसम्म शोषित हुन्छन् भन्ने कुरा पनि देखाइएको छ ।

मुक्तिनाथको तीर्थयात्रामा गरिबको पिठ्यूँमा चढेर तीर्थाटनमा गएको प्रसङ्गलाई शीर्षकले व्यङ्ग्यात्मक रूपमा समेटेको देखिन्छ । सरल वर्णनात्मक शैलीमा रचना गरिएको यस कथामा तीर्थयात्रीलाई बोक्ने गरिबहरूलाई जिउँदा देवताको सम्मान दिएर कथाकारले आफ्नो मानवतावादी विचार व्यक्त गरेका छन् । परसेवाजस्तो महान् धर्मलाई त्यागेर गरीबहरूलाई कष्ट दिएर तीर्थ धाउनु मूर्खतासिवाय केही होइन भन्ने व्यङ्ग्यात्मक सन्देश प्रस्तुत गर्न यो कथा सफल भएको छ । चारवटा अनुच्छेदमा रचित यो कथा तृतीयपुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । वर्णनात्मक शैलीको यस कथालाई कथाकार स्वयम्ले बयान गरेको देखिन्छ ।

**(२५) आफन्त**

'आफन्त' कथा 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित पारिवारिक विषयवस्तुमा आधारित सामाजिक कथा हो । यस कथामा बाबुआमाले छोराछोरीका निम्ति अनेक दुःखकष्ट झेल्दै सन्तानको सुन्दर भविष्यका लागि पढाउँछन्, लेखाउँछन् र ठूलो मान्छे बनाउँछन् तर छोराछोरी भने आफ्ना सम्पूर्ण जीवनमूल्यहरू त्यागेर आधुनिकता र सभ्यताका नाममा आफ्नै बाबुआमालाई चिन्न अस्वीकार गर्छन् भन्ने मार्मिक र करुणाले भरिएको विषयवस्तुलाई कथावस्तु बनाइएको 'आफन्त' कथाले वर्तमान नेपाली समाजप्रति तीखो व्यङ्ग्य गरेको देखिन्छ ।

यस कथाको मुख्य पात्र हर्के र उसकी श्रीमतीले एक्लो छोरा हुर्काउन बस बिसाउनीमा सामान ओसारपसार गर्दै पैसा कमाउँछन्, आफ्नो आर्थिक अवस्था कमजोर रहे पनि छोरालाई राम्ररी पढाइ आधुनिक सुखसुविधा उपलब्ध गराउँछन् । छोराको

पढाइलाई बाधा नपरोस भनी छुट्टै बासको व्यवस्था मिलाइदिएका हर्केका दुईजनाले अन्ततः छोरालाई भेट्न जाँदा उसले साथीहरूसँग बाबुआमालाई रिलेटिभ भनी परिचय दिँदा ती बिचरा बाबुआमा साह्रै दुःखी हुन्छन् । छोरालाई पढाएकोमा पछुतो गर्दै पढ्नुको उद्देश्य के रहेछ त भनी टुङ्ग्याइएको यस कथामा पुस्तागत अन्तर्द्वन्द्व पनि देखाइएको छ । बुढेसकालको लाठी सम्झिएर सक्षम बनाएको छोराबाट अपमानित हुनुपर्ने बाबुआमाको पीडालाई सारवस्तु बनाएर रचिएको यो कथा आधुनिक नेपाली समाजको जिउँदो चित्र बनेको छ । अघिल्लो पुस्तालाई असभ्य र जङ्गली ठान्ने पछिल्लो पुस्ताको निकृष्ट व्यवहार देखाउन सफल यस कथामा कथाकारले सिङ्गो युगलाई प्रश्न गरिरहेका छन् ।

'आफन्त' जस्तो सोझो शीर्षक दिएर रचना गरिएको यो कथा पाँचवटा अनुच्छेदमा रचिएको तुलनात्मक रूपमा अलि लामो लघुकथा हो । यस कथामा एस.एल.सी, रिलेटिभजस्ता अंग्रेजी शब्दको प्रयोग गरिए तापनि भाषाशैलीका दृष्टिले यो निकै सरल छ ।

(२६) **सस्तो माया**

'सस्तो माया' साहित्यिक विषयवस्तुमा आधारित 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित लघुकथा हो । आफ्नो साहित्यिक प्रतिभाको दुरूपयोग गर्ने साहित्यकारको दुश्चरित्रलाई यहाँ विषयवस्तु बनाइएको छ । वेदनाले भरिएको कविता लेखेर शारीरिक सुखभोग गर्न चाहने कवयित्री र हृदय छुने कथा लेखेर श्रोतालाई सुनाई त्यही कथालाई निहुँ बनाएर यौनलिप्सा मेट्न चाहने कथाकारको चरित्रलाई यहाँ उदाङ्गो पारिएको छ ।

साहित्यले समाजमा सुधारको सन्देश दिन्छ । यसले समाजमा चेतना फैलाउँछ र आनन्द दिन्छ । यसप्रकारको विशिष्ट भूमिका खेल्न सक्ने साहित्यका स्रष्टाहरू महान् हुन्छन् । साहित्यकारलाई समाजका संवाहक भनिन्छ । तर जब साहित्यकार नै छुल्याहा, धूर्त र फटाहा हुन्छन्, तब समाज र देशको दुर्गति कसले रोक्ने ? यही गम्भीर प्रश्नलाई कथाकारले 'सस्तो माया' कथाबाट प्रस्ट्याउन खोजेका छन् ।

प्रस्तुत कथाकी कवयत्रीले आफ्नो कविता सस्तो मायाका निम्ति प्रयोग गरिन् र कथाकारले आफ्नो कथा पनि सस्तो मायाकै निम्ति प्रयोग गरे । यतिमात्र नभएर आफ्ना मन मिल्ने साथीहरूसँग उनले साहित्यको उपयोगबाट आफ्नो स्वार्थपूर्ति गरेको बहादुरी पनि बखाने । यसरी कथामा साहित्यजस्तो समाजको सुधार गर्ने माध्यमलाई दुरूपयोग

गर्ने खराव आचरणका चरित्रको पर्दाफास गरिएको छ । साहित्यकारले नै साहित्यको दुरूपयोग गर्छ भने माया खोज्न कहाँ जाने र मायाको परिभाषा के बनाउने भन्ने प्रश्न अनुत्तरित रहन्छ । यस सत्यलाई कथाकारले यस कथामा उठाएका छन् ।

वर्णनात्मक शैलीमा लेखिएको र स्वयम् कथाकार नै कथयिता बनेको 'सस्तो माया' व्यङ्ग्यात्मक कथा हो । सानाठूला गरी छवटा अनुच्छेदमा रचना गरिएको यो कथा तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको छ र मानवीय प्रेमलाई सस्तो तुल्याउने चरित्रका क्रियाकलापको चित्रण गरिएकोले यस कथाको शीर्षक पनि सार्थक बन्न पुगेको छ ।

(२७) **माष्टरको मूल्य**

'माष्टरको मूल्य' कथा 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित राजनीतिक विषयवस्तुमा आधारित कथा हो । राजनीति देश र समाजको उन्नति र प्रगति गर्ने मूल आधार हुन्छ र त्यसलाई चलाउने कार्यकर्ता नेता र मन्त्रीहरू देशका संवाहकहरू हुन् । वर्तमान नेपाली राजनीतिमा यो कुरा पुस्तकमा मात्र सीमित छ । मन्त्रीहरू तस्कर, ठेकेदार, व्यापारी र उद्योगपतिहरूद्वारा घेरिन्छन् । समाजलाई सत्मार्गमा लैजाने शिक्षक, समाजसेवी विद्वानहरूको कदर यस देशमा पटक्कै छैन । राजनेता, कर्मचारी, ठेकेदार र उद्योगपतिहरूले शिक्षकजस्तो आदर्श पेसा गर्नेलाई मान्छे नै स्वीकार्न नसक्ने खराब संस्कारप्रति यस कथामा तीव्र व्यङ्ग्य गरिएको देखिन्छ ।

निजी भवनमा तस्कर, ठेकेदार, भ्रष्टकर्मचारीबाट घेरिएको मन्त्रीले "को मान्छे आए भन्दा केको मान्छे हुन्थ्यो, माष्टर पो आएछ" भन्दै युगीन चेतनाको संवाहक शिक्षकलाई गरिएको चरम अपहेलनालाई यस कथाको विषयवस्तु बनाइएको छ । यस कथामा कथाकार सुवेदीले लामो समयसम्म गरेको शिक्षणपेसाको तीतो अनुभूतिका रूपमा समाजमा शिक्षकलाई मान्छे नै नगन्ने प्रवृत्तिप्रति तीखो व्यङ्ग्य गरेका छन् ।

समाजका ठूलाबडाजस्तै जालझेल गर्न नजान्ने र नचाहने शिक्षकहरू आदर्श पात्र हुन । वस्तुतः सबैका छोराछोरीलाई ज्ञानको उज्यालो प्रकाश बाँड्ने शिक्षकहरू समाजका आदर्श पात्र र चरित्र हुन । तर यो सत्यलाई नवधनाढ्यहरू, राजनेताहरू, ठेकेदारहरू, तस्करहरू स्वीकार्न चाँहदैनन् उल्टो उनीहरू समयानुसार चल्न नसक्ने भन्दै मास्टरलाई मान्छेको श्रेणीमा राख्नै मन पराउँदैनन् यही तीतो सत्यलाई यस कथाले व्यङ्ग्यात्मक रूपमा उठाएको छ ।

सङ्क्षिप्त आयाममा धेरै कुरा भन्न सफल भएको अति छोटो यो लधुकथा सुवेदीका लधुकथामध्ये उत्कृष्ट कथा हो । दुईवटा अनुच्छेदमा रचना गरिएको यस कथाले धनवानहरूको नजरमा माष्टरको मूल्य कति छ भन्ने कुरालाई छर्लङ्ग्याएको छ । तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको यो कथा वर्णनात्क शैलीको भएर पनि अत्यन्तै सघन छ ।

(२८) **भण्डाफोर**

'भण्डाफोर' कथा भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित राजनीतिक विषयमा आधारित कथा हो । यस कथामा डाक्टर वकिल र नेताहरूले आफ्नो जागिरलाई मागी खाने भाँडो बनाएको तथ्यलाई प्रष्ट पार्न खोजिएको छ । हामीकहाँ डाक्टरले हाँजिर अस्पतालमा हुने तर निजी क्लिनिकमा काम गरेर रातारात मालामाल हुने, न्यायधिसले वकिलसँग मिलीमतो गरेर धनी बन्ने र नेताले एस.एल.सी. उत्तीर्ण गरे पनि पटकपटक मन्त्री हुने तर जति पढे पनि समाजसेवा गर्नेहरू सबै गरिब भइरहने सामाजिक व्यवस्थालाई यस कथामा देखाउन खोजिएको छ ।

कनक, झनक, सनक र दनक गरी चारजना पात्र भएको यस लघुकथामा कनक एम.वि.वि.एस. उत्तीर्ण गरेर वीर अस्पतालमा जागिरे भए पनि उसले अस्पतालमा हाजिरमात्र गर्ने गरेको, झनकले एल.एल.वि. उत्तीर्ण गरी न्यायाधीश बनेको, सनकले जम्मा एस.एल.सी.मात्र उत्तीर्ण गरे पनि पटकपटक मन्त्री भएर ठूलै बजेट कुम्ल्याएका कुरा यी तीन जना एकआपसमा बसेर गरेको गफबाट स्पष्ट हुन्छ । तर समाजसेवा गर्ने दनक भने पढेलेखे पनि गरिब छ । त्यसैले तिनीहरूको गफ सुनी देश डुबाउने तिमीहरू नै हौ भनी तिनीहरूको भण्डाफोर गर्न चाहन्छ । त्यसैले कथालाई दिइएको "भण्डाफोर' शीर्षक सार्थक देखिन्छ । डाक्टर, न्यायाधीश र नेताले आफ्नोआफ्नो स्वार्थमात्र पूर्ति गर्न खोज्दा यो देश बिग्रेको हो भन्दै यस्ता ठगसँग सजग रहन र यिनीहरूको भण्डाफोर गर्न पछि पर्नु हुँदैन भन्ने सन्देश यस कथाको समाजसेवी दनकबाट अभिव्यक्त गर्न लगाइएको छ ।

चारवटा अनुच्छेदमा संरचित यो कथा तृतीयपुरुष दृष्टिबिन्दुमा रचित वर्णानात्मक कथा हो । सरल रैखिक ढाँचामा लेखिएको यो कथामा कथाकार स्वयम् कथयिता भएर आएका छन् ।

(२९) **धेरै खाने तरिका**

'धेरै खाने तरिका' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक कथा हो । समाजमा पर्याप्त खानलाउन नपुग्नेहरू भोजभतेरका कार्यहरूमा काम गरिदिएर पेटभरि मीठो खान पाउँदा जति सक्यो धेरै खान खोज्छन् भन्ने विषयलाई आधार बनाएर लेखिएको यो कथा हास्य कथा हो ।

पहाडमा बिहेबारीका क्रममा जन्ती जाँदा भरियालाई भारी बोकाएर लैजानु पर्ने, जन्ती गएका ठाउँमा उनीहरूलाई मीठोचोखो खुवाउनेजस्ता परिवेश देखाएर कथाकारले पहाडी ग्रामीण जीवनको यथार्थलाई प्रस्तुत गर्न खोजेको देखिन्छ । घरमा छोराछोरीलाई पेटभरि खाना खुवाउन नसक्ने गरिब कहरे यस कथाको मुख्यपात्र भएर आएको छ । विवाहमा भरिया भई चौध वर्षे छोरालाई समेत लिएर जन्ती गएको कहरे मीठो खाना र पैसा पाउँदा दङ्ग पर्छ । खाना खाँदा छोराले प्रत्येक गासमा पानी पिएको देखेर छोरालाई एक लात बजाउन पुगेको कहरेले छोराबाट खानासँगै पानी हाल्दै गए पेटमा बारुदलाई लात्ताले खाँदेजस्तो खाँदिन पुग्छ र धेरै खाइन्छ भन्ने जवाफ पछि पुनः छोरालाई एक लात हिर्काउन पुग्छ । छोराले फेरी किन लात भनी सोध्दा "सुरुमै किन नबताएको, म पनि त्यसै गर्ने थिएँ नि" भनेपछि कथा समाप्त भएको छ ।

यसप्रकार ठट्यौलो पारामा रचना गरिएको यस कथामा रापती क्षेत्रमा प्रचलित आहानको प्रयोग गरी कथालाई अझ रोचक बनाइएको छ । खासै गम्भीर विषयवस्तु नभएको प्रस्तुत कथा हास्यप्रधान छ । गरिबहरूलाई हेप्नका निम्ति चलेका आहानलाई कथामा प्रयोग गर्दै कथाकारले पाठकलाई मनोरञ्जन दिन खोजेको देखिन्छ ।

छवटा अनुच्छेदमा लेखिएको यो कथा आयामका दृष्टिले सापेक्ष रूपमा अलि लामो छ । यस कथामा वर्णात्मक शैलीको प्रयोग गरिएको छ । घटनाप्रधान यस कथामा कथाकार स्वयम् कथयिताका रूपमा देखापरेका छन् । तृतीयपुरुष दृष्टिबिन्दुको उपयोग गर्दै रचिएको यस कथाको शीर्षक सोझो अर्थ दिने खालको छ र सार्थक पनि छ ।

(३०) **विवेकमा बिर्को**

आधुनिक समाजमा सभ्य हुँ भनीटोपल्नेहरूको मादक पदार्थप्रतिको तीव्र चाहना र त्यसले निम्त्याउने विकृत स्वरूपलाई विषयवस्तु बनाएर रचिएको 'विवेकमा बिर्को' भूपेन्द्र सुवेदीको यथार्थवादी कथा हो । 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा तीसौँ

स्थानमा सङ्कलित यस कथामा मध्यपान गर्नेहरूको गएगुज्रेको हालत र माद्यपानपछि विवेकमा बिर्को लाग्ने यथार्थलाई सफलतापूर्वक प्रस्तुत गरिएको छ ।

यस कथामा बाटोको छेउमा टन्न रक्सी धोकेर पल्टिएको एउटा सभ्य भनाउँदो मान्छेको दुर्गतिलाई यथार्थ रूपमा चित्रण गरिएको छ । प्रशस्त बटुवाहरू ओहोरदोहोर गर्ने मूलबाटामै रक्सीले मातेर एउटा आधुनिक सभ्य मान्छे इन्तुनचिन्तु भएर पल्टिएको छ । उसका नजिकै कसैले दिसा गरेको छ र उसले छादेको पनि छ । त्यो छाद उसको शरीरभर लतपतिएको छ । उता त्यस मान्छेका मुखमा लागेको छाद चाट्दै भुस्याहा कुकुरले उसको मुखमै तुर्क्याइदिन्छ । यसप्रकारको बीभत्स दृश्यले कथालाई निकै आकर्षक बनाएको छ । यसरी बाटामा लडिरहेको त्यो मान्छेलाई केही राम्रो ठाउँतिर सारिदिन खोज्ने सहृदयी बटुवाले उसको नजिक पुग्न नपाउँदै जँड्याहाले उसलाई घडी र सिक्री चोरेको अभियोग लगाउँछ । नजीकैको होटेलबाट उक्त सबै दृश्य हेरिरहेको होटेलवालाले केही समय पहिले कसेर विवेकको बिर्को लगाएकाले त्यो बिर्को खुल्न केही समय लाग्ने हुँदा बटुवालाई आफ्नो बाटो लाग्न भन्छ र कथा पनि टुङ्गिन्छ ।

हाम्रो समाजमा मद्यपान एउटा सामाजिक समस्याको रूपमा उपस्थित भएको छ । मद्यपान गर्नेहरूको अवस्था कुकुरको भन्दा तल्लो भएको छ भन्दै मद्यपान गर्नेहरूलाई कथाकारले झकझक्याउन खोजेका छन् । मूलबाटामै पसारिनुपर्ने गरी रक्सी खानेहरूलाई उनीहरूको विवेकमाथि पूरै बिर्को लागेको अनुभव गरी लेखिएको यस कथाको शीर्षक नै ‘विवेकमा बिर्को’ दिएर राखिएको छ र शीर्षक पनि सार्थक छ । वर्णनात्मक शैलीमा रचिएको यस कथाका वक्ता पनि स्वयम् कथाकार हुन् । चारवटा अनुच्छेदमा पूर्ण भएको यो कथा तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको छ । सामाजिक यथार्थको सुन्दर शब्दचित्र बनेको यो कथा जाँडरक्सीको सेवन गर्ने दुर्व्यसनीहरूले स्वयम् भोगेको र उनीहरूले समाजलाई दिएको पीडालाई कलात्मक रूपमा प्रस्तुत गर्न सफल रहेको छ ।

### (३१) मिलिमतो

‘मिलिमतो’ सामाजिक विषयवस्तुमा रचना गरिएको कथाकार भूपेन्द्र सुवेदीको ‘एक मूल एकाउन्न फूल’ लघुकथासङ्ग्रहमा सङ्कलित कथा हो । यस कथामा कर्मचारी संयन्त्रमा व्याप्त भ्रष्टाचार र घुसखोर प्रवृत्तिको यथार्थ चित्रलाई प्रस्तुत गरिएको छ । हाम्रो देशका सबै कर्मचारीहरू राष्ट्रको ढुकुटी रित्याएर भए पनि आफू मालामाल हुन

चाहन्छन् । आफ्ना गलत कार्यका कारण पक्राउ हुँदा पनि झन राम्रो ठाउँमा सरुवाको पुरस्कार पाउने नेपाली कर्मचारीतन्त्रको यथार्थ चित्रलाई यस कथाले प्रस्तुत गरेको छ ।

यस कथाको मुख्य पात्र वन कार्यलयको एक जना कर्मचारी काठ चोरीमा पक्राउ परेको केही समयपछि मालपोतमा सारिन्छ । मालपोतमा भ्रष्टाचार गरेपछि उसलाई साझामा सारिन्छ र साझा संस्थालाई तहसनहस पारेको उपहारस्वरूप अनुसन्धान विभागमा उसको सरुवा हुन्छ । यसलाई नेपाली प्रशासनिक संयन्त्रको विडम्बना नै मान्नुपर्छ । भ्रष्टाचार गर्नेहरूले माथिका सम्मलाई भाग छुट्टाउँछन् र यसकै फलस्वरूप राम्रो ठाउँमा सरुवा पाउँछन् । सोझा, इमान्दार र माथिल्लो तहमा आफ्नो मान्छे नहुनेहरू सजायका भागी बन्छन् र दुर्गम स्थानमा सारिन्छन्, कारवाहीमा पर्छन् । यसैकारण नेपालको कर्मचारीतन्त्र सबल, सुदृढ र सक्षम बन्न नसकेको हो भन्ने आशय यस कथाले व्यक्त गरेको देखिन्छ । राष्ट्रसेवकका नाममा सरकारी सेवामा भर्ना भएका कर्मचारीले राष्ट्रिय ढुकुटी सिध्याउने सेवा गर्दै आफूलाई अरबौंपति बनाउन चाहन्छन् । यसैकारण देश दिन दुईगुना रात चौगुना गरिबीमा परिणत भइरहेको छ र यो समस्याको समाधान गर्ने उपाय कतै देखिँदैन । भ्रष्टाचार गरेर अरबौं कमाउनेहरू छाती खोलेर हिँड्छन् । दुनियाँलाई थर्काउदै, ललकार्दै भन्छन् “उजुरबाजुर गर्ने नाथले मेरो चुक्ली लगाएर कसले के लछार्न सके खै?”

यसप्रकार देश र समाजलाई चुनौती दिने भ्रष्टकर्मचारीहरूलाई सजायको सट्टा पुरस्कार मिल्नाले नै देशको यस्तो हविगत भएको देखिन्छ र तलदेखि माथिसम्मका सबै कर्मचारीहरूका मिलेमतोमा नै देशमा भ्रष्टाचार व्याप्त हुन पुगेको हो भन्ने यथार्थलाई ‘मिलेमतो’ शीर्षक हुनुपर्नेमा मिलिमतो भएको यस कथामा सरल ढङ्गले कथाकारले कर्मचारीका कुकृत्यका वर्णन गरेका छन् ।

चार अनुच्छेदमा रचित यस कथामा प्रचलित उखानटुक्का र सरल भाषाशैली प्रयोग गरेर कथाकारले घुस्याहा कर्मचारीहरूको चरित्रलाई उदाङ्गो बनाएका छन् ।

### (३२) मपाइँको परिणाम

‘मपाइँको परिमाण’ ‘एक मूल एकाउन्न फूल’ लघुकथासङ्ग्रहमा सङ्कलित राजनीतिक विषयवस्तुलाई आधार बनाएर लेखिएको कथा हो । राजनेताहरूको चरित्रको पर्दाफास गर्न कथाकार सुवेदीले यस कथामा जनआन्दोलनताका प्रतिकार समितिको नेतृत्व गर्ने एक ढोँगी राजनेताको चरित्रलाई विषयवस्तु बनाएका छन् ।

मुलुकमा पञ्चायती व्यवस्था हुँदा महापञ्च तर बहुदल आएपछि महान् प्रजातन्त्रवादी बनेको यस कथाको नायक आफ्नो स्वार्थअनुकूल नहुँदा बाह्र वर्षमा तेह्रवटा पार्टी फेरबदल गर्छ र अन्त्यमा केही नलागी आफै अध्यक्ष बनी पार्टी खोलेर चुनाव लड्छ र एक मत प्राप्त गरेर सिङ्गो प्रजातान्त्रिक पद्धतिको खिल्ली उडाउँछ । यसप्रकार कुनै राजनीतिक आदर्श, मूल्य र मान्यता नभएका नेताबाट ठगिएको नेपाली समाजको वर्तमान यथार्थलाई झल्काउन यो कथा सफल भएको छ । राजनीति जीवन सञ्चालनको सबभन्दा महत्त्वपूर्ण माध्यम हो । राजनीतिक आदर्शले नै देश र समाजलाई सही गन्तव्यतिर डोऱ्याएको हुन्छ । तर नेताहरूमा यसखालको चेतना भएन भने देशको दुर्गति कसैले रोक्न सक्दैन भन्ने तथ्यलाई यस कथाले स्पष्ट पारेको छ । जतिसुकै खराब भए पनि सबैजसो नेताहरूका ओँठमा मपाइँत्व झुन्डिरहेको हुन्छ । यस कथाको नेतालाई उसकी श्रीमतीले समेत भोट नहालेपछि आफ्नो मन्तव्यका क्रममा ऊ अरूको त के कुरा मेरी श्रीमतीले सम्म मान्छे नै चिन्न सकेकी रहेनछिन् भन्दै भाषण टुङ्ग्याउँछ । यसबाट कथाकारले नेता भनाउँदाहरूको खिल्ली उडाएका छन् ।

सङ्क्षिप्त चारवटा अनुच्छेदमा पूर्ण भएको यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ । रैखिक ढाँचामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरी रचिएको यस कथामा पनि कथाकारले समाजमा प्रचलित उखानटुक्का र सरल भाषाको प्रयोग गरेका छन् । मपाइँत्व प्रदर्शन पटक्कै फलदायी हुँदैन भन्ने मान्यता अनुरूप 'मपाइँको परिमाण' शीर्षक दिई प्रस्तुत गरिएको यस कथामा राजनीतिककर्मीहरूको मपाइँत्वको खिल्ली उडाइएको छ र यो शीर्षक सार्थक छ ।

### (३३) निरीक्षण

'निरीक्षण' भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक कथा हो । यस कथामा कथाकारले ज्ञानको मन्दिर विद्यालयमा शिक्षादीक्षा दिने गुरुहरूको अल्छी प्रवृत्ति र विद्यालय निरीक्षण गर्ने निरीक्षकहरूको अकर्मण्यतालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । विद्यालय निरीक्षकजस्तो प्राविधिक पदमा कुनै तालिम नपाएका निरीक्षक छानिनु प्रशाशनिक संयन्त्रकै विडम्बना हो । जनताले सकीनसकी तिरेको करबाट तलव खाने शिक्षकहरूले कक्षाकोठामा निदाएर विद्यार्थीको भविष्यमाथि खेलवाड गर्नु अझ अत्यन्तै ठूलो विडम्बना हो भन्ने विषयलाई यस कथाले देखाएको छ ।

तालिमप्राप्त प्रधानाध्यापकले तालिम अप्राप्त निरीक्षकलाई उल्लु बनाउँदै कक्षाकोठामा निदाइरहेको अवस्थाबाट आफ्नो बचाउ गरेको प्रसङ्गलाई यस कथामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । अङग्रेजीका ‘प्लेइङ ओए मेथड’ र ‘स्लिपिङ ओए मेथड बारे चर्चा गरी विद्यालय निरीक्षकलाई झुक्याउने प्रधानाध्यापकको फट्याइँपूर्ण प्रवृत्तिलाई प्रष्ट पार्न यो कथा निकै सफल भएको छ ।

तृतीयपुरुष दृष्टिबिन्दुमा रचना गरएको यस कथामा चार भिन्न प्रसङ्गमा अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । कथाकार स्वयम् कथयिता बनेको यस कथामा थुप्रै सरकारी लगानी लगाएर पनि स्तरीय शिक्षा दिन नसकिरहेका सरकारी विद्यालयको दुर्घटित अवस्थाबारे कथाले स्पष्ट पारेको छ ।

### (३४) **चाँजोको भाँजो**

‘चाँजोको भाँजो’ कथाकार भूपेन्द्र सुवेदीको ‘एक मूल एकाउन्न फूल’ सङ्ग्रहमा सङ्कलित चौतीसौँ कथा हो । यस कथामा नेपाली समाजमा व्याप्त जातपातको व्यवस्था र त्यसबाट फाइदा लिनेहरूको षडयन्त्रपूर्ण व्यवहारलाई देखाइएको छ । विभिन्न जातजातिका बीचमा भाँजो पारी फुटाउ र शासन गर भन्ने नीति अँगालेका सामन्तहरूले नै देशको शासन गरिरहेको अवस्थालाई प्रतीकात्मक रूपमा अभिव्यक्त गरिएको यस कथामा कथाकारले नेपालको ग्रामीण समाजको गरिबी र त्यसबाट उब्जने समस्याले गर्दा युवाहरू विदेशिनु पर्ने समस्यालाई देखाउन खोजेका छन् ।

बाहुन, नेवार, कामी र मगरका सामूहिक जमातले घरबाट पैसा चोरी परदेश लाग्दा बाटोमा भोकले गर्दा किसानको चना हसुर्न थाल्छन् । किसानले यो दृश्य देखेर गतिलो उपाय अपनाउछ र सबैलाई एकएक गर्दै भकुर्छ र कथाको अन्त्य हुन्छ ।

यसरी झीनो विषयवस्तुलाई कथा बनाइएको यस कथामा सामाजिक एकता खलबल्याएर आफ्नो अभीष्ट पूरा गर्न पल्केका चतुर सामन्तहरूको छाप यस कथाको किसानमा देखाइएको छ । आर्ने, पाडो, लैँडोजस्ता जातीय सद्भाव खलबल्याउने खालका अपशब्दको प्रयोग गरी गालीगलोज गर्ने र आफ्नो अभीष्ट पूरा गर्ने सामन्ती चरित्रलाई कथाले प्रष्ट्याएको छ ।

कथाकार आफै कथयिताका रूपमा उपस्थित यस कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । लँडो, पाडो, आर्ने, लँडीकरङजस्ता शब्दको प्रयोगले कथामा आञ्चलिकताको झझल्को दिन खोजेको स्पष्ट हुन्छ । यसरी 'चाँजोको भाँजो' शीर्षक कथामार्फत कथाकारले विद्यमान जातीय सद्भावका भावनालाई खलबल्याउने सामन्ती सोच समाप्त पार्नु पर्ने विचार व्यक्त गरेका छन् ।

**(३५) मातृ ममता**

'मातृ ममता' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित पैतीसौं कथा हो । यस कथामा कथाकारले विशाल हृदयकी खानी आमाको सन्तानप्रतिको मायालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । आमाहरू आफ्ना बच्चाको प्राण जोगाउन आफ्नै ज्यान दिन पछि पर्दैनन् भन्दै कथाकारले मातृममताको गुणगान यस कथामा गाएका छन् ।

गाउँमा आगलागी हुँदा सारा मान्छेहरू आफ्नो ज्यान जोगाउन घरघरबाट बाहिर निस्कन्छन् । यस क्रममा बाबुहरू आफ्ना सन्तान घरभित्रै भएको कुरा उठाउँदै त्यहाँबाट सुरक्षित स्थानतिर लाग्छन् । तर आमाहरू भने आफ्ना बच्चासहित बाहिर निस्कन खोज्दा आगोमा परी मर्छन् । कथाको यस प्रसङ्गगमार्फत कथाकारले मातृहृदयको गहिराइलाई प्रस्ट्याएका छन् । बच्चाबच्ची आमाका प्राण हुन् । तिनीहरूको सङ्कटमा आमाहरू सुरक्षित हुन सक्दैनन् भन्ने कुरा यस कथामा देखाइएको छ ।

वर्णनात्मक ढाँचामा रचिएको प्रस्तुत कथा तराईको सामाजिक जीवनमा आधारित यथार्थवादी कथा हो । यस कथामा प्रथम र तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । चारवटा अनुच्छेदमा रचिएको यस कथाले आमा ममताकी खानी हुन् र यो संसार आमाकै ममतामा टिकेको छ  भन्ने भनाइलाई जीवन्त रूपमा प्रस्तुत गरेको छ ।

**(३६) चेतनाको स्तर**

'चेतनाको स्तर' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक यथार्थवादी कथा हो । मान्छे शिक्षित भएन भने उसको चेतना जागृत हुँदैन र भौतिक उन्नतिले मात्र मान्छेको उन्नति हुँदैन भन्ने भाव यस कथामा देखाउन खोजिएको  छ ।

साँझका पाहुँना देवतासरह हुन्छन् भन्ने हाम्रो पुरानो मान्यता छ । जस्तोसुकै गरिबदुःखी भए पनि साँझका पाहुनालाई सक्दो आतिथ्यसत्कार गर्नु नेपालीहरूको विशिष्ट परम्परा हो । तर यस कथामा सम्पन्न परिवारकी एउटी महिलाले डाक्टर र क्याम्पसका प्रिन्सिपलजस्ता लब्धप्रतिष्ठित व्यक्तिलाई पुलिससँग तुलना गर्दै एक रात बास बस्न नदिएको प्रसङ्गलाई हास्यात्मक रूपमा प्रस्तुत गरिएको छ । मान्छेको विवेक र उसको चेतनाले सामाजिक व्यवहारमा उसको स्थान निर्धारण गर्छ । यदि चेतना नै छैन भने मानवीय मूल्य, मान्यता, आदर्श र सामाजिक परम्पराले कुनै स्थान पाउँदैन र यसबाट सिङ्गो मानवता नै कुरूप बन्न पुग्छ भन्ने तथ्यलाई यस कथाले अभिव्यक्त गरेको छ ।

'चेतनाको स्तर' शीर्षक दिई पाँच अनुच्छेदमा लेखिएको यो कथा वर्णनात्मक शैलीमा आधारित छ र कथाकार स्वयम् कथयिता बनेको यस कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## (३७) कालो कर्तूत

'कालो कर्तूत' कथाकार सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुमा आधारित  यथार्थवादी कथा हो । यस कथामा सामन्ती संस्कारबाट ग्रसित नेपाली सासूससुराले आफ्नै बुहारीलाई कस्तोसम्म व्यवहार गर्छन भन्ने कुरा देखाइएको छ ।

सामाजिक रोगका रूपमा रहेको छोरा र छोरीको विभेदलाई प्रष्ट्याउदै यस कथाले नातिनी जन्माएको निहुँमा सुत्केरी बुहारीलाई खान नदिई अमानवीय व्यवहार गर्छन भन्ने विषयलाई प्रस्तुत गरेको छ । राम्रो र पोसिलो खाने कुराको त कुरै छोडौं पेटभरि खानसम्म नदिएकाले सुत्केरी बुहारीको अकालमै मृत्यु हुन्छ । बुहारीको मृत्युपश्चात् छोराको भविष्य बिग्रेको, मातृविहीन नातिनी हुर्काउन पर्ने झन्झट, बुहारीलाई आफैले पेटभरि खान नदिई मारेको कुराले पश्चात्ताप गर्दै बाँचेका बूढाबूढीको अमानवीय व्यवहारलाई यस कथामा देखाइएको छ ।

अज्ञानका कारण तमाम नेपाली महिलाहरूको जीवन सङ्कटमा छ भन्ने सन्देश दिन यो कथा सफल भएको छ । तीनवटा अनुच्छेदमा रचिएको यो छोटो कथा सन्देशमूलक छ । तीतृयपुरुष दृष्टिबिन्दुको प्रयोग गरी वर्णनात्मक शैलीमा रचना गरिएको

कथाको शीर्षक ‘कालो कर्तुत हुनुपर्नेमा ‘कालो कर्तूत’ भए पनि कथावस्तुसँग सान्दर्भिक देखिन्छ । मानवजीवनप्रति खेलवाड गर्ने अज्ञानीहरूको कालो कर्तुतलाई चित्रण गरिएकाले नै यस कथाको शीर्षक सार्थक बन्न पुगेको छ ।

(३८) **दाइजो**

‘दाइजो’ कथाकार भूपेन्द्र सुवेदीको ‘एक मूल एकाउन्न फूल’ सङ्ग्रहमा सङ्कलित सामाजिक यथार्थवादी कथा हो । छोरीको विवाहसंस्कार दाइजोसँग जोडिन पुगेको वर्तमान अवस्थालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्न यो कथा निकै सफल छ । दाइजोमा लोभ गर्नेहरू आफ्नो घर भित्र्याउने बुहारीको शीलस्वभाव र आचरण जस्तोसुकै भए पनि छोराहरूलाई विवाह गर्न बाध्य बनाउँछन् । यसबाट निम्तिने दुर्घटनाले सिङ्गै परिवारलाई किन नडुवाओस् उनीहरू पछि हट्दैनन्, यिनै विषयसन्दर्भलाई यस कथाले समेटेको छ ।

यस कथाको ज्ञानप्रसादले चङ्खप्रसादकी रूप, गुण र शिक्षा केही नभएकी कन्या आफ्नो छोरालाई विवाह गरिदिँदा त्यसको परिणामस्वरूप विवाहको भोलिपल्ट छोरा भागेर विदेशिन्छ र विवाहमा प्राप्त दाइजोको उपयोग नभएर खोलामा फाल्नु पर्ने स्थिति सृजना हुन्छ । यिनै समस्यालाई देखाएर यस कथामा आजका मान्छेले दाइजोप्रति गर्ने लोभलाई व्यङ्ग्य गरिएको छ । यहाँ एकातिर चङ्खप्रसादले छोरीलाई शिक्षा नदिएर दाइजोमात्र दिनु र अर्कातिर ज्ञानप्रसादले छोरालाई दाइजोका लागि विवाह गरीदिनुजस्ता कुराले समाजमा व्याप्त दाइजोप्रथाले ल्याएको विकृत परिस्थितिलाई देखाउँछ भने अर्कातिर छोरीलाई शिक्षाका लागि बेवास्ता गर्नेजस्ता संस्कारले दुलहादुलही दुवैको जीवन दुर्घटित हुन पुगेको देखिन्छ । त्यसैले विवाह सिङ्गो जीवनका लागि दुई आत्माबीचको मेल हो । तर यसको वास्ता नगरी दाइजोमा बिक्नेहरूको जिन्दगी बरबाद हुन्छ भन्ने सन्देश यस कथाले प्रस्तुत गरेको छ ।

दाइजोका लागि विवाह र त्यही दाइजोले निम्त्याएको दुर्घटनालाई चित्रण गरिएको यस कथाको शीर्षक ‘दाइजो’ सार्थक छ । वर्णनात्मक शैलीको यो कथा तृतीयपुरुष दृष्टिबिन्दुमा आधारित छ ।

## (३९) मीठोको परिभाषा

'मीठोको परिभाषा' 'एक मूल एकाउन्न फूल'मा सङ्कलित कथाकार सुवेदीको पारिवारिक विषयवस्तुमा आधारित कथा हो । आमाबाबुहरू आफ्ना सन्तानलाई प्राणभन्दा प्यारो ठानी हुर्काउछन् तर छोराछारी भने बाबुआमाको बुढेसकालको लाठी हुनाका सट्टा तिनलाई दुत्कार्न पुग्छन् । यही सामाजिक विडम्बनालाई विषयवस्तु बनाएर रचना गरिएको यस कथामा पुस्तागत अन्तर्द्वन्द्वलाई देखाइएको छ । कथाकी प्रमुख पात्र विधवा कमलाको एक्लो छोरा मधुरले बुढेसकालमा पुगेकी आमालाई घोर अपमान र तिरस्कार गर्छ । आमाले पकाएर खान दिएको मीठो खानेकुरामा पनि निहुँ खोज्दै यो पुगेन र त्यो पुगेन भन्ने मधुर आफ्नी स्वास्नीले पकाएको अलिनो तिहुनलाई पनि कति मीठो भन्दै मातृहृदयलाई अपमान गर्छ ।

यसरी समाजमा देखिएको पुस्तागत अन्तर्द्वन्द्वलाई देखाउन सफल यस कथामा उमेरले बूढो बनाएका बाबुआमालाई छोराछोरी वा पछिल्लो पुस्ताले किन अपमान गर्छ भन्ने प्रश्न अनुत्तरित छ । मीठोको परिभाषा खोज्न विवश भएकी कमलाको अनुत्तरित प्रश्न पनि यही हो । के बाबुआमाले आफ्ना सन्तानलाई दुःख गरी हुर्काउनु यही अपमान पाउनका लागि हो भन्ने प्रश्न यहाँ अनुत्तरित छ । भारतीय उपमहाद्वीपको सामाजिक संरचनामा बुढेसकालमा पुगेका बाबुआमाले दुःख पाउँदै गएको प्रसङ्गलाई कथाले देखाउन खोजेको छ ।

वर्णनात्मक शैलीको प्रयोग गरी तृतीयपुरुष दृष्टिबिन्दुमा रचना गरिएको यस कथामा कथाकार स्वयम् कथयिता बनेका छन् । 'मीठोको परिभाषा' जस्तो प्रतीकात्मक शीर्षक राखेर कथाकारले सामाजिक यथार्थलाई उद्घाटन गर्ने प्रयास गरेका छन् ।

## (४०) रवाफको पोल खुल्दा

'रवाफको पोल खुल्दा' 'एक मूल एकाउन्न फूल'मा सङ्कलित सामाजिक यथार्थवादी कथा हो । यस कथामा नेपाली ग्रामीण समाजका गरिबी र त्यसलाई यथावत राख्न गरिने आडम्बरपूर्ण व्यवहारलाई देखाइएको छ ।

ससुराली जाँदा मागेर भए पनि रवाफ देखाउनु पर्ने परम्परित आडम्बरपूर्ण व्यवहारलाई यस कथाले जस्ताको तस्तै उतारेको छ । मागेर साथीको सुटबुट लगाएर ससुराली पुगेको यस कथाको ज्वाइँको साथीले सुटबुटका कुरा नगरौँ ज्वाइँ तपाइँकै हो भन्ने ठट्यौलो परिचय दिएबाट आडम्बरको पोल खुलेको छ ।

मानवीय आचरण अनुरूप सबैले आफूलाई उँचो देखाउन खोज्छन् र आफ्नो यथार्थ धरातललाई स्वीकार्न सबैलाई गाह्रो हुन्छ । यस्तो आडम्बरको कहीँ न कहीँ कतै न कतैबाट पोल खुलिहाल्छ । यही सत्यलाई कथाले प्रस्तुत गर्न खोजको छ ।

दुईवटा अनुच्छेदमा रचना गरिएको यो कथा वर्णनात्मक शैलीमा तृतीयपुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । नेपाली समाजमा चारैतिर ठट्यौलीका रूपमा प्रचलित विषयलाई उठाएर कथाकारले यसलाई हास्यकथाको रूप दिने प्रयत्न गरेका छन् ।

**(४१) नखुवाएरै बचाउने अभ्यास**

'नखुवाएरै बचाउने अभ्यास' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा कथाकारले घरमा एउटा भैँसी पाल्न पनि अल्छी गरेर केही नखुवाई भैँसी पाल्ने अभ्यास गर्दा भैँसीको मृत्यु भएको प्रसङ्गलाई देखाएका छन् । मान्छे अल्छी भयो भने उसको परिवारको कन्तबिजोग हुन्छ भन्ने कुराको उद्घाटन गर्न सफल यो कथा सामाजिक यथार्थको एउटा गतिलो नमुना भएको छ ।

लोग्ने र स्वास्नी दुई पात्र रहेका यस कथामा ती दुवै जना आसाध्य अल्छी छन् । अल्छी भएकै कारणले एउटा भैँसी पाल्न पनि एकले अर्कालाई बोझ सार्छन् । लोग्नेको बुद्धिअनुसार भैँसीलाई केही पनि नखुवाई पाल्ने अभ्यास गर्दा चाँडै नै भैँसी मर्छ । यसरी प्रस्तुत कथामा ग्रामीण जीवनको यथार्थ चित्रलाई देखाउन खोजिएको छ । अभ्यासले नै सबैथोक पूरा हुन्छन् भन्ने मान्छेको व्यवहारप्रति तीव्र व्यङ्ग्य गरिएको यस कथामा मान्छेको अल्छीपनको पराकाष्टालाई देखाउन खोजिएको छ । जो मान्छे अल्छी हुन्छ ऊ जीवन बिताउने विभिन्न उपाय सोचेर बसेको हुन्छ, तर उसले काम भने पटक्कै गर्दैन । 'जाँगर र साँगर खाने बेला आँ गर' भन्ने स्वभावका मान्छेहरू पृथ्वीका लागि भार हुन्छन् भन्ने यस कथामा प्रष्ट्याइएको छ ।

लामाछोटा गरी पाँचवटा अनुच्छेदमा पूर्ण भएको यो कथा वर्णनात्मक शैलीको घटनाप्रधान कथा हो । तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको प्रस्तुत कथाले ग्रामीण जीवनका यथार्थका पृष्ठभूमिमा अल्छी गर्दा मान्छेले कस्तो नियती भोग्नु पर्छ भन्ने सन्देश दिन खोजेको देखिन्छ ।

(४२) **पिण्ड-पानीको आशामा**

'पिण्ड-पानीको आशामा' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित पारिवारिक विषयवस्तुमा आधारित सामाजिक कथा हो । यस कथामा मरेपछि पिण्डपानीको आशामा तेस्रो विवाह गरी जन्माएको छोराबाट अपहेलित एउटा पारिवारिक दृश्यचित्र प्रस्तुत गरिएको छ ।

यस कथाको मुख्य पात्र बूढो चालीस वर्ष पुग्दासम्म पनि सन्तान नभएपछि सन्तानका आशामा दोस्रो विवाह गरेको १० वर्षसम्म बाटो हेर्दा पनि दोस्रो कोख सफल नभएपछि तेस्रो विवाह गर्न पुग्छ । तेस्रो विवाह गरेर ल्याएकी स्वास्नीबाट उसको एउटा छोरो जन्मन्छ । छोरो जन्मेपछि मख्ख परेको बूढाले छोराका सबै संस्कारहरू सम्पन्न गरिदिन्छ । तर विवाहपछि ससाना कुरामा आफ्नी दुलहीको पक्ष लिँदा बझाबाझ भएपछि बूढाबूढी टिक्न नसकी अन्त्यमा मगन्ते बन्न पुगेको घटनासन्दर्भ यस कथामा प्रस्तुत गरिएको छ । रूढिग्रस्त परम्परित समाजमा स्वर्गको ढोका खोल्ने काल्पनिक आध्यात्मिक बाटो छ भन्ने विश्वास मान्छेमा परेको भ्रम र त्यसले निम्त्याएको दु:खलाई यस कथामा देखाइएको छ । यस कथामा "छोरा नभए स्वर्ग गइन्न" भन्ने पुरानो संस्कार र त्यस संस्कारबाट जन्मिएको परिणाम कति दु:खद हुन्छ भन्ने कुरा प्रष्ट पारिएको छ । अन्धविश्वास र रूढिग्रस्त समाजमा जीवनको शेषपछि पिण्डपानीको आशाले गर्दा बहुविवाह गरेर भए पनि छोरा जन्माउनु पर्ने बाध्यता र त्यसले निम्त्याउने दु:खद परिणाम नै यस कथाको मूल सार हो ।

सरल रैखिक ढाँचामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको यस कथामा हाम्रो समाजमा छोरा पाउने आशाले निम्त्याउन सक्ने दु:खद परिणामलाई प्रस्तुत गरिएको छ । समाज रूढिग्रस्त छ, मान्छेले आफ्ना परम्परागत संस्कार त्याग्न सक्दैन र त्यसैको परिणामस्वरूप दु:ख पाउँछ भन्ने कुरा यस कथामा देखाउन खोजिएको छ । मृत्युपछि पिण्ड पाउने आशा गरिरहेका आमाबाबुले मर्नुभन्दा अगाडि नै दु:खकष्ट बेहोरेको यथार्थ चित्रण गरिएको यस कथाको शीर्षक सार्थक देखिन्छ । यस कथाले आजका युवा पुस्तालाई आफ्नो कर्म र उत्तरदायित्वप्रति पनि त्यत्तिकै सचेत गराएको छ ।

(४३) **केही सूत्र कथा**

'केही सुत्र कथा' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित त्रिचालीसौँ कथा हो । यस कथामा 'बाटो भुल्दा', 'पालो', 'संसार', 'आशा-निराशा' जस्ता विभिन्न उपशीर्षक राखेर कथा लेखिएको छ । यस कथामा छोराले चोरी गरेकामा बाबुआमाले छोराछोरीलाई केही नभन्दा त्यसबाट निस्कने नराम्रो परिणाम, एउटी महिलाले आफ्नी सासूलाई र आफूले विवाह गरिदिएकी बुहारीप्रति गरेको व्यवहार, अहिलेका युवावर्गहरूले बूढाबूढीप्रति गर्ने हेपाहा व्यवहार र भविष्यको टेक्ने लौरी सम्झी छोराको विवाह गरिदिएका बूढाबूढीले घर नै छोड्नु परेको तीतो सत्यलाई विषयवस्तु बनाइएको छ ।

विभिन्न उपशीर्षकहरूको प्रयोग गरिएकाले कथा समग्रमा नौलो छ । यस कथामा 'बाटो भुल्दा' शीर्षकमा चिट चोरेर एस.एल.सी. पास हुँदा र काक्रो चोरेर खुवाउँदा छोराले आर्जन खुवायो भनेर मख्ख पर्ने एउटा बाबु छोरा चोरीको सावितीमा जेलमा परेपछि पछुतो मानेको देखाइएको छ । अर्को 'पालो' उपशीर्षकमा एउटी नराम्रो संस्कार पाएकी महिलाले पहिले माइतीको रवाफमा सासूलाई दुःख दिएको र पछि बुहारी भित्र्याएपछि बुहारीको माइतीको खिल्ली उडाएको कुरा देखाइएको छ । 'संसार' शीर्षकको कथामा एउटा काँसझैं फूलेको बूढालाई युवाले हप्काएर बाटो छोड भनेको र त्यस बूढाले कुनै दिन म पनि तिमीजत्रै थिएँ बाबु भनी यथार्थ कुरा भनेको देखिन्छ भने अर्को 'आशा-निराशा' कथामा छोरा जन्मेर मख्ख परेका बूढाबूढी नातिनी बुहारी घर भित्रिएपछि घर छोड्नु परेको कुरा देखाइएको छ ।

यसरी समाजमा व्याप्त विकृति र विसङ्गतिलाई विभिन्न पात्रका माध्यमबाट विभिन्न उपशीर्षकहरूमा विभक्त गरी व्यक्त गरिएको यो सूत्रकथा सुवेदीको नौलो प्रयोग हो। यस कथामा मान्छेका विभिन्न नराम्रा आचरण र व्यवहारलाई सुत्रकथाका माध्यमबाट अभिव्यक्त गरिएको छ । एउटै कथाभित्र अनेक घटना, अनेक पात्र र अनेक परिवेश समेटिएको छ । सरल भाषाशैलीको प्रयोग गरी लेखिएको यो कथा सामाजिक यथार्थवादी कथा हो ।

**(४४) बाचा**

'बाचा' 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी कथा हो । यस कथामा समाजले धनी मान्छे र गरिब मान्छेप्रति गर्ने फरकफरक व्यवहारलाई देखाउन खोजेको देखिन्छ ।

कथाको 'ऊ' पात्र मगन्ते भएकाले भेटेजति सबैलाई अभिवादन गर्थ्यो तर सबैबाट लौराको कुटाइ अनि पागलको संज्ञा पाउँन्थ्यो । तर उसले एकदिन १० रुपियाँको नोट भेटाएपछि त्यसले चिट्ठा किनेको र उक्त चिट्ठा पर्दा त्यसबाट घरजम गरी व्यवस्थित जीवनशैली बिताउन थालेपछि उसैलाई उल्टो सबैले अभिवादन गर्न थाल्छन् । उसले आफूलाई अभिवादन गर्ने नानाभाती काम लिएर आउनेहरूलाई बिन्ती बिसाइदिउँला भनी बाचा गर्दथ्यो र साँझ घरमा गएर पैसाको बाकस खोली सबैको अभिवादन सुनाई बाचा पूरा गर्दथ्यो । यसरी हुने खाने भएपछि मान्छेले, मान्छेप्रति गर्ने चाप्लुसी र गरिबहरूप्रति गर्ने व्यवहारलाई यस कथामा देखाउन खोजिएको छ । मान्छे कतिसम्म स्वार्थी हुन्छ भन्ने कुरा पनि यस कथामा प्रस्ट्याइएको छ । सधै हुनेखानेका पछि लाग्ने हाम्रो चिन्तन र चरित्रप्रति तीव्र व्यङ्ग्य प्रहार गर्न सफल यस कथामा गरिब हुँदा मान्छेले सामान्य मानवताको व्यवहारसम्म पनि नगर्ने सत्यलाई कथामा उद्घाटित गरिएको छ ।

अरू लघुकथाभन्दा केही लामो यो कथा पाँचवटा अनुच्छेदमा पूर्ण भएको छ । वर्णनात्मक शैलीको यस कथामा कथाकार स्वयम् कथयिताका रूपमा देखिएका छन् । यस कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । चाहे धनी होस् या गरिब सबै मान्छेलाई समान व्यवहार गर्नुपर्ने सन्देश यस कथाले दिएको छ ।

**(४५) जस्तालाई त्यस्तै**

'जस्तलाई त्यस्तै' कथाकार भूपेन्द्र सुवेदीको लघुकथासङ्ग्रह 'एक मूल एकाउन्न फूल' मा सङ्कलित सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी कथा हो । यस कथामा राम्रो र असल मान्छेलाई समाजले जेजस्तो परिस्थिति आइपरे पनि सहयोग गर्छ तर धूर्त र आडम्बरीलाई समाजले कुनै वास्ता गर्दैन भन्ने यथार्थ देखाउन खोजिएको छ ।

प्रमुख पात्रका रूपमा दुई भाइ र तिनका श्रीमती रहेको यस कथामा भाइकी श्रीमतीको बेहोसीका कारण कर्सो जोडिएका दुई भाइका घर जलेर नष्ट हुन्छन् । सम्पत्तिको ठूलो अंश गाउँका दुःखी अदनाहरूको सहयोगका निम्ति खर्च गरेर गरिब भएका दाजु चाहिँको गुन सम्झी गाउँले सबैले दाजुलाई सहयोग गरेर जसका तस बनाइदिन्छन् ।

तर भाइले धनदौलतमा सबैलाई उछिने पनि धनका घमण्डले मान्छेलाई मान्छे नगन्ने प्रवृत्तिले गर्दा उसलाई कतैबाट सहानुभूतिसमेत प्राप्त नभएको कुरा यस कथामा देखाइएको छ ।

यसरी सामाजिक जीवनका यथार्थलाई विषयवस्तु बनाएर लेखिएको 'जस्तालाई तस्तै' कथामा समाजले राम्रो मान्छेलाई सधै सहयोग गर्छ र घमण्डी र धूर्तलाई कुनै सहयोग गर्दैन भन्ने सामाजिक सत्यलाई यस कथामा देखाइएको छ । 'जस्तालाई त्यस्तै' शीर्षकमा लेखिएको यस कथाको शीर्षक कथावस्तुअनुसार सोझो र सार्थक छ । तृतीयपुरुष दृष्टिबिन्दुमा रचना गरिएको यो कथा घटनाप्रधान छ । कथाकार स्वयम् कथयिताका रूपमा उपस्थित भई घटनाको वर्णन गरिएको यो कथा सामाजिक यथार्थको अङ्कनका दृष्टिले सशक्त छ ।

**(४६) अवकाश**

'अवकाश' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित छयालीसौँ कथा हो । यस कथामा कथाकारले भ्रष्ट कर्मचारीतन्त्रप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । नेपालको प्रशासनिक संयन्त्र र त्यसका भ्रष्ट आचरणलाई देखाउन खोजिएको यस कथामा सोझासाझा कर्मचारीले राम्रो काम गर्दा गर्दै पनि किन सँजाय पाउँछन् भन्ने कुरा देखाइएको छ ।

'अवकाश' कथाको पात्र विकास अधिकृत एक वर्षका लागि परीक्षण कालमा रहने गरी नियुक्त गरिएको हुन्छ । तर छड्के जाँच गर्दा त्यहाँका कलापूर्ण मूर्तिहरू जहाँका तही रहेका, त्यहाँ सञ्चालन भएका विकास योजनाहरू द्रुत गतिमा चालिरहेका, उसकी श्रीमतीले सात महिना अघिकै पुरानो साडी भिरेकी, अधिकृतले एउटा घरसम्म पनि बनाउन नसकेको देखेर असक्षम बुझेर उसलाई परीक्षणकाल पाँच महिना बाँकी छँदै जागिरबाट अवकाश दिएको कुरा कथामा देखाइएको छ ।

यसरी एउटा सोझो कर्मचारीलाई राम्रो काम गरेकाले इनाम दिनुको सट्टा अवकाश दिने नेपाली भ्रष्ट प्रशासनलाई यस कथाले प्रस्तुत गरेको छ । जुन कर्मचारी सोझो छ, हरदिन जनताको सेवामा समर्पित हुन्छ, त्यस्तो कर्मचारी जतिसुकै क्षमतावान् भए पनि जागिरमा टिक्न सक्दैन भन्ने व्यङ्ग्य यस कथामा गरिएको छ । तल्ला स्तरका कर्मचारीबाट माथिल्ला स्तरका कर्मचारीसम्मलाई भागबण्डा गर्ने हाम्रो भ्रष्ट कर्मचारीतन्त्रमा अन्ततः तल्ला स्तरका कर्मचारी कसरी जागिरबाट निकालिन्छन् भन्ने कुरा देखाउन यो कथा सफल छ ।

तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । नेपालको भ्रष्ट प्रशासनिक संयन्त्र र त्यसले निम्त्याएको विकृतिलाई देखाउन यो कथा सफल भएको छ ।

(४७) **प्रश्न**

'प्रश्न' कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथाले नेपालको भ्रष्ट तथा कमजोर प्रशासनिकतन्त्रको धज्जी उडाएको छ । एउटा गाउँको जि.मुले सिधासाधा जनतालाई दुःख दिँदा उसलाई प्रशासनले कार्वाही गर्नुको सट्टा उल्टो आड दिने नेपालको प्रशासनिकतन्त्रलाई यस कथामा देखाइएको छ ।

'प्रश्न' कथाको पात्र 'ऊ' जि.मु हो । उसले सारा गाउँलेलाई दुःख दिन्छ । गाउँलेले उसका विरुद्ध प्रशासनमा उजुरी गरे पनि प्रशासनले केही गर्न सक्दैन । गाउँलेले मुखियालाई सामाजिक बहिस्कार गरी कालो मोसो दली दिसा खुवाएर गाउँ घुमाए पनि उसले गाउँलेका आडमा आफ्नै गाउँ घुमेको र कालो मोसो र दिसा पखालेर गैहाल्यौ भन्दै त्यसपछि पनि गाउँलेलाई सताउन छाड्दैन । यसरी गाउँघरमा प्रसासनमाथि आस्था र विश्वास घटेको कुरा यस कथामा देखाइएको छ । भ्रष्टहरूलाई तह लगाउन केही उपाय नलागेपछि उसको बेइज्जतीको हद के हो भन्ने प्रश्न गाउँलेका अगाडि खडा भएको छ । यस कथामा पनि वर्णनात्मक शैलीको उपयोग गरिएको छ । तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको यस कथामा सरकारी कर्मचारीहरूले सोझासाजा जनतालाई सताएको कुरा व्यक्त गरिएको छ ।

(४८) **भन् सुन्को महत्व**

'भन् सुनको महत्व' 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित यथार्थवादी कथा हो । यस कथामा मोफसलका कविहरूले आफ्ना कविता सीधै चिनजान नभएका सम्पादकलाई छाप्न दिँदा जतिसुकै राम्रो भए पनि नछापिने तर तिनै कविता गन्नेमान्ने व्यक्ति र सम्पादकसँग चिनजानका व्यक्तिमार्फत पढाउँदा छापिने गरेको यथार्थलाई यस कथाले उद्घाटन गरेको छ ।

प्रस्तुत कथाको पात्र कवि आफ्नो कविता सम्पादकलाई नै दिएकोले पक्कै छापिने आशामा बस्दछ । तर कविता छापिँदैन । त्यसको १२ वर्षपछि त्यही कविता आफ्नो चल्तापुर्जा सहरिया नातेदारमार्फत त्यही संस्थामा पठाउँदा प्रकाशित भई कविलाई बधाइ दिँदै रचनाको पारश्रमिक लिन निम्त्याइन्छ । यसबाट के देखिन्छ भने हामीकहाँ जहाँ जे काम गराउन पनि भनसुनबाट मात्र संम्भव हुन्छ र यस्तो भनसुन वा चाप्लुसी प्रवृत्तिबाट

पत्रकारिता वा साहित्यको क्षेत्र पनि अछूत रहन सकेको छैन भन्ने कुरा देखाउन यो कथा निकै सफल छ ।

'भनसुनको महत्त्व' हुनु पर्नेमा 'भन् सुन् महत्व' सोझो शीर्षक दिएर लेखिएको यस कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीको यो कथा सङ्क्षिप्त पाँचवटा अनुच्छेदमा रचना गरिएको छ र आयामका दृष्टिले कथा अत्यन्तै छोटो छ ।

**(४९) वेदना**

'वेदना' कथाकार भूपेन्द्र सुवेदीको छवटा अनुच्छेदमा रचना गरिएको अपेक्षाकृत विस्तृत लघुकथा हो । नितान्त ग्रामीण सामाजिक परिवेशलाई समेटेर लेखिएको यो कथा सामाजिक विषयवस्तुमा आधारित छ । यस कथामा बुहारीले जतिसुकै राम्रो काम गरे पनि सासूले जस नदिने प्रवृत्तिलाई जस्ताको तस्तै उतारिएको छ ।

प्रस्तुत कथामा एउटी सासूले आफ्नी बुहारीलाई अटेरी, अल्छी, शिष्टाचारहीन भनेर लाञ्छना लगाउँछिन् तर तिनै सासूले आफ्नी छोरी माइती आउँदा सम्धिनीलाई नानाथरि भनेर गाली गरेपछि बुहारीले तपाइँकी छोरी कसैकी बुहारी भएझैँ म पनि तपाइँकी बुहारी र कसैकी छोरी हुँ । छोरीलाई दुःख हुँदा तपाइँलाई पीर परेझैँ मलाई दुःख पर्दा मेरी आमालाई पनि पीर पर्छ भन्ने वेदना पोख्छे ।

यसरी प्रस्तुत कथामा हाम्रो समाजमा सासूले बुहारीमाथि गर्ने अत्याचारलाई देखाउन खोजिएको छ । समाजमा बुहारीलाई मान्छेका रूपमा नहेरी केवल काम गर्ने मेसिनको रूपमा हेर्ने प्रवृत्ति छ । आफ्नो अस्तित्व मेटाएर अरूका लागि समर्पित हुनुपर्ने नारीको दुःखद र कारुणिक स्थितिलाई यस कथाले देखाउन खोजेको छ । सासूहरू बुहारीलाई दुःख दिँदा मेरी छोरी पनि कसैकी बुहारी हो भन्ने कुरा कहिल्यै सम्झदैनन् भन्दै कथाकारले नेपाली समाजमा महिलाले महिलामाथि गर्ने शोषणलाई हटाउनुपर्ने विचार व्यक्त गरेका छन् ।

सरल रैखिक ढाँचामा लेखिएको यस कथामा कथाकार आफै कथा वाचकका रूपमा देखा परेका छन् । वर्णनात्मक शैलीको यो कथा तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको छ । महिलाले महिलामाथि शोषण गर्ने परिपाटिको चित्रण गरिएको यो कथा सामाजिक यथार्थको सशक्त अभिव्यक्तिका रूपमा प्रकट भएको छ ।

(५०) **काँचो रुखमा आगो**

'काँचो रुखमा आगो' कथाकार सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा सङ्कलित कथा हो । यस कथामा कथाकारले सही सूचना बिना अरूले भनेका भरमा कुरा गर्ने मान्छेप्रति व्यङ्ग्य गरेका छन् । कागले कान लग्यो भन्दैमा आफ्नो कान नछामी कागको पछि लाग्ने प्रकृत्तिप्रति पनि यस कथाले व्यङ्ग्य गरेको छ ।

दुई जना परिचित मान्छेको जम्काभेटबाट थालिएको यस कथामा एउटा मान्छे हतारमा दगुर्दै गरेको देखेर अर्काले हतारिनुको कारण सोध्छ । त्यस मान्छेले दिउँसै मूल बाटोमा बाघ बसेको देखेर आफू डराएको र दौडेको भनेपछि अर्को मान्छेले पत्याउँदैन । अर्को मान्छेले हो होइन भनेर निश्चय गर्न खोज्दा बाघ देखेर डराएँ भन्ने मान्छेले पनि कुरा फेर्दै जाने क्रममा बाघ, स्याल के हो छन त थियो भन्छ । हो त ? भनेर सोध्दै जाँदा अन्तमा खस्राङ गरेको त सुनेकै हुँ, मुसो हो कि बिरालो हो भन्दै अब कुरा नफेर्ने सर्तमा उसले किरिया खान्छ । यसरी यस कथामा मान्छेले कुनै पनि कुरालाई बढाईचढाई प्रस्तुत गर्ने र ढाँट्ने प्रवृतिलाई देखाउन खोजिएको छ । मान्छेले मौकामा सानोभन्दा सानो कुरालाई पनि कति ठूलो बनाउँछ भन्ने कुरालाई यस कथाले प्रस्ट्याउँदै नेपाली समाजमा विद्यमान यस खालको प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ ।

प्रस्तुत कथा दुई जना पात्रहरूले गरेको संवाददात्मक शैलीमा लेखिएको छ । यसमा सरल भाषाशैलीको उपयोग गरिएको छ र वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । यस कथामा ढाँट्ने र सानो कुरालाई पनि बढाईचढाई गर्ने मान्छेहरूप्रति कथाकारले तीखो व्यङ्ग्य प्रहार गरेका छन् ।

(५१) **प्रतिफल**

कथाकार भूपेन्द्र सुवेदीको 'एक मूल एकाउन्न फूल' लघुकथासङ्ग्रहमा 'प्रतिफल' शीर्षकमा दुईवटा लघुकथा प्रकाशित छन् । शीर्षक एउटै भए पनि विषयवस्तु भने दुवैका फरकफरक छन् । सुवेदीको एकाउन्नौँ कथा 'प्रतिफल' हो । यस कथामा कथाकारले श्राद्धमा पितृका नाममा ठगी गर्ने पुरेतहरूको प्रवृत्तिलाई देखाउन खोजेका छन् । "जस्तो काम उस्तै माम" भन्ने नेपाली उक्तिलाई चरितार्थ गर्न खोजिएको यो कथा सामाजिक विषयवस्तुमा आधारित छ ।

प्रस्तुत कथाको मुख्य पात्र पण्डितलाई एउटै तिथिमा धेरै घरमा श्राद्ध गर्नु परेकाले उसले गतिलो बुद्धि लगाई तर्पण र अरू काम बाटैमा सकेको छु अब पिण्ड पल्टाऊ भन्दै तीन घण्टा लाग्ने श्राद्धलाई १० मिनेटमा सिद्ध्याएर गोजीमा दाम र पिठ्युँमा माम बोकेर

घर जान्छ । गाउँलेहरूले कुरिया उठाउने बेला पण्डितलाई एक पाथी नुनका सट्टा एक माना नुन र बच्चाले खेलाउने जत्रो हलो बनाएर दिन्छन्, यसबाट पण्डित रिसाउँछ ।

यसरी प्रस्तुत कथामा धर्मको आड लिएर सोझा गाउँलेहरूलाई ठग्ने पण्डितहरूप्रति तीखो व्यङ्ग्य गरिएको छ । अन्त्यमा जस्तो काम गर्‍यो त्यस्तै प्रतिफल पाइन्छ भन्ने कुरा गाउँलेहरूले उसलाई दिएको कुरियाबाट प्रस्ट पार्न खोजिएको छ ।

सानासाना सात अनुच्छेदमा रचना गरिएको यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ । नेपाली सामाजिक यथार्थलाई उद्घाटन गर्न सफल यस कथामा कथाकार स्वयम् कथयिता बनेर जस्तो काम गर्‍यो त्यस्तै प्रतिफल पाइन्छ भन्ने सारसन्देश अभिव्यक्त गरेका छन् र भाव अनुरूपको यसको शीर्षक सार्थक छ ।

**४.४.३ निष्कर्ष**

भूपेन्द्र सुवेदी नेपाली कथासाहित्यका फाँटमा लघुआयतनका कथास्रष्टाका रूपमा देखापरेका छन् । आफ्ना क्षेत्रमा साहित्यसृजनामा अगुवा रहेका सुवेदीको ‘एक मूल एकाउन्न फूल’ लघुकथासङ्ग्रहका रूपमा प्रकाशित छ । यसका कथाहरू मानवजीवनका विविध खाले विसङ्गतिर र विडम्बनायुक्त सत्यलाई उद्घाटिन गर्ने क्रममा तयार भएका छन् । लघुकथाका सैद्धान्तिक मान्यताहरू पूर्णरूपमा उपयोग नभएका भए पनि लघुकथाहरू लेख्नु र तिनको एउटा सिङ्गै सङ्ग्रह नै प्रकाशन गर्न सफल हुनु नै कथाकार सुवेदीको कथाकारिताको ठूलो उपलब्धि हो । आधुनिक संसारका गतिविधिहरूबाट टाढै रहेर आफ्नै परिवेश, आफ्नै गाउँपाखाहरूका कथाव्यथालाई छोटो र चुस्त रूपमा प्रस्तुत गर्नु उनको लघुकथात्मक विशेषता हो । सीधै विषयवस्तुमा प्रवेश गरेर अन्य विषयलाई सूक्ष्म आयतनभित्र कथाका ढाँचामा झ्वाट्ट भन्न सक्नु पनि उनको लघुकथा सृजनासामर्थ्यको द्योतक हो ।

प्रस्तुत ‘एक मूल एकाउन्न फूल’ लघुकथासङ्ग्रहमा उनका एकाउन्नवटा कथाहरू समाविष्ट छन् । खासगरी सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएका उनका कथाको शील्प पक्ष केही फितलो र कमजोर देखिए पनि उनका कथाले समेटेको विषय अत्यन्त सबल देखिएको छ । यसबाट कथाकार जीवन र समाजका विविध मूल्यलाई ससाना एकाइहरूमा मार्मिक किसिमले प्रस्तुत गर्न सिपालु देखापरेका छन् ।

वर्तमान नेपाली समाज अनन्त पत्रमा थिचिएको छ । देशको आर्थिक आचरण दूषित छ, राजनीति दूषित छ, शिक्षा दूषित छ, लोग्ने र स्वास्नीको सम्बन्ध दूषित छ । आमाछोरी, सासूबुहारी, दाजुभाइ, छरछिमेक सबैको सम्बन्ध दूषित छ । पुरोहितयजमान, भक्त, महात्मा हाकिम, कारिन्दा, ग्राहक, व्यपारी लागायतका सबै सम्बन्धहरू दूषित छन् ।

यस्ता प्रदूषणबाट आक्रान्त कथाहरू समकालीन यथार्थका प्रतिबिम्ब हुन् । यही सोरोफेरोमा कथाकार सुवेदीका कथाहरू रचिएका छन् ।

## ४.५ 'भावनाका लहरहरू'मा सङ्कलित गीत कविताहरूको विवेचना

### ४.५.१ परिचय

'भावनाका लहरहरू' भूपेन्द्र सुवेदीको तेस्रो कृतिका रूपमा २०६२ वैशाखमा प्रकाशित भएको हो । पद्यकविता, गद्यकविता, हाइकु, गीत, गजल र मुक्तकहरूसमेत सम्मिश्रण भएकाले यो सङ्कलन सुवेदीको मीठो खीचडी भएको छ । साहित्यका विभिन्न विधामा कलम चलाएका सुवेदीको रुचिको विधा कविता नै हो । कवितामा उनले गद्य, पद्यका साथै गीत, गजल, समस्यापूर्ति र हाइकुसमेत रचना गरेका छन् ।

प्रस्तुत 'भावनाका लहरहरू'मा उनका जम्माजम्मी ६१ वटा रचना सङ्कलित छन् । २३ वटा पद्यकविता ६ वटा गद्यकविता, १ गजल, ३ वटा मुक्तक, ३ वटा समस्यापूर्ति र तीन हाइकु उपशीर्षकभित्र 'अनुशासन', 'विज्ञापन' र 'शान्ति' गरी ३ वटा हाइकु कविता र २६ वटा गीतहरू सङ्कलित छन् । यस कृतिका सबैजसो रचनाहरूमा विषयवस्तुअनुसारका चित्र पनि समावेश गरिएको छ ।

वैचारिकतामा रम्ने सम्पूर्ण पाठकहरूमा समपर्ण गरिएको प्रस्तुत कृतिको भूमिका चर्चित साहित्यकार तथा सम्पादक नारायणप्रसाद शर्मा र कवि, गीतकार तथा चर्चित गायक डा. गोविन्द आचार्यले लेखेका छन् । आफूलाई जन्म दिनुका साथै पालनपोषण, शिक्षादीक्षा दिएर तिर्न नसक्ने गरी बुबाले लगाएको ऋणको सानो अंशमात्र भए पनि यो रचना प्रकाशित गरेर तिर्न पाएकोमा खुसीको अनुभव गर्ने भूपेन्द्र सुवेदीका माइला छोरा नरेन्द्र सुवेदी यस कृतिका प्रकाशक हुन् र उनको छोटो प्रकाशकीय मन्तव्य पनि यसमा समाविष्ट छ ।

'भावनाका लहरहरू'मा भूपेन्द्र सुवेदीका २०२० सालदेखि २०६१ सालसम्म सृजना गरिएका रचनाहरू समावेश गरिएका छन् । सुवेदीका यी रचनाहरू यस अघि विभिन्न साहित्यिक कार्यक्रमहरूमा वाचन गरिएका र राष्ट्रिय तथा स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् । कविता होस् वा गीत अथवा अन्य जुनसुकै रचनाले पनि जनचेतना जगाई समाजसुधारमा प्रेरणा दिन सक्नुपर्छ भन्ने सुवेदीले यस कृतिमा राष्ट्रप्रेम, समाजसुधार, वर्तमान सामाजिक समस्या तथा तिनको निराकरण एवम् नैतिकता र चरित्रनिर्माणको सन्देश दिने खालका रचनाहरू पाठकसामु पस्केको देखिन्छ ।

### ४.५.२ 'भावनाका लहरहरू' मा सङ्कलित समस्यापूर्ति

कवि भुपेन्द्र सुवेदीको 'भावनाका लहरहरू'मा तीनवटा समस्यापूर्ति कविता सङ्कलित छन् । तीमध्ये 'भविष्य हाम्रो', 'विराट साहित्य सम्मेलन२०२०' मा प्रथम पुरस्कृत समस्यापूर्ति कविता हो । 'सन्तानका खातिर' समस्यापूर्ति २०३८ सालमा स्वर्गद्वारी क्याम्पस प्यूठानमा आयोजित साहित्यिक कार्यक्रममा प्रस्तुत गरिएको कविता हो । यीमध्ये 'भविष्य हाम्रो' शीर्षकको समस्यापूर्ति कवितामा निस्वार्थ भएर लोभलालचमा नफसी, भेदभाव नगरी कर्म गरियो भने सम्पूर्ण जाति, समाज, देश, राष्ट्र र संसारकै भविष्य सुन्दर हुन्छ भने भाव व्यक्त गरिएको छ । 'सन्तानका खातिर' ( नकारात्मक) कविताले पुर्खाको धनसम्पत्तिमा मोज गरेर आफ्ना सन्तानका निम्ति केही पनि नसोच्नेहरूको विचारलाई प्रस्तुत गरेको छ । त्यस्तै यही शीर्षकको (सकारात्मक) अर्को समस्यापूर्तिले समयको मूल्य बुझेर आफ्ना सन्तानलाई उज्वल मार्गतिर लगाउन बाबुआमाले हर प्रयत्न गर्नुपर्दछ भन्ने भाव प्रस्तुत गरेको छ । सुवेदीका यी तीनवटा समस्यापूर्ति कवितामा जीवनका विविध पाटालाई समेट्ने प्रयत्न गरिएको देखिन्छ ।

भूपेन्द्र सुवेदीका यी ३ वटा समस्यापूर्ति आयाम वा संरचनाका दृष्टिले अत्यन्तै सङ्क्षिप्त छन् । चार पङ्क्तिको एक श्लोकमा संरचित यी कविताहरू भावका दृष्टिले सघन छन् । अन्त्यनुप्रास मिलाइएका यी कविताहरू लयात्मक पनि छन् । तत्सम र तद्भव शब्दको सुन्दर संयोजन गरी आफ्ना भावहरूलाई सुत्रात्मक रूपमा अभिवयक्त गर्ने कला यी समस्यापूर्ति कवितामा देखिन्छ । उपजाति छन्द र शार्दूलविक्रीडित छन्दमा रचित यी समस्यापूर्ति कविताले सुवेदीको कवित्वप्रतिभालाई झल्काएका छन् ।

### ४.५.३ 'भावनाका लहरहरू'मा सङ्कलित मुक्तकहरू

भूपेन्द्र सुवेदीको 'भावनाका लहरहरू'मा 'तीन मुक्तक' शीर्षकमा ३ वटा मुक्तक सङ्कलित छन् । यी मुक्तकहरूमा कवि सुवेदीले जीवनको यौवनकालदेखि पाको उमेरसम्मका सोचाइलाई तीन हिस्सामा बाँडेर प्रेम, आदर्श र त्यागका कुरालाई देखाउन खोजेका छन् ।

पहिलो मुक्तकमा कविले मान्छेको यौवनकाललाई भदौरे भेलसँग तुलना गरेका छन् । मान्छे जन्मन्छ र एक दिन अवश्य मर्छ । यो प्रकृतिको नियम नै हो, तापनि सम्झँदा कहिलेकाहीँ जीवनप्रति वितृष्णा जाग्छ । सुवेदी पनि मरणशील जीवनको वास्तविकता बुझेर उदास बनेका छन् । कविको दोस्रो मुक्तकमा कवि यौवनकालका

रमाइला दिनहरूको स्मरण गर्दै आफ्ना ६७ वर्षे अनुहार ऐनामा हेर्छन । यसरी यी मुक्तकहरूमा कवि सुवेदीले मरणशील जीवनको वास्तविकताको बोध गराउन खोजेको देखिन्छ । तेस्रो मुक्तकमा राजनीतिक दलका नेताहरू जनताले अपेक्षा गरे अनुरूपको काम नगरी कुर्चीका लागि मात्र तँछाडमछाड गरेको तथ्य व्यक्त भएको देखिन्छ ।

यी प्रत्येक मुक्तक चार पङ्क्तिमा पूर्ण भएका छन् । यिनमा लोकछन्दको प्रयोग गरिएको छ । अनुप्रासयुक्त लय, ढाँचा तथा कलात्मक अभिव्यक्तिले यी मुक्तक लयात्मक पनि बनेका छन् । भाषाको सहज र स्वाभाविक प्रयोग यी मुक्तकहरूमा देख्न सकिन्छ ।

### ४.५.४ 'भावनाका लहरहरू'मा सङ्कलित गजल

कवि भूपेन्द्र सुवेदीको 'भावनाका लहरहरू'मा एउटा गजल पनि सङ्कलित छ । यसमा कविले मान्छेको अल्छी प्रवृत्ति र त्यसले निम्त्याउने समस्यालाई देखाउन खोजेका छन् ।

प्रस्तुत गजलमा मान्छे जवानीको उन्मादमा सही र गलत छुट्याउन सक्दैन भन्दै कविले समय छँदा काम नगरी बस्ने तर पछि पछुताउने मान्छेको बानीप्रति व्यङ्ग्य गरेका छन् । आफूले काम नगरी अरूले जुटाइदिएको माम खान बानी परेका मान्छेहरूलाई अर्ती दिँदा स्वीकार्य हुँदैन । तर पछि होस आउँदा ढिलो भैसक्ने कुरा प्रस्तुत गजलमा व्यक्त गरिएको छ । त्यस्तै रस जति चुसेर बोक्रा फ्याक्ने मान्छेको स्वार्थीपनप्रति पनि यस गजलले चोटिलो प्रहार गरेको छ ।

जम्मा छवटा सेरमा संरचित यस गजलमा भाव र साङ्गीतिक चेत सशक्त छ । मसिना मानवीय भावहरूलाई टिप्दै गजलका ढाँचामा तिनको गुम्फन गर्ने प्रयास गरिएको यस गजलमा देखिन्छ ।

### ४.५.५ 'भावनाका लहरहरू'मा सङ्कलित हाइकु

कवि भूपेन्द्र सुवेदीको 'भावनाका लहरहरू'मा ३ वटा हाइकु सङ्कलित छन् । नेपाली साहित्यमा भित्रिएको जापानी शैलीको हाइकु कवितासमेत यस कृतिमा समावेश गरेर कविले एउटै कृतिका माध्यमबाट अनेक स्वाद दिन खोजेको देखिन्छ । ३ वटा छुट्टाछुट्टै शीर्षकमा प्रस्तुत गरिएका ३ वटा हाइकुमा कविले बेग्लाबेग्लै भाव व्यक्त गरेका छन् । यहाँ प्रस्तुत तीन हाइकुलाई क्रमशः 'अनुशासन', 'शान्ति' र 'विज्ञापन' शीर्षक दिएर कविले आजको मान्छे फुकाएर छाडिएको साँढेजस्तै अनुशासनहीन बन्न पुगेके छ भन्ने

धारणा व्यक्त गरेका छन् । आज मान्छेले निहुँ खोज्दै बाटो बिराएको छ र अनुशासन केवल शब्दमा मात्र सीमित भएको छ भन्ने भाव यसमा व्यक्त गरिएको छ । वर्तमान अवस्थामा शान्तिको खाँचो भए पनि मान्छेले क्रान्तिको राँको दन्काई चुपलागेर बसेको छ भन्दै सामाजिक, आर्थिक, सांस्कृतिक सबै क्षेत्रमा मान्छेले चक्रव्यूह सृजना गरेर त्यसमा साँचो लगाएको छ भन्ने भाव 'शान्ति' शीर्षकको हइकुमा प्रकट गरिएको छ । बोल्नेको पीठो बिक्छ र नबोल्नेको चामल पनि बिक्दैन भन्ने उक्तिलाई 'विज्ञापन' शीर्षकको हाइकुले पुष्टि गरेको छ । स्तरहीन सामानको पनि विज्ञापन गरेर सोझासाजा ग्राहकलाई ठग्ने प्रवृत्तिको भण्डाफोर यस हाइकुमा गरिएको छ । सुवेदीले प्रस्तुत गरेका तीनवटा हाइकुको संरचना सैद्धान्तिक स्थापना अनुरूप ठ्याक्कै नमिले पनि भावगत दृष्टिले सुवेदीका यी हाइकु महत्त्वपूर्ण छन् ।

### ४.५.६ 'भावनाका लहरहरू'मा सङ्कलित पद्यकविता

कवि भूपेन्द्र सुवेदीको 'भावनाका लहरहरू'मा २३ वटा पद्यकविताहरू सङ्कलित छन् । 'दीक्षा', 'झिम्रुकको सुसेली', 'शिक्षक र उनको दायित्व', 'भानुस्मृतिसुमन', 'आमा', 'मृत्युशैयाबाट' 'देवकोटालाई चिठी', 'गन्तव्य', 'शिक्षक प्रस्तोता मात्र होइन प्रस्तुति पनि हो', 'दुःखेसो', 'वेदना', 'स्वर्गद्वारी', 'कविसित', 'राप्तीका गौरव र हाम्रो दायित्व', भानुको देन', 'म' को मादमा, 'विमतिका स्वरहरू', 'मुटुको बह' 'श्रद्धापुष्प', 'शिशुसँग', 'सन्ततिलाई चिठी' र 'पहिले र अहिले' यस कृतिमा सङ्कलित पद्यकविताहरू हुन । यी पद्यकविताहरूमा नैतिकता, समाजसुधार, सामाजिक आदर्शजस्ता विचारहरूका साथ जीवनका दुःखेसो, पीडा र स्थानीय प्रकृतिका सुन्दर चित्रहरूलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । विभिन्न शीर्षकहरूमा संरचित पद्यकविताहरूमा फरकफरक प्रकारका भावलाई समेट्ने कोसिस गरिएको छ ।

'दीक्षा' 'शिक्षक र उनको दायित्व', 'शिक्षक प्रस्तोता मात्र होइनन प्रस्तुति पनि हो' शीर्षकका पद्यकवितामा कवि सुवेदीले शिक्षकको महिमा गाएका छन् । सम्पूर्ण विद्यार्थीको भविष्यको निर्माता शिक्षक आफै प्रस्तुति बनी पूर्ण दायित्व निर्वाह गर्न सकेमात्र विद्यार्थीलाई शिक्षाको दीक्षा दिन सकिन्छ भन्ने भाव व्यक्त गरिएको छ । यस्तै नेपाली साहित्यका सुप्रसिद्ध साहित्यकारको स्मृतिमा रचिएका 'भानु स्मृति सुमन', 'देवकोटालाई चिठी', 'कविसित' र 'भानुको देन' पद्यकवितामा कवि सुवेदीले आदिकवि भानुभक्त र महाकवि देवकोटाका काव्यात्मक योगदानको चर्चा गर्दै उनीहरूले नेपाली साहित्यमा

दिएको योगदानले सारा नेपाली भूमि सिञ्चित भएको र गौरवशाली साहित्यिक परम्पराको विकास भएको भाव व्यक्त गरेका छन् । 'झिम्रुकको सुसेली' 'स्वर्गद्वारी','राप्तीका गौरव' र 'हाम्रो दायित्व' जस्ता कवितामा राप्ती क्षेत्रका महत्त्वपूर्ण क्षेत्रहरू, नदीनाला, पर्वत, धार्मिक स्थानहरू र ती स्थानका प्राकृतिक मनोरम छटा, आध्यात्मिक र भौतिक उन्नतिका स्वरहरूलाई समेटेको देखिन्छ । स्थानीय प्रकृतिको सुन्दरताको चित्रणमा रचिएका यी कविताहरू अझ बढी सशक्त छन् । यस्तै 'वेदना' कवितामा कविले सहोदर दाजु हिम सुवेदीको मृत्युमा आफ्ना मनका वेदनापूर्ण भाव व्यक्त गरेका छन् भने 'श्रद्धापुष्प' मा २०६० साल प्यूठानमा जन्तीबस पल्टँदा स्वर्गीय भएका ४० जनाको आत्माको चिरशान्तिको कमाना गरिएको छ । यस्तै 'आमा' र 'मृत्युशैयाबाट'मा मातृत्वको महिमागानका साथै मातृऋण तिर्नुपर्ने प्रसङ्गलाई काव्यात्मक स्वर दिने प्रयास गरेका छन् । 'शिशुसँगै' र 'सन्ततिलाई चिठी' शीर्षकका पद्य कवितामा उपदेशमूलक भाव व्यक्त गरिएको छ । भविष्य सुन्दर बनाउने जिम्मा शिशु र सन्ततिको हो । त्यसैले आपसी कलह त्याग्दै संसारलाई प्रेम र शान्तिले हाक्न सक्नुपर्छ भन्ने भाव यी कवितामा देख्न सकिन्छ ।

'छिमेकी' शीर्षकको कवितामा कविले छिमेकीहरूको परिचय गराउँदै छिमेकमा बस्नेले ऋणधन, ऐँचोपैँचो, सुखदुःख बाँड्न सकेमात्र असल छिमेकी र असल समाजको निर्माण हुन्छ भन्ने भाव व्यक्त गरेका छन् । यस्तै 'गन्तव्य'कवितामा कविले मान्छे मरेर गए पनि उसका कामले ऊ समाजमा अमर बन्छ भन्ने सन्देश दिएका छन् । 'पहिले र अहिले' कवितामा नेपालीहरूको पहिले र अहिलेका परम्परा, संस्कार, संस्कृति र जीवनमूल्यलाई तुलना गर्ने प्रयास गरिएको छ र वर्तमानका अशान्ति, द्वन्द्व र पिरलोबाट मुक्तिको मार्ग पहिल्याउने प्रयास गरिएको छ । 'म को मादमा' व्यङ्ग्यात्मक पद्यकविता हो र यसमा म कै बडम्पनका कारण संसारमा बेमेल र बैमनस्य उत्पन्न भएको छ भन्ने भाव अभिव्यक्त गरिएको छ ।

'भावनाका लहरहरू'मा सङ्कलित सुवेदीका पद्यकविताका भावलाई केलाउँदा ज्ञानविज्ञान र सामाजिक संस्कारमा हाम्रो जीवन चलेको छ र हामी राम्रा कामको अनुकरण गर्दै आफूसँग भएको सम्पदा, खुबी र विवेकलाई पूर्णरूपले उययोग गर्न सक्यौँ भने सृष्टिको सुन्दर उपहार जीवन सफल हुन्छ भन्ने भाव अभिव्यक्त गरिएको पाइन्छ ।

प्रस्तुत सङ्ग्रहमा सङ्कलित पद्यकविताहरू आयामका दृष्टिले मझौला खालका देखिन्छन् । यसमा सङ्कलित पद्यकविता सामान्यतः ४ देखि ११ श्लोकमा संरचित छन् । 'झिम्रकको सुसेली' सबैभन्दा लामो ११ श्लोकमा पूर्ण भएको कविता हो भने सबभन्दा छोटो चाहिँ ४ श्लोकका कविता देखिन्छन् । यस्तै एक श्लोकमा संरचित 'दीक्षा' कविता सङ्ग्रहकै सबभन्दा सङ्क्षिप्त आयामको कविता हो ।

यस सङ्ग्रहका सबै पद्यकविताहरूमा अत्यानुप्रासको सुन्दर मिलान गरी साङ्गीतिक चेत दिने प्रयास गरिएको छ । यसका कतिपय कवितामा मध्यानुप्रास र अन्त्यानुप्रासको झल्को पनि देखिन्छ तर यसतर्फ कवि त्यति सफल देखिंदैनन् । यसमा प्रयुक्त शास्त्रीय छन्दमा कतैकतै छन्दविधानका कमजोरी भेटिए पनि विभिन्न शास्त्रीय छन्दहरूमा रचना गरिएका यी कविताहरूले कविको शास्त्रीय छन्दप्रतिको मोहलाई झल्काएको पाइन्छ । सरल भाषाको प्रयोग गरी भावलाई अभिधार्थमा व्यक्त गर्न सिपालु सुवेदीका पद्यकविताहरूमा स्रग्धरा, शार्दूलविक्रीडित र अनसष्टुप् छन्दको प्रयोग गरिएको देखिन्छ । यस सङ्ग्रहका कवितालाई हेर्दा एउटै विषयमा दुईतीनवटा कविता रचना गरिएको पनि भेटिन्छ तापनि समग्रमा यस सङ्ग्रहका कविताका शीर्षक सार्थक नै देखिन्छन् । यस सङ्ग्रहका धेरैजसो कवितामा विषयवस्तुअनुसारका चित्रको प्रयोग गरिएको छ र त्यस्ता चित्र र भावको सामञ्जस्य देखिन्छ नै । पद्यमा कविता लेख्ने परम्परा अत्यन्तै शिथिल हुँदै गएको वर्तमान अवस्थामा सुवदीको यस प्रयासले नेपाली छन्दका कविताहरूको सृजनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान चाहिँ दिएकै देखिन्छ ।

### ४.५.७ 'भावनाका लहरहरू'मा सङ्कलित गद्यकविता

कवि सुवेदीको 'भावनाका लहरहरू'मा ६ वटा गद्यकविताहरू सङ्कलित छन् । ती हुन्. 'यहाँ यस्तै छ', 'मानवताको ता' , 'मनसँग', 'ठूलोको परिभाषा खोज्दा', 'आधुनिक सभ्यताको निशान' र 'यता गाउँ र उता शहरमा' । उनका गद्यकवितामा वर्तमान नेपाली समाजले भोगेका विसङ्गतिको चिरफार गर्दै मानवता, आदर्श र समानताको खोजी गरेको पाइन्छ ।

'यहाँ यस्तै छ' शीर्षकको गद्यकवितामा कविले नेपालको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक आदि क्षेत्रमा बाघको छाला ओढी स्यालको बिगबिगी गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै नेपाललाई स्वर्ग बनाउन सबै लाग्नु पर्ने विचार व्यक्त गरेका छन् । 'मानवताको ता'मा संसारबाटै मानवता हराउँदै गएको, व्यक्तिगत

स्वार्थ र अभिमानले मान्छेलाई दानवको श्रेणीमा पुऱ्याएर अविवेकी र बौलाहा कुकुर बनाएको प्रति कविले दुःखेसो पोखेका छन् । यसरी मानवको बदला दानव, नरका सट्टा वानर बन्दै गएको वर्तमान मानवसभ्यतामा सुधार गर्नुपर्ने विचार व्यक्त गरेका छन् । 'मनसँग' कवितामा पनि मनबाट उत्पन्न हुने बेइमानीपूर्ण सोचविचार र इरादाले संसारमा ध्वंस, दमन, हिंसा, शोषण र अराजकता बढेर मानवता हराइरहेको वर्तमान अवस्थामा वसुधैव कुटुम्बकमको आदर्श ग्रहण गर्ने सन्देश दिइएको छ । 'ठूलाको परिभाषा खोज्दा' कवितामा अहम्शून्य भएको आदर्श समाजसेवी र ज्ञानी मान्छे नै वास्तवमा ठूलो मान्छे हुन्छ भन्दै कविले मान्छेलाई पौराणिक शिबी र दधिचीजस्तै बन्ने प्रेरणा दिएका छन् । 'आधुनिक सभ्यताको निशान' कवितामा कविले वर्तमान सहरियाहरूले आधुनिकताका नाममा आफ्ना संस्कार बिर्सदै गएका र घमण्डले बुद्धिमा बिर्को लगाएर नसाको मादमा डुबी परिवार, समाज, देश र विश्व सबै बिर्सेका छन् भन्दै यसैलाई वर्तमान मान्छेले आधुनिक सभ्यताको निसान सम्झने कुरा पनि व्यक्त गरेको देखिन्छ । यस्तै 'यता गाउँ र उता शहरमा' गद्यकवितामा कविले गाउँ र सहरबीचको भिन्नतालाई मसिनोसँग केलाएको देखिन्छ । गाउँ आज पनि आफ्ना परम्परा, रीति, आदर्श, मानवता र जीवनमूल्यबाट पछि हटेको छैन । गाउँलेहरू मिहिनेत गरेर पसिना काट्दै रूखोसुखोमा आनन्द लिइरहेका छन् भने सहर चाहिँ भौतिक सुखका निन्ति आफ्नो जीवनामूल्य, आदर्श, भ्रातृत्व, सहयोग र सद्भावजस्ता कुराहरूबाट धेरै टाढा भागेको छ भन्ने राय कवितामा प्रकट भएको छ ।

कथ्य विषयवस्तुलाई समेट्ने खालका शीर्षकहरू राखेर रचना गरिएका यी गद्यकविता कविका प्राथमिक प्रयास हुन् । गद्यलयमा सिर्जना हुने साङ्गीतिक झङ्कार प्राप्त गर्न नसकेका यी कविताहरूमा पनि कतै कतै छन्दोबद्ध कवितामा जस्तै अन्त्यानुप्रासको आयोजना भेट्न सकिन्छ । बिम्ब र प्रतीक गद्यकविताका गहना नै हुन्, तर कवि यसतर्फ त्यति सचेत देखिँदैनन् । संरचनाका दृष्टिले पनि सुवेदीका गद्य कविता मझौला आयामका छन् । पौराणिक पात्रहरूलाई प्रतीकका रूपमा उपयोग गर्दै वर्तमान मानवजीवनका विसङ्गतिलाई चिरेर जीवनको आनन्दको खोजी गर्ने उद्देश्यले रचिएका यी कविताहरूले कवि सुवेदीको गद्यकवितासमार्थ्यको सङ्केत पनि गरेका छन् ।

### ४.५.८ 'भावनाका लहरहरू'मा सङ्कलित गीतहरू

'भावनाका लहरहरूमा' भूपेन्द्र सुवेदीका २६ वटा गीतहरू सङ्कलित छन् । ती हुन् 'ए नेपाली', 'जिन्दगी', 'वेदना', 'पाइँदैन फेरि', 'फलै पाकी गल्किएछ', 'माया प्रीति लाउनु पर्छ', 'छ है तिम्रै भर', 'नेपाल नै हो भन्नैँ लाग्यो', 'गयो जीवन खेर', 'विश्व हाम्रो साझा घर', 'कस्तो मपाइँ हेर', 'तिरेरै मर्ने छु', 'भयो निकै बेर', 'धर्ती स्वर्ग बन्छ', 'मौसमको खेल', 'आमा खुसी पारौँ', 'जगै अटाउँछ', 'सोधुँ मैले कलाई ?', 'लौ छोड भनेर', 'आगत बनाऊँ', 'नेपाल जस्तो अर्को कुन्छ ?', 'को होला नि धनी ?', 'आएन काल त', 'कस्ले भने होला', 'तातो खरानीको डर', 'हसाँए है नयाँ वर्ष' । सुवेदीका यी गीतहरूमा बढी राष्ट्रवादी भावना व्यक्त भएको छ ।

'भावनाका लहरहरू'मा सङ्कलित 'ए नेपाली', 'छ है तिम्रै भर', 'नेपाल नै हो भन्नैँ लाग्यो' , 'विश्व हाम्रो साझा घर', 'तिरेर मर्नेछु', 'भयो निकै बेर', 'आमा खुसी पारौँ', 'नेपाल जस्तो अर्को कुन्छ ?', 'हँसाए है नयाँ वर्ष' गीतहरूमा राष्ट्रभक्तिले भरिएका भाव अभिव्यक्त भएका छन् । नेपाल, नेपाली राष्ट्रियता र नेपाली संस्कृतिको रक्षा र विकासका लागि कर्मठ युवाहरूले आफ्नो दायित्वलाई सम्झेर अगाडि बढ्नुपर्ने सन्देश यी गीतहरूले दिएको देखिन्छ । देशभक्त सन्तानहरूले नै नेपाल आमालाई खुसी पार्छन् भन्ने भाव यी गीतहरूमा अभिव्यक्त भएको छ । कतिपय गीतमा नेपाली प्रकृतिका सुन्दर र रमणीय स्थलहरूको चित्रण गर्दै नेपालको सुन्दर प्रकृतिले नै नेपाललाई संसारमा चिनाएको छ भन्ने भाव पनि व्यक्त भएको छ । नेपाली हुनुको गौरव गाथा गाउँदै कर्तव्यबोध गराउन सुवेदीका यी गीतहरू सफल देखिन्छन् ।

मायाप्रीतिका भावहरू अभिव्यक्त गर्ने गीतहरूमा 'पाइदैन फेरि', 'फलै पाकी गल्किएछ', 'माया प्रीति लाउनु पर्छ', 'जगै अटाउँछ,', 'सोधु मैले कलाई ?', 'तातो खरानीको डर' पर्छन । यी गीतहरूमा प्रेमको शाश्वत पक्षको खोजी गर्ने प्रयास कविले गरेको देखिन्छ । नारीपुरुषबीच हुने प्रेमदेखि विश्व बन्धुत्वजस्ता व्यापक परिधिसम्म सुवेदीको प्रणयदृष्टि विस्तारित भएको छ । उनी प्रेमको शिष्ट र हार्दिक पक्षमा देखिन्छन् । प्रेमको आदर्शलाई बुद्धत्व सम्झने कवि प्रमेको आध्यात्मिक पक्षसँग बढी सहमत देखिन्छन् । कविले समसामयिक प्रेमको मूल्य युवाहृदयका ढुकढुकी, मिलनका खुसी र बिछोडका पीडाहरूलाई आफ्ना प्रेमगीतमार्फत अभिव्यक्त गरेका छन् । यस्तै उनका कतिपय गीतहरू सन्देशमूलक छन् । त्यस्ता गीतहरूमा 'जिन्दगी', 'वेदना', 'पाइँदैन फेरि', 'धर्ती स्वर्ग बन्छ', 'सोधु मैले कलाई ?', 'आगत बनाऊँ', 'आएन काल त', 'को होला नि

धनी ?', 'कसले भने होला', पर्छन । यी गीतहरूमा कविले जीवन परिवर्तनशील छ र मिहिनेत गर्नेहरू सफल जीवन बाँच्छन् भन्ने मान्यता हुँदाहुँदै पनि गाँसबाँसको समस्याले मान्छेलाई पीडित बनाएको छ भन्ने धारणा व्यक्त गरेका छन् । त्यस्तै जीवन सोचेभन्दा भिन्न हुन्छ । यो भिन्नताभित्र जीवनलाई परिभाषित गर्न कसलाई सोधु भन्दै कवि यसरी आफ्ना भाव व्यक्त गर्छन ।

रित्तो मुख सातु भा भैँ बोली बन्द छ यो,

मर्दो ज्यूँदो छुट्याउन साह्रै दुःख भयो ।

यसैगरी कवि सुवेदीले 'गयो जीवन खेर', 'कस्तो मपाइँ', 'मौसमको खेल', 'लौ छोड भनेर', गीतमा स्थानीय प्रकृति र मौसमको सुन्दरताको वर्णन गरेका छन् । 'गयो जीवन खेर' मा कविले गौमुखी, स्वर्गद्वारी, झिम्रुक, माडी आदि स्थानीय भूगोल र त्यहाँका प्राकृतिक प्रसङ्गबाट आफू कृतकृत्य बनेको भाव व्यक्त गरेका छन् । 'कस्तो मपाइँ', राप्ती क्षेत्रमा प्रचलित झिम्रुक र माडी नदीबीचको अन्तर्द्वन्द्वको कथालाई विषय बनाएर रचना गरिएको देखिन्छ ।

कविले जीवनका मसिना अनुभूतिहरूलाई स्थानीय रङ्ग दिँदै लयात्मक चेतका साथ आफ्ना उपर्युक्त गीतहरूमा अभिव्यक्त गरेका छन् । स्थानीय प्रकृतिका सुन्दर चित्रहरू पनि उनका गीतहरूमा समेटिएको देखिन्छ । राष्ट्रियता र सामाजिक पीडाका भावहरू एवम् प्रकृतिको चित्रण नै उनका गीतहरूका मूख्य विषयसन्दर्भ बनेका छन् ।

'भावनाका लहरहरू'मा सङ्कलित गीतहरूमा कवि सुवेदीले लोकलयका निकटका स्वतन्त्र गीतिछन्दको प्रयोग गरेका छन् । गीतकार सुवेदी गीत लेख्दा कुनै भाका गुनगुनाउदै लेख्छन् र उनका गीत लयात्मक हुन्छन् । उनका उपयुक्त गीतहरू सङ्गीत भर्ने र गाउने दृष्टिले समेत सुगम देखिन्छन् ।

### ४.५.९ निष्कर्ष

निष्कर्षमा सुवेदीको 'भावनाका लहरहरू'मा सङ्कलित कविता र गीतहरूमध्ये सापेक्ष रूपमा शास्त्रीय छन्दमा लेखिएका कविताहरू नै उत्कृष्ट दखिन्छन् । शास्त्रीय छन्दको मर्मलाई आत्मसात् गर्दै रचिएका उनका पद्यकवितामा भावगत विशिष्टता र संरचनागत, आयामगत, उत्कृष्टता प्राप्त भई तिनले अरू रचनालाई उछिनेको देखिन्छ । यसबाट समग्रमा सुवेदी मूलतः शास्त्रीय छन्दका कवि हुन् भन्न सकिन्छ ।

## ४.६ 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहको विवेचना

### ४.६.१ पृष्ठभूमि

भूपेन्द्र सुवेदीको हास्यव्यङ्ग्यसङ्ग्रह 'बिना भुटनको च्वाइँ' २०६३ असारमा पुस्तकाकार रूपमा प्रकाशित भएको हो । साहित्यका विभिन्न विधामा कलम चलाइसकेका भूपेन्द्र सुवेदीले निबन्धमा पनि आफ्नो प्रतिभा देखाएका छन् । ''समाजसुधारमा प्रस्तोता मात्र होइन, प्रस्तुति नै बन्नु पर्छ'' भन्नेहरूप्रति सादर समर्पण गरिएको यो निबन्धसङ्ग्रह उनकै कान्छा छोरा पुष्पेन्द्र सुवेदीले प्रकाशन गरेका हुन् । प्रस्तुत हास्यव्यङ्ग्यसङ्ग्रहमा रामकुमार पाँडेले 'व्यङ्ग्य हास्यमा हास्यव्यङ्ग्य शीर्षक राखेर कलात्मक शैलीमा आफ्नो सम्मति प्रस्तुत गरेका छन् । दाङबाट निस्कने 'युगबोध' (२०६३ भाद्र १०) र प्यूठानबाट निस्कने 'माण्डवी' पत्रिकामा क्रमशः पद्मप्रसाद शर्मा र भीम अधिकारीले यस हास्यव्यङग्यसङ्ग्रहको राम्रो समीक्षा पनि गरेका छन् ।

प्रस्तुत सङ्ग्रहमा जम्मा २१ वटा निबन्ध रचना सङ्गृहीत छन् । २०५२ सालदेखि 'गोरखापत्र' 'मधुपर्क' लगायतका विभिन्न पत्रपत्रिकामा प्रकाशित तथा अन्य थप निबन्धहरू सङ्कलन गरेर 'बिना भुटनको च्वाइँ' प्रकाशित गरेको देखिन्छ । यथार्थमा मानिसमा देखापर्ने अहङ्कार, बढदप्पन, आडम्बर, बिनातुकको दम्भ, प्रभुत्वजस्ता पाखन्डीपनको धज्जी उडाउन सफल यस सङ्ग्रहका सम्पूर्ण निबन्धको प्रतिनिधित्व प्रस्तुत शीर्षकले गरेको छ र सङ्ग्रह शीर्षकबिधानका दृष्टिले पनि यो सार्थक नै छ ।

### ४.६.२.निबन्धकृतिको विवेचना

#### (१) काठमाडौँ कञ्चनजङ्घाको भरिया भएछ

निबन्धकार भूपेन्द्र सुवेदीको 'काठमाडौँ कञ्चनजङ्घाको भरिया भएछ' निबन्ध २०५२ सालमा 'गोरखापत्र' दैनिकमा प्रकाशित भएको हो । यस निबन्धको विषयवस्तु काठमाडौँको अस्तव्यस्त अवस्थालाई बनाइएको छ । राजधानी बाहिरका हरेकले सानोभन्दा सानो काम पर्दा ताक्ने काठमाडौँलाई यस निबन्धको 'म' पात्रले सानैदेखिको केन्द्र बनाएको हुन्छ । तीर्थस्थल, साहित्यकारको थलो, विशिष्ट राजनीतिज्ञहरूको बस्ती, पर्यटनको केन्द्र, विश्वविद्यालयको भूमि, काठमाडौँ नेपाली जनजीवनका हरेक पक्षको केन्द्र बनेको देखिन्छ । औषधि उपचारको कामले काठमाडौँ भित्रिएको यस निबन्धको 'म' पात्रले यहाँको पर्यावरण मान्छे बस्न लायकको नपाएर दिग्दारिँदै काठमाडौँलाई फोहोरको कञ्चनजङ्घाको रूपमा चित्रण गर्न पुग्छ । निबन्धमा काठमाडौँको यथार्थ चित्र प्रस्तुत गर्दै

काठमाडौँ राजनीतिक, सामाजिक, आर्थिक आदि सबै फोहरको डुङ्गुर बनेको तथ्यलाई निबन्धकारले प्रष्ट पारेका छन् । यसप्रकार देशको राजधानीजस्तो महत्त्वपूर्ण स्थानमा देखिएको विसङ्गतिलाई समयमै सुधार गर्न नसकिए देशको अस्तित्व नै विलीन हुन सक्ने सार्थक सन्देश पनि यस निबन्धमा प्रकट भएको छ ।

जम्मा आठवटा अनुच्छेदमा संरचित यस व्यङ्ग्य निबन्धमा लेखकले चलन चल्तीका प्रशस्त उखानटुक्काको प्रयोग गरेका छन् । उखनैउखानको कृतिजस्तो लाग्ने यस निबन्धमा व्यङ्ग्य सृजना गर्न उखानले नै मद्दत पुऱ्याएको देखिन्छ । केही तत्सम र आगन्तुक शब्द तथा विशेषतः तद्भव शब्दको उचित सन्तुलन मिलाइएको भाषाशैलीको प्रयोग यसमा भएको छ र निबन्धलाई सुललित र कलात्मक बनाइएको छ । देशको राजधानी हरेक नागरिकको केन्द्र हो । राजधानी सामाजिक, आर्थिक, धार्मिक राजनीतिक र सांस्कृतिक सबै पक्षबाट महत्त्वपूर्ण हुन्छ । यसप्रकारको महत्त्व बोकेको नेपालको राजधानी काठमाडौँको विकृत स्वरूपले सबै नागरिकलाई गिज्याइरहेको छ भन्ने भाव यस निबन्धमा व्यक्तिएको छ । काठमाडौँमा थुप्रिएका फोहोरका डुङ्गुरहरूले सगरमाथा, धौलागिरि गौरीशङ्कर कञ्चनजङ्घाजस्ता हिमशिखरहरूको नमुना बन्दै गएको प्रति तीव्र व्यङ्ग्य गर्दै राखिएको 'काठमाडौँ कञ्चनजङ्घाको भरिया भएछ' शीर्षकले काठमाडौँको व्यङ्ग्यात्मक चित्रलाई प्रस्तुत गरेको छ र शीर्षकविधान सार्थक देखिन्छ ।

### (२) तोरी लाहुरे

'तोरी लाहुरे' निबन्ध भूपेन्द्र सुवेदीको हास्यव्यङ्ग्यसङ्ग्रह 'बिना भुटनको च्वाइँ'मा सङ्कलित दोस्रो निबन्ध हो । यस निबन्धमा मान्छेको आडम्बरी स्वभावलाई विषयवस्तु बनाएर मानवीय प्रवृत्तिलाई केलाउने प्रयास गरिएको छ । खल्तीमा पैसा नभए पनि अनावश्यक आडम्बर देखाउनेहरूप्रति यस निबन्धले तीव्र व्यङ्ग्य प्रहार गरेको छ । हरेक मान्छेलाई आफ्नो आर्थिक अवस्थाभन्दा उँचो सान देखाउनुपर्ने विसङ्गत सोचप्रति व्यङ्ग्य गर्न यो निबन्ध सफल छ ।

विदेशबाट फर्कने लाहुरेहरूको अनौठो चरित्रप्रति व्यङ्ग्य गर्दै यस निबन्धले तिनै लाहुरेहरूलाई पात्र बनाएर तिनीहरूको चरित्रलाई प्रस्ट्याउने प्रयास गरेको देखिन्छ । दुःख गरी कमाएको पैसा अनावश्यक ठाउँमा खर्च गर्ने, आफू धनी भएको भाव प्रदर्शन गर्ने, आफ्नो संस्कार र संस्कृति छिट्टै बिर्सेको नक्कल गर्ने आडम्बरीहरूको चरित्रलाई यस निबन्धले पर्याप्त व्यङ्ग्य गरेको छ । जीवन धान्न, परिवार पाल्न, आर्थिक सुधार गर्न

अर्काको देशमा जस्तोसुकै काम पनि गर्ने लाहुरेहरूले आफ्नो वास्तविकतालाई बिर्सेर अनावश्यक आडम्बरमा पैसा खर्च गर्ने र स्वाङ पार्ने प्रवृत्तिले नै उनीहरूको जीवन नाटकीय बनेको हुन्छ भन्ने सन्देश यस निबन्धमा अभिव्यक्त भएको छ ।

व्यङ्ग्यकार सुवेदीका अन्य व्यङ्ग्यनिबन्धहरूमा जस्तै यस निबन्धमा पनि उखानटुक्काको पर्याप्त प्रयोग गरिएको छ । 'तोरी लाहुरे' शब्दावलीको अर्थगत विवेचनाबाट सुरु गरिएको यस निबन्धमा तोरीलाहुरेका विभिन्न अर्थ र इतिहासलाई केलाउने प्रयास गरिएको छ । यसबाट यसको शीर्षक पूर्णरूपमा सार्थक देखिन्छ । वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा आगन्तुक शब्दको प्रशस्त प्रयोग गरिएको छ । कोमल र ललित तत्सम शब्दसँग सन्तुलन मिलाउँदै तद्भव शब्दको उचित प्रयोग गरिएकोले प्रस्तुत निबन्ध चस्स बिभ्ने खालको बनेको छ । मान्छेको आफ्नो हैसियत र यथार्थलाई बिर्सदा विकृति जन्मन्छ र यसले दुःख दिन्छ भन्ने तथ्य यस निबन्धमा व्यक्त भएको छ ।

**(३) इज्जतको घँडो**

भूपेन्द्र सुवेदीको हास्यब्यङ्ग्यसङ्ग्रह 'बिना भुटनको च्वाइँ'मा सङ्कलित 'इज्जतको घाँडो' निबन्ध सामाजिक व्यङ्ग्य निबन्ध हो । सामाजिक प्रतिष्ठा जोगाउनका निम्ति मान्छेले केकस्ता झूट र आडम्बरपूर्ण व्यवहार गर्छ भन्ने कुरा यस व्यङ्ग्य निबन्धमा व्यक्त गरिएको छ । आफ्नो इज्जतको घन्टी आफै बजाएर आफूलाई समाजको प्रतिष्ठित व्यक्ति तुल्याउन हरेक तिकडम गर्ने मानवीय प्रवृत्तिलाई यस निबन्धले मुख्य विषयवस्तु बनाएको छ । आर्थिक रूपमा जतिसुकै विपन्न भए पनि अरूका अगाडि सम्पन्न देखिन चाहनु मानवीय प्रवृत्ति हो । यही मानवीय प्रवृत्तिलाई व्यङ्ग्यको विषय बनाएर लेखकले यस निबन्धमा मान्छेका आडम्बरी व्यवहारको धज्जी उडाएका छन् ।

सिङ्गो मानवसमुदायलाई नै पृष्ठभूमिमा राखेर यस निबन्धमा निबन्धकारले इज्जत जोगाउन मान्छेले गर्ने छलकपट, झूट र आडम्बरलाई प्रष्ट्याउने प्रयास गरेका छन् । मान्छे इज्जतको भोको हुन्छ । ऊ हरेक कार्यमा आफ्नो विशिष्टता खोज्छ । आफ्नो स्थानलाई उँचो राख्न हरसम्भव प्रयत्नशील रहन्छ । यही सत्यलाई निबन्धले उद्घाटन गरेको छ । पाहुना आउँदा छिमेकीकहाँबाट मागेर ल्याएको सिरक पाहुनाकै चुरोटले जलेर उब्जेको समस्यालाई इज्जतको घाँडो भन्दै गृहपति रन्थनिनुबाट निबन्धको शीर्षकले सार्थकता पाएको देखिन्छ । यसमा मान्छेका सार्वजनीन प्रवृत्तिलाई उद्घाटन गर्न निबन्धकार सफल देखिन्छन् । यस निबन्धले अरूका अगाडि प्रतिष्ठित हुन खोज्ने मानवीय संस्कार र परिपाठीप्रति पनि तीव्र व्यङ्ग्य गरेको छ । जसरी पनि अरूका अगाडि

सम्मानित हुनै पर्ने मानसिकताबाट नेपाली समाज ग्रसित छ भन्ने सन्देश निबन्धमा व्यक्त भएको छ । यसप्रकारका विकृतिको चिरफार नै निबन्धको मूल उद्देश्य रहेको देखिन्छ ।

पर्याप्त उखानटुक्काको प्रयोग गरिएको यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । यस निबन्धमा तद्भव स्रोतका शब्दका साथै आगन्तुक र तत्सम शब्दको सन्तुलित प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा चस्स मुटु छुने भाव व्यक्त गर्न निबन्धकार सफल देखिन्छन् । इज्जतका निम्ति मान्छेले गर्ने विभिन्न कार्यलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको यस निबन्धको 'इज्जतको घाँडो' शीर्षक पनि सफल देखिन्छ ।

**(४) प्रतिवादीको मुङ्ग्रे विजय**

'प्रतिवादीको मुङ्ग्रे विजय' निबन्ध भूपेन्द्र सुवेदीको हास्यव्यङ्ग्यसङ्ग्रह 'बिना भुटनको च्वाइँ'मा सङ्कलित व्यङ्ग्यनिबन्ध हो । यस निबन्धमा लडाइँझगडा र त्यसबाट उब्जने तीतो परिणतिको विषयलाई समेटिएको छ । स्वर्गका देवता र मर्त्यका मानिसहरूका बीचको लडाइँलाई कलात्मक रूपले विन्यास गर्दै यस निबन्धमा वाच्यार्थमा देवताका छलकपट र बेइमानीलाई उछिन्दै देवताको खिल्ली उडाइएको छ । व्यञ्जनाका दृष्टिले यस निबन्धमा उच्च वर्ग र निम्न वर्गका बीचको खाडल र त्यसले निम्त्याउनसक्ने विनाशलाई प्रस्ट्याइएको छ । स्वर्गलोकका देवताजस्तै उच्च वर्गका मान्छेहरू पनि बेइमान, जाली, छली, भ्रष्टाचारी एवम् समाजमा आतङ्क फैलाउने काममा खप्पिस छन् र शक्ति र शासनको बागडोर आफ्नो हातमा लिएर आम जनतालई दुःख दिने गर्छन् । त्यसैको परिणामस्वरूप दुःखीगरिबहरू 'संसारका मजदुर एक हौं' भन्ने नारा लगाउँदै धनी र सामन्तहरूका विरुद्ध आन्दोलन चर्काउँछन् । यहाँ धनी वर्गको प्रतिनिधित्व गर्ने ईस्वररूपी विष्णु, शिव, इन्द्र, नारद तथा गरिब वर्गको प्रतिनिधित्व गर्ने बुद्ध चार्वाक, मोहमद, अरस्तु, प्लेटो आदिलाई अगाडि सारेर देवमानवको मुद्धा अन्ततः मानवसमाजका हितमा हुनुपर्छ भन्ने धारणा यस निबन्धमा व्यक्त भएको छ । मुट्ठिभर सामन्तहरूले असङ्ख्य मान्छेका मानवीय भावनामा खेलबाड गर्दै आफ्नो स्वार्थपूर्ति गरिरहेको वर्तमान सन्दर्भलाई विपक्षीहरू धेरै भए पनि सजिलै जितिन्छ भन्ने विचार अभिव्यक्त भएको यस निबन्धको 'प्रतिवादीको मुङ्ग्रे विजय शीर्षक सार्थक छ । प्रतिवादीहरू सङ्ख्यात्मक रूपमा धेरै भए पनि पद र प्रतिष्ठाका कुर्ची समालेर बसेकाहरू अन्ततः राज्यबाट भाग्नुपर्छ भन्ने तथ्यलाई सभाबाट भागेका देवताहरूको स्थितिको चित्रण गरेर स्पष्ट पारिएको छ ।

अन्य निबन्धहरूमा जस्तै उखाटुक्का र उक्तिहरूको सुन्दर प्रयोग गरेर रचिएको यो निबन्धमा पनि आगन्तुक, तत्सम र तद्भव शब्दको सन्तुलित प्रयोग गरिएको छ । चार अनुच्छेदमा संरचित यस निबन्धमा लेखकले कथ्य विषयलाई विश्लेषणात्मक एवम् तार्किक किसिमले प्रस्तुत गरेका छन् ।

**(५) अस्मिताको फुइँले**

निबन्धकार भूपेन्द्र सुवेदीको हास्यब्यङ्ग्यसङ्ग्रह 'बिना भुटनका च्वाइँ'मा सङ्कलित 'अस्मिताको फुइँले' राजनीतिक विषयवस्तुमा आधारित निबन्ध हो । यस निबन्धमा मौकापरस्त अवसरवादी नेताका चरित्रलाई विषयवस्तु बाइएको छ । बलबाहु नाम गरेका कनिके साहुलाई लुच्चो, घमन्डी र असहयोगी नेताको रूपमा यस निबन्धमा चित्रण गरिएको छ । आफ्ना फाइदाका निम्ति जतिसुकै दल बदल्न परे पनि पछि नपर्ने यो नेता चुनावको बेला टिकट नपाएका कारण स्वतन्त्र प्रत्याशी बनेर उपस्थित हुन्छ । तर आफ्नी श्रीमतीले समेत भोट नदिई आफ्नो मात्र भोट पाएको नेता बलबाहु आफ्नो पराजय हुनुमा षडयन्त्र भएको र धोका भएको भनी मतदातालाई सराप्दै आफ्नो बाटो लाग्छ । राजनीतिमा लाग्नेहरू आफ्नो व्यक्तिगत स्वार्थमा नभएर राष्ट्र उत्थानका निम्ति लाग्नु पर्ने र समाजविकासका निम्ति क्रियाशील हुनुपर्ने हो । तर हामीकहाँ यस्तो राजनीतिक महान्ता कहिले देखा पर्ला र नेपालका नेतामा यस खालको चरित्र कहिले देखिएला भन्ने प्रश्न उठाइएको छ । नेताहरू स्वार्थमा अल्मलिएको प्रति रुष्ट भएका निबन्धकार सुवेदी 'अस्मिताको फुइँले' शीर्षकको व्यङ्ग्य निबन्ध लिएर उपस्थित भएका छन् । यसक्रममा नेपलाका नेताहरूको चरित्र कोर्दै निबन्धकार भन्छन् "नामका बलबाहु उपनामका कनिके साहू, पिराहामा राहु सबैसँग थाप्ने दाउ, चित्त नबुझे अरूका मुटुमा पार्ने घाउ ।" साँच्चै नै निबन्धकारले भनेजस्तै नेपाली राजनेताहरूको चरित्र यस्तै खालको देखिन्छ ।

तीन अनुच्छेदमा संरचित अपेक्षाकृत छोटो आयामको यस निबन्धमा परम्परागत रूपमा प्रचलित श्रुतिवाक्यको प्रयोग पर्याप्त देखिन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दको मिश्रित प्रयोग एवम् आकर्षक शैलीमा रचिएको यो निबन्ध सरल र आकर्षक पनि छ ।

**(६) झटारो**

'झटारो' निबन्धकार भूपेन्द्र सुवेदीको 'बिना भुटनको च्वाइँ'मा सङ्कलित छैटौं निबन्ध हो । यस निबन्धमा अनुमानका भरमा ठूलो बन्ने सामाजिक समस्यालाई विषयवस्तुका रूपमा उठाइएको छ । खास गरेर सामानहरूको बेचबिखनका निम्ति गरिने कपटपूर्ण विज्ञापनप्रति तीव्र व्यङ्ग्य गर्दै यसमा विज्ञापनरूपी झटारोले आम

उपभोक्तामाथि परेको प्रभावलाई व्यङ्ग्यात्मक रूपमा केलाइएको छ । जति निम्न स्तरको वस्तु हुन्छ, त्यति नै आकर्षक विज्ञापन तयार पारिएको हुन्छ भन्दै उपभोक्ताले विज्ञापनमा भर पर्नुपर्ने बाध्यताबाट फाइदा उठाउँदै उत्पादक र व्यापारीहरू लाखौँलाख कमाउन सफल हुन्छन् भन्ने लेखकको विचार रहेको छ । यसबाट उपभोक्ता दिनदिनै ठगिँदै जान्छन्, उत्पादक वा व्यापारिहरू झन धनी बन्दै जान्छन् भन्ने तथ्यलाई प्रस्ट्याइएको छ ।

निबन्धकारका विचारमा यस्तो प्रवृत्ति विज्ञापनमा मात्र नभएर सामाजिक जीवनका अन्य क्षेत्रमा पनि विद्यमान छ भन्ने रहेको छ । बाबुछोरा, श्रीमानश्रीमतीका बीच पनि अनुमानका भरमा मौकाको फाइदा उठाउने प्रवृत्ति समाजमा विद्धमान छ भन्ने भाव यस निबन्धमा व्यक्त भएको छ । यसरी जीवनका महत्त्वपूर्ण क्षेत्रहरूमा अनुमानका भरमा फाइदा उठाउनेहरूले सृजना गरेको विसङ्गत अवस्थाप्रति लेखक औधी रुष्ट छन् र त्यसप्रति तीव्र व्यङ्ग्य हानेका छन् । झटारोको शब्दिक अर्थबाट सुरु गरिएको यस निबन्धमा मौकाको फाइदा उठाउनेहरूको चर्तिकला केलाइएको छ । यस निबन्धमा अभिव्यक्त भावसँग शीर्षकको सङ्गतिका कारण शीर्षक सार्थक देखिन्छ । उखानटुक्काको कमै प्रयोग गरिएको यस निबन्धमा अन्य निबन्धमा जस्तै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ र यसको भाषा सरल र सहज बनेको छ ।

(७) **गोरु**

'गोरु' 'बिना भुटनको च्वाइँ'मा सङ्कलित व्यङ्ग्य निबन्ध हो । सामाजिक जीवनमा ज्ञान, विवेक र मानवताको खाँचो हुने र त्यो खाँचोलाई पूरा गर्न शिक्षाको ठूलो महत्त्व हुने कुरालाई यस निबन्धले आफ्नो विषयवस्तु बनाएको छ । समाजमा बुद्धिहीन मान्छेलाई गोरु भनेर पुकार्ने चलन छ । गोरु वस्तुतः मान्छेको चाहना र इसारामा सधैंभरि खट्ने प्राणी हो । बिना ढिपी खुरूखुरु जोत्ने र गाडा तान्नेजस्ता कठिन काम गर्ने गोरुलाई अज्ञानी र मूर्ख मान्छेको पर्याय बनाई गाली गर्नु वास्तवमा गोरुप्रतिको बेइमानी हो भन्ने आशयलाई यस निबन्धले अभिव्यक्त गरेको छ । मान्छेको बेइमानी र फट्याइँलाई विषयवस्तु बनाई मानवीय कमजोरी देखाउन सफल यस व्यङ्ग्य निबन्धमा अपठित मान्छेलाई गोरुको संज्ञाले विभूषित गरेको देखिन्छ । गोरुले जस्तै परिश्रम गर्दा पनि पढ्न नसकेको त्यस मान्छेले कुनै पनि ज्ञान हाँसिल गर्न नसक्दा बाबुले उसलाई मूर्खको संज्ञा दिन्छ । मान्छे आफू काम बिगार्छ तर त्यसको तुलना जनावरसँग गर्छ । वास्तवमा यो मान्छेकै फट्याइँको नमुना हो । अज्ञानी अनपढ मान्छेलाई सोझो र इमान्दार गोरुसँग

तुलना गरेको देख्दा निबन्धकार आक्रोशित बन्दै उनी मान्छे भन्दा गोरु कयौँगुना बुद्धिमान, इमान्दार र भक्त हुने कुरा व्यक्त गर्छन् ।

मानवीय कमजोरीलाई लुकाउन अनेकौँ संज्ञा दिने मान्छेका खराब प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै रचिएको यस निबन्धले मान्छेका भ्रीनामसिना व्यवहारलाई प्रस्ट्याएको देखिन्छ । उखानटुक्काको प्रचुर प्रयोग आलङ्कारिक भाषाशैली र वस्तुवादी दृष्टिकोणको अभिव्यक्तिले गर्दा यो निबन्ध चोटिलो बनेको देखिन्छ । विवेकहीन मान्छेका क्रियाकलापको विवेचना गरिएको यस निबन्धको शीर्षक 'गोरु' सारवस्तुको प्रस्तुतिका दृष्टिले पूर्ण सार्थक छ ।

**(८) आत्महत्याको नाटकमा**

'आत्महत्याको नाटक' निबन्धकार सुवेदीको 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यसङ्ग्रहमा सङ्कलित निबन्ध हो । पारिवारिक विषयवस्तुमा आधारित यस निबन्धमा लोग्नेस्वास्नीको झगडालाई विषयवस्तु बनाइएको छ । ग्रामीण अशिक्षित समाजमा अर्काका कुरा सुनेर अनावश्यक शङ्का गर्दै लोग्नेस्वास्नी झगडा गर्नु सामान्य कुरा हो तर झगडाका लागि खासै निहुँ नचाहिए पनि झगडाको परिणाम भने ठूलै हुन सक्नेतर्फ निबन्धकारले सङ्केत गरेका छन् ।

यस निबन्धकी साँहिलीले छिमेकी ठूलीको नचाँहिदो कुरामा लागेर लोग्नले सौता ल्याउन लागेको भनी लोग्नेलाई सत्तोसराप गर्छे । उता नचाँहिदो आरोप खप्न नसकेर साँहिलाले पनि आफ्नो विवेक गुमाउँछ र दुवै झगडा गर्छन, लड्छन् अनि आत्महत्या गर्न भनी घरबाट हिड्छन् । साँहिली भुईमा खुट्टाले छुने हाँगोमा झुन्डेर मर्न तम्सन्छे भने साँहिलो तिघ्रा पनि नडुब्ने पानीमा डुबेर मर्न खोज्छ तर छोराले बाबुआमाको झगडा मिलाउने प्रयत्न गर्छ । जेसुकै भने पनि आखिर मर्न त कठिन हुन्छ । त्यसकारण दुवै घर फर्कन्छन् र झगडा साम्य हुन्छ ।

दाम्पत्यजीवन सम्झौता र विश्वासमा टिकेको हुन्छ । विश्वास खल्बलिन गएमा परिवार भताभुङ्ग हुन सक्छ । यही वास्तविकतालाई निबन्धले उठाएको छ । दाम्पत्यजीवनको अर्को सत्य "लोग्नेस्वास्नीको झगडा परालको आगो" भन्ने कथनलाई पनि यस निबन्धमा प्रमाणित गर्ने प्रयास गरिएको छ ।

आलङ्कारिक भाषा, चोटिलो हास्य र व्यङ्ग्यको प्रयोग गर्दै रचना गरिएको आख्यानात्मक शैलीको पारिवारिक समस्याको चिरफार गर्न खोजिएको यो निबन्ध व्यङ्ग्य भन्दा बढी हास्य छ ।

(९) **रहरले निम्त्याएको कहर**

'रहरले निम्त्याएको कहर' 'बिना भुटनको च्वाइँ'मा सङ्कलित व्यङ्ग्यात्मक निबन्ध हो । यो निबन्ध सामाजिक विकृति र विसङ्गतिलाई विषयवस्तु बनाएर लेखिएको छ । नितान्त नेपाली ग्रामीण परिवेश र त्यसबाट पैदा भएका समस्यालाई यस निबन्धले उजागर गरेको छ । यस निबन्धमा नेपाली समाजमा दुईवटी पत्नी हुने मान्छेले भोग्ने नियतिलाई पनि छर्लङ्ग पार्न खोजिएको छ ।

प्रस्तुत निबन्ध पनि आख्यानात्मक शैलीमा लेखिएको छ । यहाँ उपस्थित म पात्रको आफूमाथिको दाजुको छोरा जन्मिसकेको र ऊ भन्दा साना दुईवटी बहिनीको समेत विवाह भइसकेकाले उसलाई विवाह गर्न हतार हुन्छ र "बाउले बिहा गर्देनन्, पोर पनि भत्काइदिन्छु बाख्राको खोर पनि" भन्दै अहिले समाजमा चलेको लोकप्रिय गीत गाउँदै हिड्न थाल्छ । यस्तो स्थितिलाई बुझेर बाबुले केटी खोजी उसको विवाह गरिदिन्छन् तर विवाह भएको छ महिनामै श्रीमतीले ध्वाँके छोरो पाउँछे । समाजको लाजले उसले छोरा आफ्नो भएको स्वीकार्छ । त्यसैबेला उसका आँगनमा छोरासहितकी अर्की युवती पनि आइपुग्छे । अब घरको कामको बाँफाँडमा दुईवटी श्रीमतीको झगडा पर्छ र ऊ त्यहाँबाट भाग्न विवश  हुन्छ ।

यसरी "दुई जोइको पोइ कुना बसी रोई" भन्ने उक्तिलाई चरितार्थ गर्ने उद्देश्यले लेखिएको यस निबन्धमा लेखकले नेपली समाजमा रहेको बहुविवाह प्रथा र त्यसबाट जन्मने  समस्यालाई हास्य र व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

तत्सम्, अङ्ग्रेजी र अन्य आगन्तुक शब्दको समन्वित प्रयोग गरिएको यस निबन्धमा उखाटुक्काहरूको प्रयोग पनि गरिएको छ । जम्मा सातवटा अनुच्छेदमा संरचित यस निबन्धको विषयवस्तु शीर्षकअनुसार सुहाउँदो नै देखिन्छ ।

(१०) **नक्कल महात्म्य**

'नक्कल महात्म्य' निबन्ध २०६३ सालमा कर्मचारी मिलन केन्द्र प्यूठानको 'स्वर्गद्वारी' पत्रिकामा प्रकाशित भएको थियो । यो 'बिना भुटनको च्वाइँ'मा पनि सङ्कलित छ । यस निबन्धमा आजका युवा पिँढीले पश्चिमी मूलुकको नक्कल गर्दा आफ्नो मौलिक संस्कृति नै धरापमा पर्ने कुरालाई विषयवस्तु बनाइएको छ । मान्छेले "देखी गर्नु तर देखासिकी नगर्नु" भन्ने उक्तिलाई केन्द्रबिन्दु बनाइएको यस निबन्धमा नक्कल गर्दा मान्छेले भोग्नु परेका विभिन्न समस्याहरू उजागर गरिएको छ ।

आफ्नो देशको मौलिक संस्कृति र आफ्नै शैलीमा बाँच्न चाहने लेखक नक्कलले ल्याएको विकृति र विसङ्गतिप्रति आक्रोशित देखिन्छन् । उनको विचारमा नक्कलले गर्दा सग्लो मान्छे अपाङ्ग भएको छ । नक्कलको महात्मय बुझ्न नसक्दा श्राद्ध गर्ने यजमानले कुटाइ खाएको कुरा यस निबन्धमा प्रस्तुत छ । सभ्यता र शिष्टताका नाममा नातागोतामा पनि विसङ्गति देखिएको छ । नक्कलले शैक्षिक जगत्मा पनि विकृति ल्याएको छ र पढ्ने विद्यार्थी फेल हुने, चिट चोर्ने विद्यार्थी पास हुने स्थितिको सृजना भएको छ भन्दै निबन्धकारले नक्कलले हाम्रा धर्म, सस्कृति, भाषा, कला र पोसाकको हुनसम्म दुर्गति भएको छ भन्ने विचार यस निबन्धमा व्यक्त गरेका छन् । नेपाली वनपाखामा गुञ्जने लोकगीत, सोरठी, पाङदुरे दोहारी तथा रोधीजस्ता मौलिक संस्कृति धाराशायी हुँदै क्लवमा गाइने डिस्को क्याब्रे पपजस्ता पश्चिमी गीतहरूले बलियो प्रभाव पारेका छन् । राष्ट्रिय पोसाकलाई पाखे भनेर खिल्ली उडाउँदै पश्चिमी गोराहरूको नक्कल गर्दा अब नेपालीहरूले चुना र कमेरो घस्नमात्र बाँकी छ भन्दै लेखकले अनुकरणले ल्याएको विकृति र विसङ्गतिप्रति धज्जी उडाएका छन् ।

प्रशस्त अङग्रेजी, संस्कृत, हिन्दी शब्दको प्रयोग गरिएको यो निबन्ध हास्यभन्दा व्यङ्ग्यप्रधान छ । यस निबन्धमा पश्चिमी संस्कृति र त्यसले ल्याएको विकृत मनोदशालाई प्रस्ट्याउन खोजिएको छ । नक्कलबाट आजको युवापुस्ता नै बढी प्रभावित भएको देखिन्छ र यसबाट बेलैमा बच्नुपर्छ भन्ने सन्देश पनि यस निबन्धमा दिइएको छ । आफ्नो जन्मभूमि र जननी स्वर्ग भन्दा ठूला हुन्छन् भन्दै लेखकले यस निबन्धमा देशभक्तिको गीत गाएका छन् ।

### (११) बिना भुटनको च्वाइँ

'बिना भुटनको च्वाइँ' सुवेदीको 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहमा सङ्कलित निबन्ध हो । मान्छेले आफूलाई ठूलो देखाउन हरेक क्षेत्रमा बडम्पन देखाउँछ । समाज, जाति, धर्म र आर्थिक, राजनीतिक, शैक्षिक क्षेत्र सबैतिर भित्रभित्रै खोक्रो बने पनि बाहिर हरेक पाइलामा आडम्बर देखाउने मानवीय स्वभावलाई यस निबन्धले उठाएको छ । छिमेकीलाई मीठो खाएको देखाउन कराइ तताएर भ्वाइँ पार्ने सामाजिक आडम्बरपूर्ण व्यवहार नै यस निबन्धको मुख्य विषयवस्तु हो ।

बाबुका पैसा चोरेर साथीलाई रिझाउने, साथीको उत्तर सारेर एस.एल.सी पास गर्ने यस निबन्धको 'म' ले सम्पत्तिको लोभमा एउटी छोरी मात्र भएको परिवारसँग

वैवाहिक सम्बन्ध गाँस्छ । ससुरालीले पर्याप्त दाइजो नदिए पनि सम्पत्ति मेरै हो भन्ने आशामा बसेको उक्त 'म' पात्र ससुराले पूजा लगाएका बखत खाममा दिएको एक रुपियाँ दक्षिणालाई ससुराको बिना भुटनको च्वाइँका रूपमा स्वीकार्छ । आफै पनि तलुवा फाटेको जुत्तामा मसीले टल्काएको प्रसङ्ग उप्काउँदै निबन्धकार इज्जत ढाक्न आडम्बर देखाउने प्रवृत्तिप्रति प्रहार गर्छन् । नेपाली समाजका हरेक क्षेत्रमा आफूलाई ठूलो देखाउने होडबाजीको चित्र निबन्धले प्रस्तुत गरेको छ । इज्जत राख्नकै निम्ति पाहुनालाई अनेकथरि खुवाएँ भन्न धेरै भाँडामा खाना राख्ने तर पेट भर्नलायक केही नदिने, विदेशिएकाले देशलाई र देशवासीलाई मान्छे नै नगन्ने, मन्दिरको प्राङ्गणमा डिस्को र क्याब्रे नाच चलाउने, विद्यालय हिडेका केटाकेटी प्रेमालापमा मग्न हुने, नेताहरू सधै चन्दामा नै अल्भने आदि प्रसङ्गले देश नै आडम्बरबाट खोको बनेको यथार्थ यस निबन्धमा देखाइएको छ ।

सामाजिक जीवनमा इज्जत सबैभन्दा ठूलो मानिन्छ । तर इज्जत जोगाउनकै निम्ति गरिने कामहरूले सिङ्गो जीवनप्रति व्यङ्ग्य गर्छन् । मान्छेले आफ्नो हैसियतअनुसार काम गर्नु पर्ने हो । आफ्नो यथार्थलाई स्वीकार गर्नुपर्ने हो । तर यस्तो मानवीय क्षमता गुम्दै गएको प्रति लेखकले तीव्र व्यङ्ग्य प्रहार गरेका छन् ।

आख्यानात्मक शैलीमा रचना गरिएको यस निबन्धमा प्रशस्त उखानटुक्काको प्रयोग गरिएको छ । आगन्तुक शब्दको पर्याप्त प्रयोग भएको यस निबन्धको भाषा सहज र सरल छ सङ्ग्रहको शीर्षक नै यसै निबन्धबाट राखिएको हुनाले यस निबन्धलाई यस सङ्ग्रहको प्रतिनिधि निबन्ध पनि मान्न सकिन्छ । नेपाली समाजका सानातिना प्रसङ्गहरूलाई नजिकबाट केलाएर तिनमा देखिएका विसङ्तिलाई उजागर गर्नु यस निबन्धको मुख्य उद्देश्य रहेको छ ।

### (१२) **नेपालीमा बनेको भाते**

'नेपालीमा बनेको भाते' 'बिना भुटनको च्वाइँ'मा सङ्कलित निबन्ध हो । यो निबन्ध प्रथमतः साहित्य परिषद् प्यूठानको मुखपत्र 'सुमन' पत्रिकामा २०५८ सालमा प्रकाशन भएको हो । यस निबन्धमा नेपालीहरूको व्यवहारलाई चिरफार गर्न कोसिस गरिएको छ । भाते भनेर माग्नेलाई गरिने तिरस्कार र अपहेलना समग्र नेपाली जीवनमा नै लागू भएको अवस्थालाई निबन्धकारले देखाउन खोजेका छन् । नेपालीहरू सबै नै माग्ने बन्नपुगेको यथार्थलाई विषयवस्तु बनाई लेखिएको यस निबन्धमा आफूले गर्न नसक्ने वा

नगर्ने र अरूबाट मागेर काम चलाउने प्रवृत्तिलाई भातेको संज्ञा दिइएको छ । सडकबालबालिका र माग्नेहरूलाई प्रयोग गरिने 'भाते' शब्द नेपाली जीवनको अभिन्न अङ्ग बन्न पुगेको तथ्यप्रति लेखकले झटारो हानेका छन् । हामी अरूलाई भाते भन्छौँ तर आफै भतुवा बन्न पुगेको कुरा लुकाउँछौँ । हिड्दा, ठेस लाग्दा ढुङ्गालाई भाते भन्नु, जोत्दा नहिँड्ने गोरुलाई भाते भन्नु सामान्य बनेको छ ।

भातबाट बनेको 'भाते' शब्दको अर्थको परिवर्तनले ल्याएको भिन्नतालाई केलाउँदै निबन्धकारले यहाँ सुन्दर हास्य प्रस्तुत गरेका छन् । एकातिर नेपालीहरूको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक सबै खालको विकासका लागि अरूसँग हात फैलाउने भाते प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य गरिएको छ भने अर्कातर्फ सम्पन्नहरूले खाने भातबाट बनेको भातेको अर्थ परिवर्तनको चिरफार गरी हास्य सृजना गरेर निबन्धलाई आकर्षक बनाइएको छ । हास्य र व्यङ्ग्यको समुचित प्रस्तुतिले यो निबन्ध जीवन्त बनेको छ । समग्र नेपालीलाई अगाडि उभ्याएर विभिन्न पौराणिक कथाहरू मिश्रण गर्दै एवम् वर्णात्मक शैलीभित्र अख्यानात्मक र आत्मपरक शैलीलाई मिसाउँदै यो निबन्ध रचना गरिएको छ । आफ्नो कमजोरीलाई छल्न आफै मूर्ख बन्ने नेपाली प्रवृत्तिको चिरफार यस निबन्धले गरेको छ ।

**(१३) मानसिक अपराधले**

'मानसिक अपराधले' 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहमा सङ्कलित समाजिक विषयवस्तुमा आधारित निबन्ध हो । यस निबन्धमा घरमा श्रीमती हुँदाहुँदै बाहिर चहारी हिड्ने लोग्नेमान्छेलाई उभ्याएर र छोराछोरी जन्माइसकेकी श्रीमतीलाई छोडी सुगठित शरीरकी सालीको रूपप्रति मोहित भएको लपस्तरो भिनाजुको क्रियाकलापलाई यस निबन्धले उदाङ्गो पारेको छ । सालीको रूपसौन्दर्यमा मोहित भएको भिनाजु सालीलाई पाउने आशामा निरन्तर ससुराली धाउँछ । श्रीमतीले शङ्का गर्दा पनि अनेकौँ बहना बनाई ऊ सालीको आशामा ससुराली पुग्छ । सालीको बिहेको टुङ्गो लागिसक्दा पनि नछोड्ने उसको हिम्मतलाई निबन्धमा सुन्दर हास्यका रूपमा प्रस्तुत गरिएको छ । स्वस्थानीब्रतकथाको प्रसङ्ग सम्झँदै विष्णुको छलले सतीदेवीलाई शिवले हात पारेको कथाबाट रौसिएको धूर्त भिनाजु कन्यादानको बेलामा छलले साली आफ्नो पोल्टामा पार्ने दाउ खोज्दै गर्दा मूर्छित हुन्छ । मूर्छाबाट बिउँझदा सबै परिवार रोइरहेका र सालीले बाबुपछिको अभिभावक भन्दै बिलौना गरेको सुन्दा उसको होस खुल्छ र मानसिक रूपले

अपराध गरेको कारण मूर्छित हुने सजाय पाएँ भन्दै घर फर्कन्छ । निबन्धले घरमा श्रीमती हुँदाहुँदै बाहिर चहार्दै हिड्ने लोग्नेमान्छेहरूलाई सचेत हुन र मनमनै राम्राभरिलाई आफ्नो बनाउने मानसिक रोगबाट बच्न सल्लाह दिएको देखिन्छ ।

वर्णात्मक शैलीमा लेखिएको र आख्यानात्मक प्रस्तुति भएको यस निबन्धमा मानसिक रोगका कारण मान्छेहरू अपराध गर्न पुग्छन्, त्यसबाट समयमै बचिएन भने जीवन लथालिङ्ग र भताभुङ्ग हुन सक्छ भन्ने कुरा देखाइएको छ । सुवेदीका अन्य निबन्धहरूमा जस्तै प्रशस्त उखानटुक्का र उक्तिहरूको प्रयोग गरी रचिएको यो निबन्ध व्यङ्ग्यभन्दा हास्यप्रधान रहेको देखिन्छ ।

**(१४) मित्रताको हौवामा**

'मित्रताको हौवामा' 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहमा समावेश गरिएको निबन्ध हो । यस निबन्धमा मान्छेको स्वार्थी प्रवृत्तिलाई केलाइएको छ । हरेक मान्छेले आफ्नो स्वार्थअनुकूल अर्कोलाई सहयोग गर्छ भन्ने कुरालाई यहाँ प्रस्ट पारिएको छ । इष्टमित्र, छिमेकी, साथीभाइ, आफन्त जोसुकै पनि आफ्नो फाइदा नहुने ठाउँमा तर्कने गर्छन, किनभने मान्छेको जात नै स्वार्थी हन्छ । 'छन गेडी सबै मेरी छैनन् गेडी सबै टेडी' मान्छेको खास चरित्र नै हो । काग र सर्पको कथाको प्रसङ्ग जोड्दै धूर्तहरू सधै धूर्त हुन्छन् भन्ने तथ्यलाई पनि निबन्धकारले स्पष्ट पार्न कोसिस गरेका छन् । यस निबन्धको 'म' पात्रले बाबुआमा मर्दा र श्रीमती पोइल जाँदा पाएको दुःखका बेला छिमेकीहरूले गरेको व्यवहारबाट यो कुरा प्रष्ट हुन्छ । सम्पत्ति पाउने लोभले बाबुआमा मर्दा हामी छौँ भनेर सद्भाव देखाउनेहरू सम्पत्ति सिद्धिएपछि श्रीमती पोइल जाँदा पनि फर्केर नहेर्नेहरूको चरित्र प्रस्तुत गरेर निबन्धकारले मित्रता र सम्बन्धहरू स्वार्थसँग जोडिएका हुन्छन् भन्ने कुरालाई प्रस्ट्याएका छन् । विभिन्न जनावरका कथाहरू र आफ्नै जीवनका भोगाइलाई अगाडि सार्दै मित्रता केवल हौवा मात्र हो भन्ने तीतो यथार्थलाई उदाङ्ग पारेको देखिन्छ । मान्छे स्वार्थको पुञ्ज हो, स्वार्थबिना कसैले कसैको कुनै काम गरिदिँदैन भन्ने तथ्यलाई यस निबन्धले अभिव्यक्त गरेको देखिन्छ ।

आख्यानात्मक एवम् वर्णनात्मक शैलीमा रचिएको यस निबन्धमा प्रशस्त उखानटुक्काको प्रयोग गरिएको छ । काग, सर्प, मुसोजस्ता पशुपन्छीहरूको प्रसङ्गलाई अगि सार्दै मान्छेका स्वार्थी प्रवृत्तिको उद्घाट्न यस निबन्धले गरेको छ । मित्रता हौवा मात्र

हो भन्ने सत्यलाई उद्घाटित गरिएको यस निबन्धको शीर्षक 'मित्रताको हौवामा' सार्थक छ ।

### (१५) कर्मान्धको सार्वजनिक खुलापत्र

'कर्मान्धको सार्वजनिक खुलापत्र' 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यसङ्ग्रहमा सङ्कलित सामाजिक निबन्ध हो । यस निबन्धमा धन, बल र प्रतिष्ठाले मात्तिएका मान्छेहरू र उनीहरूले समयक्रममा भोग्नु पर्ने कठिनाइलाई व्यक्त गरिएको छ । यस निबन्धमा सामाजिक जीवनका मर्यादाहरू सामाजिक मूल्यसँग गाँसिएका हुन्छन् र तिनै मूल्य र मान्यताबाट सामाजिक जीवन सुखी, सम्पन्न र आनन्दी हुन्छ भन्ने कुरा देखाइएको छ । यस निबन्धको 'म' पात्र समाजमा रहँदाबस्दा अरूलाई दुःख परेका बेला कहिल्यै सहभागी भएन । अरूलाई दुःख पर्दा १० रुपियाँ पठाएर सहयोग गरेको आत्मरतिमा मख्ख भयो जब स्वयम्लाई दुःख आइपऱ्यो, त्यसबेला सम्पूर्ण गाँउलेहरूले उसलाई बहिस्कार गरेर उसैले देखाएको बाटोमा उनीहरूले १० रुपियाँका दरले सबैबाट रकम सङ्कलन गरेर एकजना प्रतिनिधि मात्र उसकहाँ पठाए ।

निबन्धकार सुवेदीका विचारमा समाज विभिन्न जातजाति, धर्म, वर्ग र सोचका मान्छेहरूको समूह हो । समाजका आफ्नै मूल्यमान्यता र आदर्शहरू हुन्छन् । धनका घमण्डले समाजलाई हेप्नेहरू समाजबाटै बहिष्कृत हुन्छन् यो सामाजिक नियम नै हो । आफूले अरूलाई जस्तो व्यवहार गरिन्छ अरूबाट पनि त्यस्तै व्यवहारको अपेक्षा गर्नुपर्छ । जीवन दुःखसुखको संयोजन हो, जीवनमा न त दुःख नै सधैं टिक्छ न त सुख नै । सुखमा मातिनेहरू दुःखमा साह्रै छट्पाटाउँछन् । सुख र दुःख दुबै अवस्थामा समान व्यवहार गर्न सक्नेहरूको मात्र जीवन सफल हुन्छ । अर्कालाई सहयोग गर्नेहरूले नै अरूबाट सहयोग पाउँछन् । यिनै सामाजिक मूल्यलाई विषयवस्तु बनाइएको यस निबन्धले सबैलाई आफ्ना सामाजिक मूल्य र मान्यताभित्र रहने सन्देश दिएको देखिन्छ ।

प्रस्तुत निबन्धमा कर्मको अन्धो व्यक्तिको चरित्रलाई देखाइएको छ । 'कर्मान्धको सार्वजनिक खुलापत्र' शीर्षक दिएर पत्रात्मक शैलीमा यस निबन्धको रचना गरिएको छ । विभिन्न उखानटुक्का र उक्तिको प्रयोग गरी रचिएको यस निबन्धमा स्थानीय बोलचालको भाषाको प्रशस्त प्रयोग देखिन्छ । यिनै भाषिक विशेषतासहित जस्तो कर्म गरिन्छ त्यस्तै फल पाइन्छ भन्ने सार यस निबन्धले व्यक्त गरेको छ ।

**(१६) आइमाईको चुनौती**

'आइमाईको चुनौती' 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहमा सङ्कलित सामाजिक निबन्ध हो । सामाजिक शोषणको मारमा परेका महिलाहरूको जागरुकता र त्यसबाट त्रसित पुरुषमानसिकतालाई विषयवस्तु बनाएर रचिएको यस निबन्धमा महिलामाथि हुने दुर्व्यवहारलाई प्रस्तुत गरिएको छ । जन्मदेखि नै अपमानित र तिरस्कृत जीवन बिताउन बाध्य महिलाहरूमा जागरण आउन थालेको र त्यसले पुरुषवर्गमा अशान्ति मच्याएको प्रसङ्ग यस निबन्धमा व्यक्त भएको छ । महिलाजागरण अभियानअर्न्तगत 'पुरुषलाई आइमाईको चुनौती' विषयक विचारगोष्ठीमा सञ्चालिकाले विषयप्रवेश गराउँदै बोलेको भाषणलाई यस निबन्धमा विषयवस्तु बनाइएको छ । अनेकौं दुःखकष्ट सहने महिला र तिनीहरू नै हेपिनुपर्ने वर्तमान सन्दर्भलाई चुनौती दिँदै आफ्नो हकअधिकारका निम्ति जुर्मुराएका महिलाहरूको चरित्रलाई यस निबन्धले स्पष्ट पारेको छ । आफूहरू आवश्यकताअनुसार उपभोग गर्ने वस्तुमा परिणत हुनु परेकोमा रोष व्यक्त गर्दै जुर्मुराएर उठेका महिलाहरूको जागरणबाट त्रसित पुरुषहरू सभा नसकिँदै भाग्नुले पुरुषहरूको बेइमानीपूर्ण व्यवहारको पुष्टि भएको देखाइएको छ । देशभरि नै महिला सशक्तीकरण अभियानहरू सञ्चालन गरिएको र ती कार्यहरूले महिलामा उब्जाएको चेतनालाई यस निबन्धले समेटेको छ । पुरुषहरूको अत्याचार समाप्त पार्न इँटको जवाफ पत्थरले दिनुपरेको छ भन्दै उठेका महिलाहरूको विध्वंसात्मक स्वरले महिलाहकभन्दा पनि पुरुषप्रतिको प्रतिशोध बढी छ भन्ने आशय यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् ।

भाषणको शैलीमा प्रस्तुत गरिएको यो निबन्ध वर्णनात्मक छ । महिला सशक्तीकरणका नाममा आउने पैसा पचाउन एन.जी.ओ र आइ.एन.जी.ओ गठन गरी चुरीफुरी देखाउने र जागरणजस्तो गम्भीर विषयलाई पनि भाषणमा र समानताका निम्ति इँटको जवाफ पत्थर खोजेर समाजमा भद्रगोल स्थितिको सृजना गरिएको छ भन्ने व्यङ्ग्य यस निबन्धमा व्यक्त भएको छ । विचार गोष्ठीको शीर्षकलाई नै निबन्धको शीर्षक बनाएर प्रस्तुत गरिएको यस निबन्धको शीर्षकअनुरूप यसमा महिलाका आवाजहरू प्रस्ट मुखरित भएका छन् ।

**(१७) चिकित्सक महोदयाय नमः**

'चिकित्सक महोदयाय नमः' 'बिना भुटनको च्वाँइ' हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहमा सङ्कलित निबन्ध हो । सामाजिक विषयवस्तुमा आधारित यस निबन्धमा निबन्धकारले

चिकित्साजस्तो संवेदनशील र मर्यादित पेसामा लागेकाहरू पैसाको पछि दौडेको देख्दा गम्भीर गुनासो व्यक्त गरेका छन् । चिकित्सक त्यस्तो व्यक्ति हो, जसले हजारौँहजार बिरामीहरूलाई जीवनदान दिन्छ । जीवनमरणको प्रतिस्पर्धामा डटेर उभिई मानवकल्याणमा लागेको पेसाकर्मी जब पैसाको पछि दौडन्छ, त्यतिखेर समाज र देशको नै दुर्गति हुन धेरै बेर लाग्दैन भन्ने धारण यस निबन्धमा व्यक्त गरिएको छ । यस निबन्धले धामीझाक्रीहरू त रूढिको आड लिएर आफ्नो दुनो सोझ्याउनमा नै उद्यत रहन्थे नै तर आधुनिक विज्ञान र प्रविधि बुझेका सचेत डाक्टरहरू पनि पैसाको लोभ र लापरवाहीका कारण मानवजीवनसँग खेलबाड गरिरहेको वस्तुतथ्यलाई यस निबन्धमा देखाउन खोजिएको छ । बिरामी हेरेर त्यसको औषधी-उपचार गर्नुपर्नेमा बिरामीको आर्थिक अवस्था हेरेर आफ्नो मूल्य तोक्ने डाक्टरहरूबाट हाम्रो समाज आक्रान्त छ भन्ने लेखकको टिप्पणी छ । चिकित्सकहरूका कमजोरी, बेइमानी र फट्याइँसँग मानवसमुदाय न लड्न सक्छ न त प्रतिवाद नै गर्न सक्छ । उनीहरूले जस्तोसुकै लापरवहीपूर्ण व्यवहार गरे पनि जनसाधारणका लागि सहनुभन्दा अर्को विकल्प छैन । गलत औषधि दिए पनि वा गलत ठाउँमा चिरफार गरे पनि अथवा ज्यानै गए पनि सहनु भन्दा अर्को विकल्प नभएको दुर्दशाप्रति यस निबन्धले व्यङ्ग्य गरेको देखिन्छ । त्यस्तै सरकारी अस्पतालका डाक्टरहरू आफ्ना निजी क्लिनिकमा पैसा कुम्ल्याउन मरिहत्ते गर्नुले जीवनदान दिने डाक्टरी पेसा नै कलङ्कित बन्न पुगेको गुनासो निबन्धकारको छ ।

सङ्ग्रहका अन्य निबन्धभन्दा अपेक्षाकृत लामो यस निबन्धमा डाक्टरलाई विष्णु, शिव, ब्रह्माको ठाउँमा राखी पूजा गर्नु र आरती उतार्नु बाहेक अरू विकल्प छैन भन्ने व्यङ्ग्यात्मक टिप्पणी लेखकले गरेका छन् । वर्णात्मक शैलीको यस निबन्धमा हास्यभन्दा व्यङ्ग्य बढी सफल देखिन्छ । भगवान्कै स्थानमा पुगेका डाक्टरहरूलाई देवतातुल्य पुज्नुपर्ने नेपाली समाजको विवशतालाई यस निबन्धको शीर्षक ‘चिकित्सक महोदयाय नमः’ ले पनि पुष्टि गरेको छ । अन्य निबन्धमा जस्तै यस निबन्धमा पनि प्रशस्त उखानटुक्काको प्रयोग प्रसस्त गरिएको छ र त्यसले निबन्धलाई जीवन्त बनाएको छ ।

### (१८) जता मल्खु उतै ढल्कु

‘जता मल्खु उतै ढल्कु’ ‘बिना भुटनको च्वाइँ’ हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहमा सङ्कलित सामाजिक निबन्ध हो । यस निबन्धमा लेखकले संसार बलियाको पछि लाग्छ र बलियाले सोझो रूखलाई बाङ्गो भन्दा पनि सबैले ‘हो’मा ‘हो’ मिलाउँछन् भन्ने भाव

व्यक्त गरेका छन् । यस निबन्धमा एउटा सोभ्रो इमान्दार ऋणीले फटाहा साहूबाट पाएको दुःखद प्रसङ्गको चर्चा गरिएको छ । ब्याज तिर्दातिर्दा हत्तुहैरान परेको असामीले खाइ नखाइ अनेक कष्ट गरेर साहूको ऋण तिर्छ, तमसुक च्यात्न लगाउँछ, तर फटाहा साहूले अनेक तिकडम रची अर्को कागजमा सहीछाप गराउँछ र अदालतमा मुद्धा लगाउँछ । उता ऋण तिरेको देख्नेहरू पनि सबैले साहूकै पक्षमा बयान दिन्छन् र सोभ्रो असामी फस्छ । यिनै आख्यानात्मक प्रसङ्गबाट निबन्धकार सुवेदीले सामन्ती व्यवस्थामा हुने छलकपटपूर्ण व्यवहार र षडयन्त्रको पर्दाफास गरेका छन् । सानो स्वार्थले बाँधिएका सबै मान्छेहरू बलकै पछि लाग्छन् यही मानवीय कमजोरी देखाउने उद्देश्यले लेखिएको 'जता मल्खु उतै ढल्कु' शीर्षक सार्थक देखिन्छ । मल्खुतिर ढल्कनेको सङ्ख्या अत्यन्तै धेरै हुन्छ । यहाँ लेखकले सोभ्रालाई साथ दिएर आफ्नो कल्याण नदेख्ने स्वार्थी सामजप्रति तीव्र व्यङ्ग्य गरेका छन् ।

आख्यानात्मक ढाँचामा वर्णनात्मक शैलीको उपयोग गर्दै रचिएको यस निबन्धले मान्छेको स्वार्थी प्रवृत्तिको चिरफार गरेको छ । बेइमानीका अगाडि लड्न थुप्रै बल चाहिने र सोभ्रालाई साथदिँदा समस्या निम्तिने, त्यसकारण बलियाकै पछि लाग्नेजस्ता स्वार्थी प्रवृत्तिलाई अगाडि सारेर समाजमा सामन्ती फटाहाहरूका पक्षमा उभिने जमातको कमी छैन भन्ने यथार्थ कुरालाई यस निबन्धले व्यक्त गरेको छ ।

### (१९) मुती पनि सकैं दैलो पनि देखैं

'मुती पनि सकैं दैलो पनि देखैं' 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहमा सङ्कलित सामाजिक निबन्ध हो । यस निबन्धमा लेखकले पुल्पुलाएर पालिएका एकलौटे छोराछोरीहरू जीवनका साह्रागाह्रासँग परिचित हुँदैनन् र बाबुआमाको लाडप्यारले उनीहरूको चरित्र, आनीबानी सबै बिग्रिएर भताभुङ्ग बन्छ भन्ने धारण व्यक्त गरिएको छ । जब उनीहरूको काँधमा जिम्मेवारी आउँछ त्यसबेला धेरै ढिलो भइसकेको हुन्छ, त्यतिखेर सुध्रने समय बाँकी रहँदैन भन्ने विषय र सन्दर्भलाई यस निबन्धमा समेटिएको छ ।

यस निबन्धको पात्र लोफर गोबरगणेशले पढीलेखी जीवनलाई सत्मार्गमा लैजाने समयमा लफङ्गो काम गर्दै बिताउँछ । अरूले त उसलाई हेपेर भन्ने नै भए तर माया गर्ने बाबुले समेत त्यो छोराको नाम लोफर गोबरगणेश राखिदिँदासमेत उसको चेत फर्किएन । उसका दिन अभ्र फट्याइमा बित्दै गए तर बाबुआमाको मृत्युपछि बेसहारा

बन्न पुगेको त्यो लफङ्गाले समाजबाट अपहेलना दुःखपीडासिबाय अरू केही पाएन । एक्लो छोरो र बाबुआमाको लाडप्यारले पढ्नेलेख्ने र सुध्रने समय पूरै खेरा फालेकाले सो व्यक्तिलाई पछुतो लागे पनि उसको अवस्था 'मुती पनि सकें, दैलो पनि देखें' भन्ने भएको छ । यसरी समयलाई चिन्न नसक्नेहरू र अनावश्यक घमण्ड गर्नेहरू जिन्दगीमा साह्रै ठूलो धोका र दुःख पाउँछन् । त्यसकारण समयको महत्त्वलाई हरबखत सम्झेर समयअनुसार चल्नु नै जीवन सफल पार्ने एकमात्र उपाय हो । नबुझ्नेहरू दुर्गतिमा फसिरहन्छन् भन्ने सन्देश यस निबन्धले दिन खोजेको छ । ग्रामीण क्षेत्रमा चल्ने अलि भद्धा किसिमको 'मुती पनि सकें दैलो पनि देखें' जस्तो उखानबाटै निबन्धको शीर्षकविधान गरी लेखकले जीवनको सार्थकताको बाटो देखाएका छन् ।

(२०) **गफ महिमा**

'गफ महिमा' गफाडीहरूको विषयवस्तुमा आधारित 'बिना भुटनको च्वाइँ' हास्यव्यङ्ग्यनिबन्धसङ्ग्रहमा सङ्कलित निबन्ध हो । मान्छे स्वभावैले कामभन्दा गफ बढी रुचाउने. प्राणी हो । खासगरी नेपालीहरूको गफ गर्ने बानी र प्रवृत्तिप्रति यस निबन्धले तीव्र व्यङ्ग्य गरेको छ । गफले कुनै पनि काम बन्दैन तर पनि मान्छे गफ गर्न पछि पर्दैन । गफ पनि क्षमता र बल हुनेले भन्दा बलबर्कत र क्षमता नहुनेले नै बढी गर्छन । जो मान्छेसँग आन्तरिक क्षमता हुन्छ, उसले आफ्नो विशिष्टता गफबाट होइन कार्यबाट प्रस्ट्याउँछ । गफीहरू आफूलाई विशिष्ट देखाउन, अरूभन्दा जान्ने छुँ भन्ने पार्न पनि गफकै सहायता लिन्छन् भन्दै त्यस्ता कामचोर गफीहरूप्रति यस निबन्धले तीव्र व्यङ्ग्य गरेको छ । गफ गर्नका निम्ति कुनै शैक्षिक प्रभाणपत्र चाहिँदैन र आन्तरिक खुबीको पनि खासै जरुरत पर्दैन, केवल विषयवस्तुलाई आफ्नो अनुकूल पारेर दुनियाँलाई झुक्याउन सके पुगिहाल्छ । यसप्रकारका गफीहरू अनेक वर्ग, जाति र श्रेणीका हुन्छन् भन्दै निबन्धकारले यस निबन्धमा गफीहरूको श्रेणी विभाजन गरेका छन् । यस क्रममा उनले दल बदल्ने नेतालाई प्रथम दर्जाको विद्यावारिधि गरेको, व्यापारी दोस्रो दर्जाको, राष्ट्रसेवक कर्मचारीहरू तेस्रो दर्जाका र त्यस्तै तेस्रो श्रेणीमा उत्तीर्ण भएका ज्योतिषी, शिक्षक, कुमाले, पण्डित, होटलव्यवसायी आदिलाई चौथो दर्जामा समेटेका छन् ।

यसरी समाजका हरेक पेसा, वर्ग, लिङ्ग र जातका मान्छेहरू गफकै भरमा बाँचेका छन् । गफ गर्नुका बदला कर्ममा विश्वास गरेको भए साँच्चै नै समाजले सुन्दर बाटो लिने थियो भन्ने लेखकको विचार छ । आजका नेपालीहरूको दुर्दशाको मुख्य कारण

गफ गरेर कामलाई छल्नु हो भन्ने निस्कर्ष व्यक्त भएको यस निबन्धको 'गफ महिमा' शीर्षक सार्थक छ र यस निबन्धमा लेखकले आलङ्कारिक शब्दावली र उखानटुक्काको प्रयोग गर्दै विषयवस्तुलाई प्रभावकारी रूपमा प्रस्तुत गरका छन् ।

**(२१) ठूलो बन्ने रहरमा**

'ठूलो बन्ने रहरमा' निबन्धकार सुवेदीको हास्यव्यङ्ग्यसङ्ग्रह 'बिना भुटनको च्वाइँ'मा सङ्कलित अन्तिम निबन्ध हो । यो निबन्ध प्रथमतः मधुपर्क वर्ष २९ अङ्क ७ पूर्णाङ्क ३३० मङ्सिर २०५३ मा प्रकाशित भएको थियो । यस निबन्धमा निबन्धकारले आधुनिक समाजमा आफूलाई ठूला साहित्यकार सम्झनेहरूप्रति कडा व्यङ्ग्य प्रहार गरेका छन् । साहित्य, जीवनको दर्पण हो, साहित्यकार यसको शील्पी हो । आधुनिक नेपाली साहित्य जेजस्तो गतिमा अगाडि बढे पनि साहित्यकारहरूमा म ठूलो भन्ने मपाइँत्वको भावना विद्यमान छ र यसप्रति निबन्धकार असन्तुष्ट छन् । यस निबन्धमा त्यही असन्तुष्टिलाई व्यङ्ग्यका रूपमा 'म' पात्रका विभिन्न क्रियाकलाप र उसका सोचाइका माध्यमबाट व्यङ्याग्मक रूपमा प्रकट गरिएको छ ।

'सूर्य नपुगेको ठाउँमा साहित्यकार पुग्छन्' भन्ने परम्परित कथनलाई सम्झेर ठूलो मान्छे बन्ने रहर पूरा गर्न साहित्यमा कलम चलाउने जमर्को गरेको यस निबन्धको 'म' पात्रलाई अन्त्यमा मगज खुस्केको भनी राँची पुऱ्याउने तरखर गरेको देखाएर निबन्धकारले महान्प्रतिभाहरूलाई पागल सम्झी अपमान र तिरस्कार गरिन्छ भन्ने व्यङ्ग्यात्मक टिप्पणी गरेका छन् । यसैगरी साहित्यकारमा हुनुपर्ने आधारभूत गुणहरू नभएका आडम्बरीहरूको चुरीफुरी नेपाली साहित्य जगत्‌को विडम्बना बनेको तथ्यप्रति पनि यस निबन्धमा तीव्र व्यङ्ग्य गरिएको छ । प्रतिभासम्पन्न साहित्यकारहरूका साहित्यिक योगदानको उचित कदर हुनुपर्ने हो । तर उनीहरू अपहेलित र तिरस्कृत छन् । समाजमा उनीहरूलाई केवल पागल सम्झने गरिन्छ भने अर्कातिर कविताको मर्म नै नबुझ्ने कविहरूको सङ्ख्यामा बाहुल्य, दृश्य र अङ्कको ज्ञानसम्म नभएका नाटककारहरू, एउटै पनि राम्रो कथा लेख्न नसक्ने चर्चित उपन्यासकार बन्ने गरेको नेपाली साहित्यजगत्‌को विडम्बनालाई यस निबन्धले केलाएको छ ।

ठूलो बन्ने रहर सबैमा हुन्छ यो मानवीय गुण हो । नेपाली समाजमा ठूलो बन्नका लागि साहित्यतिर लाग्नेहरूको लाम पनि ठूलै देखिन्छ । प्रतिभासम्पन्न भएर साहित्यको सेवा गर्नेहरूको कारणले नै नेपाली साहित्य आजको स्थितिमा आइपुगेको हो । तर पनि

नेपाली साहित्यजगत्मा नामका पछि दौड्नेहरूको कमी भने पक्कै छैन भन्ने लेखकको विचार छ । नाम कमाउने उद्देश्यले नाम चलेका साहित्यकारहरूको चाप्लुसी गरेर भूमिका लेखाउने, समालोचना गराउने वा सभा गोष्ठी गरेर आफ्नो बखान गराउने साहित्यकारहरूप्रति तीखो व्यङ्ग्य गर्दै रचिएको यो निबन्धको शीर्षक सार्थक छ ।

सरल भाषमा अत्यन्तै चोटिला उखानटुक्काको प्रयोग गरी लेखिएको यस निबन्धमा साहित्यिक क्षेत्रमा देखिएका विसङ्तिको चिरफार गर्ने प्रयास गरिएको छ । गहन विषय र सरस प्रस्तुतिले यस निबन्धलाई सङ्ग्रहकै उत्कृष्ट निबन्ध बनाएको देखिन्छ ।

### ४.६.३ निष्कर्ष

'बिना भुटनको च्वाइँ' भूपेन्द्र सुवेदीको चौथो पुस्तकाकार कृति हो । यसको प्रकाशन २०६३ सालमा भएको हो । यो कृति उनका अन्य कृतिभन्दा बढी सशक्त देखिन्छ । मधुपर्क, गोरखापत्रजस्ता विभिन्न राष्ट्रियस्तरका पत्र-पत्रिका र स्थानीयस्तरमा हुने साहित्यिक गोष्ठीहरूमा वाचन गरिएका निबन्धहरू गरी एक्काईसवटा निबन्धहरू यस कृतिमा सङ्गृहीत छन् । उनको यस कृतिमा प्रशस्त उखानटुक्काको प्रयोग गरिएको छ । हास्यभन्दा व्यङ्ग्य भाव प्रधान यस कृतिमा समाजमा व्याप्त विसङ्गति, बेइमानी, फट्याँइजस्ता विकृतिको सरल भाषामा अभिव्यक्त गरिएको छ । प्रशस्त उखानटुक्काको प्रयोगले यो कृति उखानटुक्काको सङ्ग्रहजस्तो देखिन्छ । यो सङ्ग्रह राजनीति, साहित्य, प्रशासन, सामाजिक व्यवहार, धार्मिक आस्थाजस्ता क्षेत्रमा देखापरेका विसमता र विसङ्गतिको चिरफार गर्न यस सङ्ग्रहभित्रका निबन्धहरू सक्षम देखिन्छन् । गहन विषय, सरस प्रस्तुति, सहज भाषाशैलीले सुवेदीको उत्कृष्ट कृति बन्न पुगेको छ ।

# पाँचौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधविषयको परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वाध्ययनको सर्वेक्षण र समीक्षा, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा उपशीर्षक अन्तर्गत शोधको परिचय प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा साहित्यकार भूपेन्द्र सुवेदीको जीवनीको अध्ययन गरिएको छ । जसमा जन्म र जन्मस्थान, शिक्षादीक्षा, पारिवारिक तथा वैवाहिक जीवन, आर्थिक अवस्था, कार्यक्षेत्र तथा आजीविका, रुचि तथा स्वभाव, साहित्यसृजनामा संलग्नता, सृजनाका निम्ति प्रेरणा र प्रभाव, संस्थागत संलग्नता, सम्मान तथा पुरस्कारजस्ता उपशीर्षकअन्तर्गत भूपेन्द्र सुवेदीको जीवनीको अध्ययन गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा भूपेन्द्र सुवेदीको व्यक्तित्वको अध्ययन गरिएको छ । यसमा भूपेन्द्र सुवेदीको शारीरिक व्यक्तित्व र स्वभाव, शिक्षक व्यक्तित्व, साहित्यकार व्यक्तित्व, सम्पादक व्यक्तित्व र समाजसेवी व्यक्तित्वको विवेचना गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा भूपेन्द्र सुवेदीको कृतित्वको अध्ययन गरिएको छ । यस क्रममा उनका ४ वटा पुस्तकाकार कृतिहरू 'उपालम्भ' (खण्डकाव्यः २०५९) 'एक मूल एकाउन्न फूल' (लघुकथासङ्ग्रहः २०६१) 'भावनाका लहरहरू' (कविता र गीतको सङ्ग्रहः २०६२) र 'बिना भुटनको च्वाइँ' (हास्यव्यङ्ग्यसङ्ग्रहः २०६३) को विवेचना गरिएको छ । प्रस्तुत शोधपत्रको उपर्युक्त पछिल्ला तीन परिच्छेदमा गरिएको सम्बद्ध विषयको विवेचनाबाट निम्नबमोजिमका निष्कर्षहरू प्राप्त भएका छन् :

(१) १९९५ सालमा राप्ती अञ्चल प्यूठान जिल्लाको टारीगाउँमा ग्रमीण मध्यमवर्गीय परिवारमा जन्मेका भूपेन्द्र सुवेदीले परिवारमा सानैदेखि पढ्नेलेख्ने अवसर पाएका थिए । विद्यालय तहको शिक्षा पूरा भएकै बेलादेखि उनी शिक्षणपेसामा लागेका थिए । आफ्ना काँधमा पारिवारिक उत्तरदायित्व हुँदाहुदै पनि उनले स्नातकसम्मको पढाइ पूरा गरेका छन् । यसैबीच उनले विद्यालय तहको पढाई पूरा गर्दा नगर्दै सुरुगरेको शिक्षणपेसालाई निरन्तर जारी राखेका थिए । यसबाट उनको पारिवारिक आर्थिक व्यवस्थापनमा पनि मद्दत पुगेकै हो । विद्यार्थी जीवनदेखि नै उनले साहित्यसृजनामा पनि रुचि लिँदै आएका हुन् । तर उनको

सृजनात्मक सक्रियता भने जीवनका उत्तरार्ध बेलामा बढी प्रभावशाली देखिन्छ । सरल र हँसिला स्वभावका भूपेन्द्र सुवेदीको आर्थिक अवस्था सामान्य नै देखिन्छ । जे होस्, उनको हालसम्मको जीवनयात्राबाट उनले आफूलाई मूलतः शैक्षिक एवम् साहित्यकार व्यक्तित्वका रूपमा चिनाएका छन् । यीबाहेक उनी स्थानीय समाजमा परिआउँदा सबैलाई सहयोग गर्ने समाजसेवी व्यक्तित्वका रूपमा पनि परिचित र प्रतिष्ठित छन् ।

(२) २०२० सालदेखि हालसम्म साहित्यसिर्जनामा संलग्न भूपेन्द्र सुवेदीको पहिलो पुस्तकाकार कृति 'उपालम्भ' खण्डकाव्य हो । यस खण्डकाव्यमा समसामयिक सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र धार्मिक क्षेत्रका विकृति, विसङ्गतिर विडम्बनालाई अभिव्यक्त गरिएको छ । यस खण्डकाव्यले समाजका गरिब निमुखाहरूको आभावजन्य जीवनलाई समेटेको छ । नेपाली समाजका धार्मिक सामाजिक, आर्थिक र सांस्कृतिकलगायतका क्षेत्रलाई विषयवस्तुका रूपमा उपयोग गरी लेखिएको यो खण्डकाव्य विभिन्न कदमहरूमा संरचित छ । प्रत्येक कदमलाई बेग्लाबेग्लै उपशीर्षकहरू दिइएको र बेग्लाबेग्लै प्रसङ्गलाई कथात्मकतामा उनेर आख्यानात्मक ढाँचा प्रदान गरिएको प्रस्तुत काव्यमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप्, शिखरिणी, भुजङ्गप्रयात, उपजाति, स्रग्धरा र इन्द्रबज्रा छन्दको प्रयोग गरिएको छ । यस खण्डकाव्यमा कविले वर्गीय सामजिक पीडालाई अभिव्यक्त गरेका छन् । शोषक र शोषितबीचको विभेदपूर्ण सामाजिक संरचनालाई पनि यस काव्यमा देखाउन खोजिएको छ र खण्डकाव्यलाई प्रगतिवादी चेतनाधाराको निकट पुऱ्याएको देखिन्छ ।

(३) भूपेन्द्र सुवेदी लघुआयतनका कथास्रष्टाका रूपमा पनि देखा परेका छन् । उनको 'एक मूल एकाउन्न फूल' (लघुकथासङ्ग्रहः २०६१) दोस्रो पुस्तकाकार कृति हो । प्रस्तुत सङ्ग्रहका कथामा मानवजीवनका विविध खाले विसङ्गतिर विडम्बनायुक्त सत्यलाई उद्घाटित गरिएको छ । लघुकथाका बारेमा पर्याप्त सैद्धान्तिक जानकारी एवम् यसका नवीनतम प्रयोगहरूबाट अप्रभावित भए पनि लघुकथाहरू लेख्नु र तिनको एउटा सिङ्गै सङ्ग्रह नै प्रकाशन गर्नु उनको कथाकारिताको उलेख्य उपलब्धि नै हो । विषयवस्तुमा सीधै प्रवेश गरेर कथ्यविषयलाई सूक्ष्म आयतनभित्र कथाका ढाँचामा झ्वाट्ट भन्न सक्नु उनको लघुकथासृजना सामार्थ्यको द्योतक हो । प्रस्तुत सङ्ग्रहका कथाहरू सामाजिक,

सांस्कृतिक, आर्थिक र राजनीतिक विषयवस्तुलाई आधार बनाएर लेखिएका छन् यस सङ्ग्रहका कथाका शिल्पपक्ष केही फितलोझैँ लागे तापनि उनका कथाले जेजस्तो  कथ्यविषयलाई समेटेका छन् त्यसबाट उनी आदर्शप्रेरित सामाजिक यथार्थका कथाकारका रूपमा देखापरेको पाइन्छ ।

(४) आफ्ना सृजनायात्रामा प्रारम्भदेखि नै कवितासृजनामा लागेका भूपेन्द्र सुवेदीका कविता, गीत, गजल, हाइकु, मुक्तकको सङ्ग्रह 'भावनाका लहरहरू' (२०६२) प्रकाशित भएको छ र यो सुवेदीको तेस्रो पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा उनका समस्यापूर्ति, पद्यकविता, हाइकु, गद्यकविता, गीत, गजल र मुक्तकसमेत समेटिएका छन् । यसमा समेटिएका उनका पद्यकविताहरू प्रायः स्थानीय स्तरमा आयोजित विभिन्न साहित्यिक प्रतियोगितामा पुरस्कृत भएको देखिन्छ । आफ्नै भौगोलिक परिवेश र स्थानीय प्राकृतिक सुन्दरताका भावलाई यस कृतिका कवितामा समेटिएको छ । समस्यापूर्तिदेखि लिएर हाइकुसम्म लेख्न प्रवृत्त कवि सुवेदीले आफ्नो कवितारचनामार्फत मान्छेलाई नैतिक चेतनाको बाटो पनि देखाएका छन् । यस 'भावनाका लहरहरू' सङ्ग्रहमा संरचित सबै रचनाहरूमा छन्द प्रयोगमा सामान्य कमजोरी देखिए तापनि समग्रमा कविले पद्यकवितामा आफूलाई स्थापित गरेका छन् । कुनै कुनै कवितामा स्थानीय प्रकृतिको सुन्दर चित्रण गरिएकाले उनी स्वच्छन्दवादी चेतनाबाट प्रभावित भएको पनि देखिन्छ ।

(५) भूपेन्द्र सुवेदीको हालसम्मको सबभन्दा पछिल्लो पुस्तकाकार कृति हास्यव्यङ्ग्यसङ्ग्रह 'बिना भुटनको च्वाइँ' (२०६३) हो । यस कृतिमार्फत उनी निबन्धकारका रूपमा पनि क्रियाशील रहेको देखिन्छ । स्थानीय स्तरमा प्रचलित अनेक उखानटुक्का र उक्तिहरूको प्रयोग गरेर लेखिएका सुवेदीका यस सङ्ग्रहका निबन्धहरू सामाजिक, आर्थिक र राजनीतिक विषयवस्तुमा केन्द्रित छन् । यी निबन्धहरूमा पनि सुवेदीले सरल तथा रोचक शैलीमा वर्तमान नेपालका राजनीतिक, आर्थिक र सामाजिक जीवनमा देखिएका विकृति र विसङ्गतिप्रति हाँसो उठाउँदै तीखो व्यङ्ग्य गरेका छन् र यसबाट उनी समसामयिक युगका प्रगतिवादीधाराका निबन्धकारका रूपमा पनि चिनिन पुगेका छन् ।

यसरी कथा, कविता, निबन्धजस्ता विधामा कलम चलाएका भुपेन्द्र सुवेदी बहुमुखी साहित्यस्रष्टा हुन् । उनको लेखनी जीवनका उत्तरार्द्धमा अझ सक्रियतापूर्वक मुखरित भइरहेको छ । हालसम्म यिनको सृजनात्मक संलग्नतालाई नियाल्दा यिनी कविता

विधाबाट सृजनातर्फ प्रवृत्त भए र सङ्ख्यात्मक दृष्टिले थुप्रै कविता र एउटा खण्डकाव्य रचना प्रस्तुत गरे तापनि गुणस्तरका दृष्टिले सुवेदीको कवि व्यक्तित्व मध्यम खालको मान्न सकिन्छ । यिनले कथाविधामा रुचि राखेर एउटा लघुकथासङ्ग्रह नै प्रकाशित गरेका छन् र आफ्ना कथामार्फत नेपाली समाजका विविध समस्याहरूलाई उठाएका छन् तापनि विषयवस्तुको प्रभावपूर्ण कथात्मक प्रस्तुतिका दृष्टिले उनका कथा सामान्य नै छन् । साहित्यकार भूपेन्द्र सुवेदीले सृजनात्मक रुचि देखाएको पछिल्लो विधा निबन्ध हो र विषयको विविधता र प्रखर प्रस्तुति एवम् ठट्यौलो र उपहासपूर्ण प्रस्तुतिका कारणले गर्दा उनका निबन्ध प्रभावशाली छन् । उनले सृजना गरेका उपर्युक्त कविता र कथा विधाका सापेक्षतामा उनका निबन्ध बढी शक्तिशाली देखिन्छन् । यसबाट भूपेन्द्र सुवेदी निबन्ध विधामा सापेक्षरूपमा सफल छन् भन्न सकिन्छ । राजधानीबाहिर जन्मिएर त्यहीँ आफ्नो सृजनात्मक गतिविधिलाई निरन्तरता दिंदै आएका भूपेन्द्र सुवेदीले उपर्युक्त रचना/विधामार्फत प्यूठानको साहित्यिक गतिविधिलाई संवर्द्धन गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

# सन्दर्भग्रन्थसूची

## सन्दर्भपुस्तकहरू


अर्याल, भैरव (सम्पा), **साझा कथा**, छैटौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०४८ ।

अवस्थी, महादेव (डा.), **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**, काठमाडौँः एकता बुक्स डिस्ट्रिब्युटर्स्, २०६१ ।

पौडेल, धर्ममान, गोरखबहादुर सिंह : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित शोधग्रन्थ, २०५६ ।

महतारा, बलबहादुर, नेपाली साहित्यमा प्यूठान जिल्लाको योगदान, अप्रकाशित शोधग्रन्थ, २०५७ ।

त्रिपाठी, वासुदेव(डा.), दैवज्ञराज न्यौपाने र केशव सुवेदी (सम्पा), **नेपाली कविता भाग-४** दोस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५३ ।

बराल, ईश्वर(डा.), (सम्पा), **झ्यालबाट**, पाँचौँ संस्करण, काठमाडौँः साझा प्रकाशन, २०४८ ।

बराल, कृष्णहरि, **गीतसिद्धान्त र इतिहास** , काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६० ।

शर्मा, हरिप्रसाद(डा.), **विश्वेश्वरप्रसाद कोइरालाका कथा**, काठमाडौँः साझा प्रकाशन, २०५० ।

श्रेष्ठ, दयाराम(डा.), **पच्चीस वर्षका नेपाली कथा**, काठमाडौँः ने.रा.प्र.प्र., २०३९ ।

सुवेदी, केशव, 'रापतीका कविताः पृष्ठभूमि र परम्परा', मध्यपश्चिमका कविता, काठमाडौँः मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५३ ।

सुवेदी, भूपेन्द्र, **उपालम्भ**, प्यूठान : लेखक स्वयम्, २०५९ ।

सुवेदी, भूपेन्द्र, **एक मूल एकाउन्न फूल**, प्यूठान : सुरेन्द्र सुवेदी, २०६१ ।

सुवेदी, भूपेन्द्र, **भावनाका लहरहरू**, प्यूठान : नरेन्द्र सुवेदी, २०६२ ।

सुवेदी, भूपेन्द्र, **बिना भुटनको च्वाइँ,** प्यूठान : पुष्पेन्द्र  सुवेदी, २०६३ ।

सुवेदी, राजेन्द्र (सम्पा), **स्नातकोत्तर नेपाली निबन्ध भाग-३,** तेस्रो संस्करण, काठमाडौँः पाठ्यसामग्री पसल, २०५६ ।

## सन्दर्भपत्रिकाहरू


अधिकारी, भीम, 'कृति समीक्षा' **माण्डवी** (वर्ष, अङ्क तथा प्रकाशन स्थल, अज्ञात)

गिरी, विष्णु, 'प्यूठानको माटोमा धेरै मलजल गरे भूपेन्द्र सरले', **बुटवल टुडे,** १३ जेठ २०६३ ।

थपा, सूर्य, 'छोटो र चुस्त छ -उपालम्भ', **बुधवार** (वर्ष ८ अङ्क २९) २१ जेठ २०६० ।

शर्मा, पद्मप्रसाद, 'सुवेदीको तेस्रो सन्तान' **युगवोध** (वर्ष, अङ्क अज्ञात) १ असार २०६२ ।

शर्मा, पद्मप्रसाद, 'भूपेन्द्र सुवेदी र बिना भुटनको च्वाइँ', **युगबोध** (वर्ष, अङ्क अज्ञात) १० भाद्र २०६३ ।